मानवको लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

पूर्णाङ्क ३७
असोज २०५८ (October 2001)

- सिमरदही बोक्सी काण्ड : स्थलगत प्रतिवेदन
- गिदीमा भरिएको सामन्तवाद, भूमिसुधार र माओवादीको मौनता
- युद्धविराम : घोषणा र व्यवहार
- महिला विरुद्धको हिंसा र त्यसको अन्त्यको प्रयास

हल्लामा अल्मलिएको भूमिसुधार

मूल्य रु. १०।-

मानवका लागि मानवाधिकार
मानवाधिकारका लागि संयुक्त संस्था

प्राची

वर्ष १०
पूर्णाङ्क ३७
असोज २०५८ (October 2001)

संचेतना द्वैमासिक

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

उप-सम्पादक
आत्माराम शर्मा

आवरण सज्जा तथा ले-आउट
गोविन्द त्रिपाठी

फोटो
आवरण : शालिग्राम तिवारी
विमलचन्द्र शर्मा, इन्सेक

सहयोगी
गीता माली

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं
फोन : २७५६९७

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : २७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

दरबारमा संवैधानिक घेरामित्र बसेको राजतन्त्रलाई देशभरि राजावादी राजनीतिक शक्तिको विऊ रोप्न जगाउन चलफिर गर्न लगाउने जनमतसंग्रह किन चाहिएको हो ? माओवादीले व्याख्या गरेको छैना संविधानले नै जनतालाई सार्वभौम सत्ता सम्पन्न भनेर घोषित गरिसकेपछि त्यससंग बाझ्ने सम्पूर्ण धारा फेर्ने सच्याउने २ त्यति गर्दा पनि नपुगे फेर्ने कुरा गरेको भए धेरैको चित्त बुझ्ने थियो। माओवादीले अघि सारेको यी तीन मागको जनताले सम्मानित जीवनसंग कसरी प्रत्यक्ष सम्बन्ध छ २ ती तीन कुरा पूरा हुनासाथ जे जे कारणले माओवादीले हिंसात्मक आन्दोलन गर्नु पर्‍यो ती कारणहरूको समाधान कसरी हुने भन्ने कुरा पनि बताएको छैनन्।

४

राष्ट्रिय अर्थतन्त्रको विकासले गति लिन नेपालमा क्रान्तिकारी भूमिसुधार गर्नुपर्दछ। भूमिसुधारलाई केवल जमिनको हदबन्दी २ जोत कायम गर्ने जस्ता सीमित विषयमा मात्र केन्द्रित गराइनु हुँदैन। भूमिसुधार गर्दा जमिनको न्यायपूर्ण वितरण गर्ने तथा माटोमा काम गर्ने खनजोत गर्ने व्यक्ति तथा खेतीमा लागेका किसानकै स्वामित्वमा जमिन हुनुपर्दछ। कृषि उत्पादनमा तिव्रता ल्याउन भूमि बाँझो राख्न २ दुरुपयोग गर्न नपाउने "भूमिको सही उपयोग नीति" अबलम्बन गरिनु पर्दछ। भूमिमा रहेको दोहोरो नियन्त्रण प्रणालीको अन्त्य गरिनु पर्दछ।

६

विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री हुँदाको कुरा हो। पुउटा होटलमा पार्टी थियो। उनले मलाई आफ्नो सवारी साधन लिएर आउनु भएको छ कि भनेर सोधे। मैले ल्याएको छैन, नजिकै पर्ने हुँदा हिडेरै आएको हुँ भनें। वीपीले म पुऱ्याई दिन्छु तपाईंसित एकछिन कुरा पनि गर्नुछ भने। कुराकानी गर्ने सिलसिलामा उनले आफूलाई उक्त दिन पार्टीका चारजना मान्छेहरू आएर खुट्टा समातेको २ खुट्टा समात्नेहरूले फलानो खाली पदमा मलाई मिलाइदेउ भनेको कुरा सुनाए।

१३

साथमा

राष्ट्रिय अर्थतन्त्रको विकासमा भूमिसुधारको योगदान- **केशव बडाल** /७
भूमिसुधार : माछो माछो भ्यागुतो- **चेतनाथ आचार्य** /१०
केशव बडाल, जगन्नाथ आचार्य, डा. शिव शर्मा, डा. चैतन्य मिश्रसंगको कुराकानी
क्रान्तिकारी भूमिसुधार किन र कसका लागि ?- **राजेन्द्र गौतम** /१३
मानिसलाई कति जमिन चाहिन्छ ? (रुसी कथा) - **लियो टाल्सटाय** /१५
महिला विरुद्धको हिंसा र त्यसको अन्त्यको प्रयास- **सुजिता शाक्य** /२०
जनताको सेवकले जनतालाई दमन गर्नु हुँदैन- **डा. डिल्लीरमण रेग्मी** /२३
युद्धविराम : घोषणा र व्यवहार- **कृष्ण गौतम** /२५
सिमरदही बोक्सी काण्ड (स्थलगत प्रतिवेदन) /२८
दलित मुक्ति आजको आवश्यकता- **लालबहादुर विश्वकर्मा** /३१
अन्तराष्ट्रिय फौज्दारी अदालत- **प्रकाश ज्ञवाली** /३५
कणाद महर्षि, रञ्जु कार्की, केतना थापा, खुसवू के.सी. का कविता

आतंकवाद चाहिंदैन, युद्धको विभिषिका चाहिंदैन

एघार सेप्टेम्बरका दिन अमेरिकामा आतंकवादको जुन कहर बर्स्यो त्यसले विश्वलाई नै स्तब्ध पारेको छ। एकै दिनको घटनामा सात हजार भन्दा बढी निर्दोष नागरिक आतंकवादको शिकार हुनु विश्व इतिहासमा नै शायद पहिलो घटना हो। यस नरसंहारकारी घटनाका कारण अमेरिकी जनतामा छाएको भय, निराशा र आक्रोसको मनस्थितिलाई अनुभूत गर्न सकिन्छ। र, अपार पीडाको यस क्षणमा अमेरिकी जनताप्रति ऐक्यबद्धता जाहेर गर्नु मानवीय कर्तव्य हुन आउँछ।

यस घटनाका पछाडि ओसामा बिन लादेनको हात रहेको अमेरिकी भनाइ छ र 'प्रमुख शंकास्पद व्यक्ति' को रुपमा लादेनलाई ठहर गरेर युद्धको घोषणा गर्न पुगेको छ। अफगानिस्तानको तालिवान सरकारले विना प्रमाण लादेनलाई अमेरिकासमक्ष सुम्पन अस्वीकार गरेपछि अमेरिकी राष्ट्रपति जर्ज बुशकै शब्दमा 'एक्काइसौं शताब्दीको पहिलो युद्ध' को घोषणा भएको छ। र, एशियाली आकाशमा युद्धको कालो बादल मडारिएको छ।

एउटा सामान्य अभियोगमा समेत त अपराध ठहर गर्न प्रमाण जुटाउनु पर्ने हुन्छ भने ११ सेप्टेम्बरको यतिबिघ्न ठूलो आक्रमणकारी कार्यमा प्रमाण जुटाउनु पर्दैन ? "प्रमुख शंकास्पद व्यक्ति" भन्ने आधारमा नै यथेष्ट प्रमाणविना, युद्धजस्तो विनाशकारी कदम चाल्नु उचित हुन्छ ? एक व्यक्तिसंगको रिसमा लाखौं निर्दोष जनतालाई युद्धको विभिषिकामा होम्नु उचित हुन्छ ? त्यसो भए अमेरिकी घटनामा हजारौं जनताको ज्यान लिने पर्दाभित्रको अपराधी र अमेरिकी शाषकमा भिन्नता नै के रह्यो ? अपराधी पत्ता लगाउने कार्यमा असीम धैर्य र कुटनीतिक प्रयास, पर्याप्त गृहकार्यको आवश्यकता पर्छ कि पर्दैन ? भलै, अमेरिकालाई ध्वस्त पार्ने बिन लादेनको लक्ष्य, ध्वंशात्मक नियत बोकेको उनको अन्तर्राष्ट्रिय नेटवर्क र लादेनकै घोषणा तथा भनाइहरुले वर्तमान घटनामा शंकाको घेरामा लादेनलाई नै तानेको छ। तथापि, कुनै पनि अपराधमा कतै अरु कसैको हात त छैन भनेर छुट्याउनै पर्छ। जस्तो कि सम्झना गराउनु नपर्ला, १९९६ को ओक्लाहोमा बम विस्फोटमा अमेरिकी नागरिककै हात रहेको प्रमाणित भयो र केही महिना अघि मात्र ती अपराधीलाई मृत्यु दण्ड दिइएको थियो। अर्थात् विश्वबाटै आतंकवाद समाप्तिको अठोट गर्ने बुशलाई के थाहा छैन कि आतंकवाद आफ्नै भूमिमा, अमेरिकी समुदायमा नै फल्दो फूल्दो छ ?

तत्कालको झोकमा युद्धको घोषणा गर्ने अमेरिकाको यो कदम प्रत्युत्पादक हुन सक्छ। युद्धको माध्यमबाट आतंकवाद समाप्त हुँदैन। अमेरिका साँच्चै नै आतंकवाद समाप्त पार्न चाहन्छ भने पहिला आफूबाटै यो कार्यको शुभारम्भ गर्नुपर्छ। सी. आई. ए. ले अन्य राष्ट्रमा आतंकवादी समुह जन्माउनु भएन। तिनलाई अमेरिकी भूमिमा प्रशिक्षण दिनु भएन। जनताबीच लोकप्रिय सरकारलाई ढाल्ने र षड्यन्त्रकारीहरुलाई सत्तारुढ गराउने गर्नु भएन। जस्तोसुकै तानाशाही र दमनकारी शासन पनि अमेरिका समर्थक हुँदा प्रजातन्त्रवादी हुने र जस्तोसुकै लोकप्रिय शासन पनि अमेरिका समर्थक नहुँदा आँखाको कसिंगर हुने चिन्तनबाट अमेरिका ग्रस्त हुनु भएन। जनताविरुद्ध प्रयोग हुने हतियार उपलब्ध गराउनु भएन र दमनकारी सत्तालाई अर्बौं डलरको सैनिक सहयोग उपलब्ध गराउनु भएन। बम र बन्दूकको भाषा मात्र बोल्नु भएन। जनआन्दोलनबाट लखेटिएका तानाशाहहरुलाई आफ्नो देशमा शरण दिनु भएन। अमेरिकाले बुझ्नु पर्छ- विश्वका अधिकांश जनता किन अमेरिकाको विरुद्ध छन् ? किन तिनको हृदयमा अमेरिकाप्रति आक्रोश छ ? अमेरिकाको यस्तै हरकतका कारण विश्व जनमत अमेरिका विरोधी रहेको छ। अमेरिकाको विदेश नीतिमा रहेको प्रमुख कमजोरी भनेकै अन्य राष्ट्रका जनतासंग सम्बन्ध बढाउनु भन्दा शाषकलाई काखी च्याप्नु हो र जस्तोसुकै मनपरी गर्न छुट दिन हो। तसर्थ: आतंकवाद समाप्त गर्नु छ भने अमेरिकाले अन्य राष्ट्र र जनताको सवालमा आफ्नो नीतिमा सुधार ल्याउनु पर्छ र वैदेशिक नीतिमा दोहोरो मापदण्ड अपनाउनु हुँदैन।

Operation Infinite Justice अभियानको नाममा युद्धको मुढे नीति अपनाउँदा तत्कालका लागि तालिवान सरकार ढलेर अमेरिकालाई लाभ भए पनि, कुनै तरिकाबाट बिन लादेन मारिएर अमेरिकाको मन हल्का भए पनि आतंकवाद समाप्त हुने वाला छैन। अमेरिकाले बुझ्नुपर्छ- एक लादेनको ठाउँमा अर्को लादेन जन्मन सक्छ।

अमेरिकी संचार माध्यममा तत्काल बिन लादेन र अफगानिस्तान विरुद्ध सैन्य कार्वाही गर्नुपर्ने जनमत प्रवल देखिए पनि ११ सेप्टेम्बरको प्रहारको केन्द्रविन्दु न्यूयोर्कमा नै युद्ध विरोधी जनप्रदर्शनको शुरुवात भएको छ। न्यूयोर्कको मुटु भनिएको टाइम स्क्वायरमा आयोजित प्रदर्शनमा अमेरिकी जनताले युद्धको पक्षमा होइन, शान्तिको पक्षमा आफ्नो आवाज घन्काए। उनीहरुको भनाइ थियो- एक व्यक्ति (लादेन) विरुद्ध अमेरिकाले युद्धको घोषणा गर्नु शरमको कुरा हो। यसैगरी बदलाको भावनाले सैनिक कार्वाही गर्न नहुने भन्दै युरोपका विभिन्न भागमा पनि जनप्रदर्शन भएका छन्।

आजको यस क्षणमा निर्दोष लाखौं अफगान जनता शरणार्थीको रुपमा छिमेकी राष्ट्रमा पलायन हुँदैछन्। जो देशमै रहेका छन् तिनीहरुको शिरमाथि डेमोल्कसको तरवार झुण्डिएको छ। यस अवस्थामा, आतंकवादका साथै युद्धको विरोधमा समेत विश्वव्यापी आवाज घन्काउनु परेको छ। र, भन्नु परेको छ- आतंकवाद चाहिंदैन ! युद्धको विभिषिका चाहिंदैन !!

आउँछौ कि तिमी भनेर

- कणाद महर्षि

फूलको होइन, काँडाको कविता लेखुँला भन्थें
समतलको होइन, डाँडाको गीत गाउँला भन्थें
तिमी विना, मन त्यसै मुर्झायो
साथी-संगति पनि सबै
त्यसै झोक्र्याए, ओइलाए
मेरो मन ! झन-झन पिल्सियो, शिथिलियो
यसरी कति दिन बिताइएला !
म तिमीलाई ओधि सम्झन्छु ।
कष्ट आफैलाई होला यद्यपि म कस्सिन्छु-
काँडाको कवितामा नविन शैली दिन
- तिमी पढ्दै गर !
असजिलो आफैलाई होला तथापि म लम्कन्छु-
डाँडाको गीतलाई नूतन लय दिन-
- तिमी सुन्दै गर !
जतिसुकै विघ्न-बाधाले छेके, रोके पनि
म पर्खन्छु तिमीलाई !
र मलाई पूरा विश्वास छ तिमी आउँछौ,
अवश्य आउँछौ
तार, बार
घाम, पानी
जेले अल्झाए पनि, अड्काए पनि
जेले पोले पनि, भिजाए पनि
सतर्क, सुल्झिएर, फड्किएर
ओझेल पर्दै, ओत लाग्दै
तिमी !
तिमी निसन्देह आउने छौ !
अनि साथी-संगाति, एकै स्वरमा, उन्नति-उमङ्गले
"आउँछौ कि तिमी भनेर दोबाटोमा पर्खेथें"
भन्ने संद्भावहार गीतलाई नयाँ भाखामा गाउँला ।

चावहिल

गिदीमा भरिएको सामन्तवाद, भूमिसुधार र माओवादीको मौनता

- सुबोधराज प्याकुरेल

हाम्रो देश झण्डै ६ वर्षको हिंसात्मक राजनीतिक आन्दोलनको चपेटाबाट मुक्त हुनका लागि शान्तिको व्यावहारिक प्रक्रियामा जान खोज्दैछ। बोलाई र गराईको बीचमा अथवा दस्तावेज र व्यवहारको बीचमा रहेको भिन्नतालाई चिन्न हामीले सकेका रहेनछौं। यो अलमल आजको होइन विगत ६ दशकदेखि कायम थियो। पर्दा च्यातिदैछ, उधिंदैछ। बेसै भयो। शैलजाले स्पष्ट भन्नुभयो- "नेपाली कांग्रेस मध्यम र उच्च वर्गको प्रतिनिधि हो।" प्रमुख प्रतिपक्षको राजनीतिक कार्यक्रम 'जनताको बहुदलीय जनवाद र त्यसको कार्यनीति प्रतिको इमान्दारिता र प्रतिबद्धता व्यवहारमा साबित हुने बेला पनि यही हो। हाम्रो देशको प्रजातन्त्र यतिबेला बैकल्पिक नेतृत्वको प्रसवकालमा छ। भोलिको बी.पी., पुष्पलाल, मदन भण्डारी वा गणेशमान कुन स्वरुपमा उदाउने हुन् थाहा छैन। अस्थीर, के. आई. सिंहको उदय अथवा अर्को भिमदत्त पन्तको नियती पनि दोहोरिन सक्छ।

प्रजातन्त्र विमतीको स्वतन्त्रता हो। सत्ता ठाडो स्वरुपमा माथिबाट तलतिर थिच्दै सञ्चालित हुने गर्छ। प्रजातन्त्र ठाडो नीति र तेर्सो नेतृत्वको आधारमा चल्छ। लेनिनवादीहरुले लेनिनको संगठनात्मक सिद्धान्तको नाममा यसलाई बुझेको हुनुपर्ने हो। राष्ट्रिय स्वार्थको नाममा जनता उपर गरिने दमन र राष्ट्रियताकै नाममा जनताको स्वतन्त्रता खोस्ने प्रवृत्तिका कारण विभिन्न स्वरुपमा निरंकुशता हावी भएको इतिहास विश्वभरि व्याप्त छ। जननिर्वाचित निरंकुशता पनि यही बहानामा लादिने गरेको छ। उत्तर छिमेकमा तिब्बत, दक्षिण छिमेकमा उत्तर पूर्वी राज्य र काश्मीरमा मच्चाइएको राजकीय आतंक यसका ज्वलन्त प्रमाण छन्। हाम्रो देशमा ०४९ सालमा मच्चाइएको रोल्पा, रुकुमका जनता उपरको दमन पनि राष्ट्र र प्रजातन्त्रको रक्षाकै बहानामा गरिएको थियो।

विश्व इतिहास साक्षी छ। खाद्यान्नको अभावको कारणले नै लगभग सबैजसो सत्ता ढले। सम्राट अशोक, अकबर जस्ता लोकप्रिय बादशाहको लोकप्रियताको कारण जनतालाई भोकबाट मुक्ति दिनुमा नै थियो। पछिल्ला उदाहरण लिने हो भने इण्डोनेसियामा सुहार्तोको पतन वा बर्मेली सैनिक शासनको स्थिरता खाद्यको आपूर्ति गर्न नसक्नु र सक्नुका कारण नै हो। मुक्त बजारका प्रणेता अर्थशास्त्री आदम स्मिथले यो कुराको लख काटेर प्रस्थापना लेखे- शिक्षा, स्वास्थ्य र पूर्वाधार राज्यको दायित्व हो। स्टूवार्ट मिल, किन्स जस्ता विद्वानले परिवार, सरकार र समाजबाट प्रत्येक नागरिकले पाउनु पर्ने प्रत्याभूतिका बारेमा लेखे। विश्व अर्थतन्त्रबारे चासो राख्ने जो कोहीलाई थाहा छ- ई.सं. १९१४ को मुक्त बजारको प्रस्थापना नराम्ररी असफल मात्र भएन, विश्व बजारको नांगो होडबाजीकै कारण प्रथम विश्वयुद्ध पनि भयो। विश्व व्यापार संगठन, विश्व बैंक लगायत सबै विश्वस्तरीय वित्तीय संस्थाले सुरक्षा घेरा (Safety Net) वा 'मानवीयता युक्त बजारु Market with Humane face वा मुनाफा र प्रगतिको अर्थ गरीबि निवारण (Poverty Aleviation) त्यसै भनेका होइनन्।

मानिसले परिवार, सरकार र समाजबाट पाउनु पर्ने प्रत्याभूति (Entitlements) का बारेमा चर्चा गर्दा भारतमा नोबेल पुरस्कार विजेता अर्थशास्त्री अमर्त्यसेनको नाम सबभन्दा अगाडि आउछ। संयुक्त राष्ट्र संघले प्रति व्यक्ति आय गणनाको साटो मानव विकासका मापदण्डलाई उनकै कारण अंगिकार गऱ्यो। पाकिस्तानका महबुब हकले विकासमा महिलाको योगदान र स्वामित्वलाई गणना गरेर एउटा विश्व प्रचलन नै चलाए। दलित र जनजातिका बारेमा व्यापक चर्चा चलेको भएता पनि त्यस बारेमा नयाँ प्रस्थापना अगाडि सार्ने अर्को सेन वा हक देखा परेका छैनन्। तर प्रत्याभूतिहरुको विस्तृत व्याख्या भने मानवीयता मात्र होइन मानवअधिकारका दृष्टिकोणले समेत हुन थालेको छ। जस्तै स्वास्थ्यको प्रत्याभूतिको कुरा गर्दा सुरक्षित आवास, प्राथमिक स्वास्थ्य, स्वस्थ्य खाना र स्वच्छ पिउने पानी सबै संग्रहित भएर अभिव्यक्त हुन्छ। किनकि यी चार तत्व नभै मानिस स्वस्थ्य रहनै सक्तैन।

जनसंख्या नियन्त्रणमा सर्वाधिक सफल चीन र भारतको केरला राज्यले अपनाएको नियन्त्रणका विधि बारे छोटो चर्चा गरौं। चीनले "एक दम्पत्ति एक सन्तान" को अभियान चलायो। दम्पत्तिको 'एकमात्र सन्तानु राजकीय क्षेत्रबाट प्राधिकार ठहरिने भयो। उसका लागि उत्कृष्ट शिक्षा, स्वास्थ्य लगायतका अवसरमा प्राथमिकताको वाचा गरियो। राज्यको बजेट नै त्यस्तो भाग्यशाली सन्तानका लागि छुट्याउने अनन्तकालिन बोझ सरकारले बोक्यो। केरलाले नारी शिक्षाको अभियान चलायो। मातृशिशु स्वास्थ्यको लागि गाउँ गाउँमा स्वास्थयकर्मी खटाइयो। शिक्षामा जनसंख्या, परिवार नियोजन लगायतका पाठ्य सामाग्री सामेल गरियो। परिवार नियोजनका साधन सर्वसुलभ पारियो। त्यहाँको भूमिसुधारले सानो आयतनको भूमिमा अधिकतम् श्रम र सामाग्रीको उपयोगद्वारा उत्पादकत्व बढाउने र रोजगारी दिने नीति लिएको थियो। छोरीहरु स्कूल जान थालेपछि स्वत: ढिलो बिहे हुन थाल्यो। शिक्षित दुलहीले परिवार नियोजन गर्ने, ढिलो सन्तान जन्माउने गरिन्। दोब्बर प्रतिफल भयो। शिक्षित आमाले आफ्नो र नानीको राम्रो स्याहार गरिन, मातृ-शिशु मृत्युदर घट्यो। सरकारले रोगीहरुका लागि गर्नुपर्ने खर्चको भार पनि घट्यो। महिलाहरु सामाजिक जीवनको हरक्षेत्रमा अगाडि बढे। यसरी समाज विकासको चक्र सुल्टो घुम्ने क्रम निरन्तर वेगवान बन्यो। कुनै पनि घरमा कोही पनि निरक्षर रहेनन्।

जनपरिचालनको लागि केरलाको जस्तो अझ सुन्दर उदाहरण विश्वभरमा अन्त कतै छैन। त्यसैले मानव विकासका दृष्टिले केरला भन्दा विकसित कल्याणकारी राज्य पनि अन्यत्र बहुत कम छन्। तर थालनी सजिलो छैन। त्यही केरला हो जहाँका मुख्यमन्त्री हुँदा भारतीय कम्युनिष्ट पार्टीका नम्बुदिरीपादले भूमिसुधार लागू गरेबापत जवाहरलाल नेहरु जस्ता उदार प्रधानमन्त्रीले उनको सरकार भंग गरिदिए। त्यहाँ राष्ट्रपति शासन लागू गरियो। तर त्यस यताका सबै सरकारले इमान्दारीपूर्वक नम्बुदिरीपादले थालेको काम लागू नगरी धर पाएनन्। त्यो इतिहासको च[illegible] दशक पछि पनि त्यहाँको राजनीति फरक नीति र प्रक्रियामा जाने होइनकी त्यही लोक कल्याणकारी नीतिलाई राम्ररी लागू गर्ने प्रतिस्पर्धामा जुटेको छ। जनताले मूल्यांकन गर्ने तीन आधारका रुपमा पारदर्शिता, स्वच्छता र छरितोपना स्थापित भएको छ।

जनपरिचालनको लागि केरलाको जस्तो अझ सुन्दर उदाहरण विश्वभरमा अन्त कतै छैन। त्यसैले मानव विकासका दृष्टिले केरला भन्दा विकसित कल्याणकारी राज्य पनि अन्यत्र बहुत कम छन्। तर थालनी सजिलो छैन। त्यही केरला हो जहाँका मुख्यमन्त्री हुँदा भारतीय कम्युनिष्ट पार्टीका नम्बुदिरीपादले भूमिसुधार लागू गरेबापत जवाहरलाल नेहरु जस्ता उदार प्रधानमन्त्रीले उनको सरकार भंग गरिदिए। त्यहाँ राष्ट्रपति शासन लागू गरियो। तर त्यस यताका सबै सरकारले इमान्दारीपूर्वक नम्बुदिरीपादले थालेको काम लागू नगरी धर पाएनन्।

कार्लमार्क्सले पेरिस विद्रोहको समर्थन गर्दा त्यसलाई सुविचारित र सुव्यवस्थित राजनीतिक आन्दोलन भएका कारणले समर्थन गरेका थिएनन्। त्यो आन्दोलनले महिला, श्रमिक, दास लगायत सबैका लागि मतदानको बराबरीको अधिकार मागेको थियो। त्यो आन्दोलनले राज्यकोकोष बारेमा निर्वाचित जनप्रतिनिधिमूलक संस्थाको

हातमा सम्पूर्ण अधिकार हस्तान्तरणको माग गरेको थियो। अक्टुवर क्रान्तिको सफलता पछि लेनिनले नयाँ आर्थिक व्यवस्थाको प्रतिस्थापनाको नीति अगाडि सारेका थिए। माओत्सेतुङ्गले प्रतिपादन गरेको नयाँ जनवादको सिद्धान्त र लेनिनको नयाँ आर्थिक व्यवस्थाका सिद्धान्तहरु दुवै उत्पादन वृद्धितर्फ लक्षित थिए।

समाजवादको अर्थ गरीबिको वितरण होइन। त्यस्तै पूँजीवादको अर्थ हो सृजनात्मक विनास (Creative destruction)। दुवै राजनीतिक दर्शनको प्राथमिक र मुख्य अभिष्ट भनेको उत्पादन शक्तिहरुको सम्पूर्ण क्षमताको अधिकतम उपयोग गर्नु हो। उत्पादन शक्तिले उत्पादनका साधनमा आफ्नो पहुँच र पकड पुऱ्याउन पाएन भने उत्पादन वढ्न सक्दैन। भौतिक साधन उपरको पहुँच र भावनात्मक सुरक्षाको अनुभूति नहुन्जेल मानवीय चेतनाले उन्मुक्त भएर काम गर्न सक्दैन। समाजवादले क्षमता अनुसार काम र काम अनुसार दामको नारा अगाडि साऱ्यो। पूँजीवादले पूँजीको पूर्ण स्वतन्त्रताको अवधारणा अघि साऱ्यो। तर दुवैखाले राजनीतिक सिद्धान्त सृजनात्मक-ध्वंसको जगमा उभिए। उत्पादन वृद्धिको वाटोमा आइपर्ने सवै खाले सामाजिक, आर्थिक, राजनीतिक तगाराहरु भत्काउने कुरामा दुवै राजनीतिक दर्शनको सैद्धान्तिक ऐक्यवद्धता रहेको छ। पूँजीवादको अभिष्ट उत्पादन वृद्धि मात्र रह्यो। यसकारण पूँजीवादको चरम चिन्तन भनेको न्यूनतम राज्य, अधिकतम वजार र कमजोर नागरिक समाज (Minimum State, Maximum Market and Little Civil Society) हो।

समाजवादले पुरानो आर्थिक संरचनाको रक्षकका रुपमा राज्यसत्ता रहेकोले त्यसको ठाउँमा नयाँ संरक्षकको रुपमा अर्कै वर्गको बलियो राज्य सत्ताको कल्पना गऱ्यो। वजार भनौं, व्यापार भनौं वा उद्योग भनौं पेशागत रुपमा आम्दानी खर्च, नाफा नोक्सानको लेखा राख्ने र विश्लेषण गर्ने सारभूत चरित्रको जगमा यो प्रणालीको भविष्य निर्धारण हुन्छ। यसर्थ पूँजीवाद स्वभाविक रुपमा पूँजी निर्माणका अवसरहरुको भूमिलामा चनाखो हुन्छ। आर्थिक विकासलाई सर्वोपरी मान्ने हुँदा आर्थिक विकासलाई वाधा गर्ने सम्पूर्ण क्रियाकलापको विरोधी हुन्छ। उत्पादन वृद्धिका सम्पूर्ण आशय र प्रक्रिया पूँजी निर्माण र परिचालनसंग सम्वन्धित छ। यसर्थ आर्थिक विकासका सवै प्रक्रियामा पूँजीको उपयोग र वृद्धि केन्द्र भागमा नियामक हैसियतले रहनछ र तत्सम्वन्धी प्रणालीलाई पूँजीवाद भनिन्छ।

लेनिनले उत्पादन वढाउने नयाँ योजनालाई नयाँ आर्थिक व्यवस्था भने। माओत्सेतुङ्गले 'नयाँ पूँजीवादु भने। नयाँ वा पुरानो दुवै पूँजीवादको विकासका लागि उत्पादक र ग्राहक, वजार र प्रविधि, पूँजी र सुरक्षा यी तीन संग्रहको आवश्यकता पर्छ। उपलव्ध आधारहरुको पूँजीवादीकरण गर्नुको अर्थ उत्पादन वृद्धिका आधारहरुको सृजना गर्नु हो। समाजवाद वा पूँजीवाद दुवैले आनुवांशिक रवाफका भरमा टिकेको जड कुसंस्कृतिको प्रतिनिधि सामन्तवादलाई नढाली उत्पादनका साधनको अधिकतम परिचालन गर्न वा पूँजीवादीकरण गर्न सक्दैनन्। भौतिक साधन उपर उत्पादक शक्तिको पहुँच र उसमा भावनात्मक सुरक्षाको अनुभूति नहुन्जेल उत्पादनका साधनको परिचालन हुन सक्दैन। त्यसो हुनाले उत्पादन वृद्धि वा उत्पादनका साधनको पूँजीवादीकरणमा बाधक वन्ने शासन र सत्ताधिकारीको अन्त्य भयो। सहमति जनाउने वादशाहहरु संवैधानिक वने र सांस्कृतिक परम्पराका रुपमा रहेका छन्।

अहिले हाम्रो देश नेपालमा भूमि सुधार र सरकार-माओवादी वीचको शान्तिवार्ता चर्चाको शिखरमा छ। क्रान्तिकारी भनिएको भूमि सुधार प्रतिगमनकारी स्वरुपको विधेयकका रुपमा संसदमा लमतन्न परेर प्रस्तावित भएको छ। करीव ८ प्रतिशत जमिन्दारहरुको हातमा ४० प्रतिशत भूमि कैद छ। वडाल आयोगको प्रतिवेदनका आधारमा भूमि सुधार गर्ने वाचा गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले प्रमुख प्रतिपक्षसंग गरेको थियो। देउवाको सरकारले त्यही वाचा पूरा गर्न खोज्दा गिरिजाप्रसादकै कांग्रेस पार्टीले त्यसको सक्दो खेदो र विरोध गऱ्यो। राजा महेन्द्रले २०२१ मा प्रति परिवार २५ विगाहाको हदवन्दी तोकेका थिए। अहिले नेपाली कांग्रेसले प्रति व्यक्ति १०, विगाहाको हदवन्दी तोकेर सरकारलाई निर्देशित गरेको छ। प्रति परिवार सरदर ५ जनाको संख्या रहेको नेपालमा २०२१ सालमा निरंकुश भनिएका राजा महेन्द्रले भन्दा दोव्वर वढी भूमि ओगट्ने अख्तियारी दिएर कस्तो खाले "प्रजातान्त्रिक समाजवाद" को व्याख्या गर्न खोजिएको हो कुन्नी। एउटा अनुमान अनुसार करीव ५ प्रतिशत जमिन्दारहरुसंग मात्र ३ हेक्टर भन्दा वढी भूमि छ। वढी भूमि हरेक वर्ष वाँझो राख्ने परिवार यही हो। यही परिवारसंग घरलौरी सोध्ने हो भने शायदै कुनै घरको नयाँ पुस्ताले खेतिलाई आफ्नो पेशा वनाउने कुरा गर्ला। तर यही वर्ग भूमि सुधारको विरुद्ध संसददेखि सडकसम्म डुक्रदैछ, सिंगौरी खेल्दै छ। सरकारले हर्जाना दिन्छु भन्दा पनि उसलाई चित्त वुझ्दैन। वाढी र सुख्खा, धूलो र गर्मीको तराईमा केही विगाहा माटो थप्न जोगाउन नपाइएलाकी भनेर उसको आन्द्रा पोलिरहन्छ। यसैले भनिएको हो-सामन्तवाद सम्पत्तिमा मात्र होइन गिदी र संस्कृतिमा झनै वढी गाडिएर वसेको हुन्छ। भूमि सुधारको सम्पूर्ण योजनामा हदवन्दीको अंश २० प्रतिशत पनि हुँदैन। भूमि उपभोग, चक्लावन्दी, पूर्वाधार, वजार, उत्पादन विविधीकरण, कृषि उद्यम आदि सम्पूर्ण आर्थिक परिवर्तनका कार्ययोजनाले प्रतिफलको वृद्धिलाई मुख्य मापदण्ड वनाएको हुन्छ। तर अहिले चर्चा केवल हदवन्दीको मात्र भइरहेको छ। यसले पनि सावित गर्छ कि हाम्रो देशमा रुढीग्रस्त सामन्तवाद कति वलियो छ।

८० प्रतिशत भन्दा वढी जनसंख्याको मुख्य पेशाका रुपमा रहेको कृषि प्रणालीमा आमूल परिवर्तन नगरी जनताको जीवनमा परिवर्तन ल्याउन सकिन्न। नयाँ पुस्ताले मनै नगर्ने पेशा कृषि हो। विकसित राष्ट्रमा वृद्धहरुको संख्याको प्रतिशत वढ्दै गएर आपद् परेको छ। तर नेपाल युवा जाँगरकले भरिपूर्ण नयाँ युगको राष्ट्र बन्ने प्रक्रियामा छ। हाम्रो जनसङ्ख्याको ४३ प्रतिशत १५ वर्ष भन्दा मुनिको छ। आउने भविष्यको प्रतिनिधि यो जाँगरिलो पुस्ताले आधुनिक सामाग्री, प्रविधि, यान्त्रीकरण मार्फत् अत्याधुनिक कृषि प्रणाली अपनाउने छ। उसका विस्तारित क्षमताका लागि थोरै जमिन अपुग हुनेछ। आपस्तमा मिलेर भूमिको लालपूर्जा कम्पनीको शेयरमा रुपान्तरण गरेर वा सहकारीकरण गरेर उसले विशाल विस्तारित खेति प्रणाली अपनाउने छ। त्यतिवेला हाम्रो देशमा पनि शायद ५ प्रतिशत भन्दा कम जनसंख्या कृषिमा आधारित होला। र पनि कुने पनि उद्योगको तुलनामा कृषि कम लामप्रद नहोला। तर आजको यथार्थ अर्कै छ।

यान्त्रीकरण गर्न पूँजीको अभाव छ। आधुनिक प्रविधि सिक्न लामो समय लाग्छ। यो वेलामा सानो टुक्रामा गहन कृषि प्रणाली अपनाउनु भन्दा अर्को उपाय हामीसंग छैन। विश्वको अनुभवलाई हेर्ने हो भने जापान, ताइवानदेखि भारतको बंगाल र केरलासम्मको अनुभव यस्तै छ। झण्डै ४० लाख अर्ध र पूर्व वेरोजगार मानिसलाई रोजगारी दिने उपाय पनि यही हो। तर कृषिमा यो रुपान्तरण सदाका लागि होइन। कृषिको आधारशीलामा अर्थतन्त्रका अरु क्षेत्रको विकास गर्दै कृषिवाट अन्य क्षेत्रमा जनताको संलग्नता हस्तान्तरण गर्नु हो। व्यवशायको रुपान्तरण गर्नु हो। यति महत्वपूर्ण कुरामा, साँच्चै भन्ने हो भने मुलुकका नागरिकको आर्थिक जीवनको केन्द्रविन्दुको विषयमा नेकपा (माओवादी) किन मौन छ अथवा यसको विरुद्धमा छ। राजनीति सृजनाको दर्शन हो। वन्दुक, ध्वंशको माध्यम हो। ध्वंश गरेर नव निर्माण गरिन्छ। तर निषेधको निषेध सम्वन्धी नियम वुझेका माओवादीलाई राम्ररी थाहा छ कि प्रत्येक नयाँ निर्माणले पुरानोको आधारशीलामा उभिनु पर्छ। राष्ट्रको आर्थिक आधारशिला कृषि हो। यसको उन्नतिका लागि आमूल परिवर्तनलाई भूमिसुधार वाहेक अर्को उपाय छैन।

नेकपा (माओवादी) ले जनजीविका, न्याय र समानताको लागि भनेर आन्दोलन गरिरहेको छ। नागरिकको जीवनसंग सम्वन्धित सम्पूर्ण समस्याको हलको वैकल्पिक अवधारणाका साथ अगाडि आएको कारण माओवादी आन्दोलनले राजनीतिक आन्दोलनको मान्यता पनि पाएको हो। तर अहिले माओवादीले जम्मा जम्मी तीन कुरालाई मात्र अगाडि सारेको छ। (१) गणतन्त्र, (२) अन्तरिम सरकार र (३) संविधान सभा। गणतन्त्रको भूण पलाइसकेको दावी गर्ने माओवादीले राजनीतिक अस्तित्व र तागत उसका विधिसम्मत अधिकारका कारण हुन्छ, व्यक्तिका वैयक्तिक अवधारणाले सारमा फरक पार्दैन भन्ने वुझेको हुनुपर्ने हो। अन्तरिम सरकार किन चाहियो भन्दा संविधान सभा र राजतन्त्र राख्ने वा नराख्ने वारे जनमत संग्रह गर्न भन्ने तर्क अगाडि सारेको छ। यति कुरा मान्ने सरकारका पार्टी वा सरकार प्रमुखसंग सहकार्य गर्न माओवादीलाई आपत्ति छैन। नेपाल अधिराज्यको संविधानले प्रधानमन्त्री वाहेक अरुका लागि सांसद

हुनुपर्ने वाध्यता राखेको छैन। ६ महिनाको लागि कसैलाई पनि मन्त्री छान्न सकिन्छ। संविधान सभा मार्फत् नयाँ संविधान किन लेख्नु पर्ने र जनआन्दोलनका वाहकहरु र निर्वाचनमा उनीहरुले पाएको मत भन्दा संविधान सभाको निर्वाचनमा उनीहरुले पाउने मत कसरी सारभूत रुपमा फरक हुन्छ भन्ने कुरा माओवादीले बताएको छैन। अनि मुख्य कुरा संविधान सच्चाएर नहुने के के छ भनेर पनि प्रष्ट्याएको छैन।

दरवारमा संवैधानिक घेराभित्र बसेको राजतन्त्रलाई देशभरि राजावादी राजनीतिक शक्तिको विऊ रोप्न, जगाउन चलफिर गर्न लगाउने जनमतसंग्रह किन चाहिएको हो ? माओवादीले व्याख्या गरेको छैन। संविधानले नै जनतालाई सार्वभौम सत्ता सम्पन्न भनेर घोषित गरिसकेपछि त्यससंग बाझ्ने सम्पूर्ण धारा फेर्ने, सच्याउने र त्यति गर्दा पनि नपुगे फेर्ने कुरा गरेको भए धेरैको चित्त बुझ्ने थियो। माओवादीले अघि सारेको यी तीन मागको जनताले सम्मानित जीवनसंग कसरी प्रत्यक्ष सम्बन्ध छ र ती तीन कुरा पूरा हुनासाथ जे जे कारणले माओवादीले हिंसात्मक आन्दोलन गर्नु पर्‍यो ती कारणहरुको समाधान कसरी हुने भन्ने कुरा पनि बताएका छैनन्।

वास्तवमा वहुदल एउटा राज्य संचालनको प्रणाली हो। व्यवस्थालाई जनपक्षीय बनाउने कुराको निर्णायक तत्व प्रणाली होइन। सामाजिक आर्थिक, सम्बन्धलाई न्यायपूर्ण बनाउने सवाल नै अहमं सवाल हो। सामन्तवादी सामाजिक आर्थिक प्रणालीलाई नफेरी प्रगति उन्मुख समाज निर्माण गर्न सकिन्न। सामन्तवादी उत्पादन सम्वन्ध फेर्ने काममा हलचल नगर्ने, परिवर्तित नहुने गरी संविधान कहाँ कहाँ वाधक बनेको छ भन्ने कुनै तर्क प्रस्तुत नगरी खाली फेर्ने मात्र कुरा गर्नुको अर्थ वुझ्न सकिएको छैन। नेपाली नागरिक समाजको चिन्ता अशान्तिका तमाम कारणहरु समाधान हुन्छ कि हुँदैन भन्ने हो। ती निर्दोष मानिसहरु जसले माओवादी वा सरकारी दमन र प्रताडनमा खप्नु पर्‍यो तिनले फेरि यस्तै पीडा भोग्नु पर्छ कि पर्दैन भन्ने हो। बाँच्न पाउने अधिकारको अर्थ सम्मानित जीवन ज्यून पाउने अधिकार हो। स्वतन्त्रताको अर्थ सिर्जनात्मक प्रतिभाको निर्वाध उपयोग गर्न पाउनु हो। यो सम्पूर्ण अधिकारको स्थापना, संरक्षण र विकास स्वतन्त्र मानिसले मात्र गर्न सक्छ। एउटा स्वतन्त्र र सम्पूर्ण मानिसले मात्र अधिकारको लडाई लड्न र जित्न सक्छ। सम्पूर्ण मानवताको पहिलो शर्त विचार, संगठन र अभिव्यक्तिको प्रभावकारी अख्तियारीले युक्त मान्छे हो। उत्पादन र वितरण, सरकार र प्रजातन्त्रको अन्तर सम्वन्ध यिनै कुराले प्रमाणित गर्छ। यो अन्तर सम्वन्ध असन्तुलित हुँदा प्रजातन्त्र भिडतन्त्रमा र उन्नती अमानवीयतामा रुपान्तरित हुन्छ। भारत सरकारको गोदाममा ६० लाख टन अन्न छ तर २ लाख टन अन्न नपाएर ६ वटा राज्यमा भूकमरीका कारण हजारौं मानिस मरिरहेका छन्।

नेपाली जनताका यस्ता अधारभूत समस्याका वारेमा देशका सवै राजनीतिक दलहरुले गम्भीर वन्नु पर्छ। व्यावहारिक र उदार समाधान खोज्नु पर्छ। र मेरो गोरुको वाह्रै टक्का भन्ने जिद्दी त्याग्नु पर्छ।

मानवअधिकार

रञ्जु कार्की
कक्षा : १०
लोटस बोर्डिङ्ग स्कूल, बखुण्डोल

एउटा झुप्रो
एउटा गोठ र
एकमेलो करेसाबारीहरु
एउटा पाठशाला म र साथीहरु,
आकाशभरि केही परेवाहरु उडाएर।

छायाँभरि सित्तल जीवन
झुप्रो भरि न्यानो जीवन
कलम, कापी र किताबहरु
पाठशालाभरि फुल जीवन।

तर मनहरु दुःखेको यो समय
म हिंड्दा हिंड्दै बाटोहरुमा-पुलहरु एक्कासी भत्किएको समय
म लेख्दा लेख्दै पानाहरुमा-पानाहरु फुत्त थुतिएको समय
म बोल्दा बोल्दै मुखहरु- ट्याप्पै टालिएको समय
खाँदा खाँदै गाँसहरु
सुन्दा, सुन्दै कानहरु
म बाँच्दा बाँच्दै जीवन
जिन्दगी (खारा) प्रतिबिम्ब बाँचेको समय
कादो गरिएका गराभरि सुकेका आलीहरु
आलिभरि गंगटाका हाडखोरहरु-
तिखा तिखा/धारिला धारिला
यो निकोटिनभरि लोडसेडिङ्ग मातिएको समय
यो लोडसेटिङ्ग भरि निकोटिन मातिएको समय

आऊ
तिमी म र हामीहरु
सबैको भागमा एक टपरी अन्नहरु
एक सारो कपासहरु
एक गेडो औषधिहरु
जीवन चोइटा चोइटा
चोइटिएर कहिल्यै बाँच्दैन
जीवन लाम्टालाम्टा, चुडिएर कहिल्यै हाँस्दैन
जीवन त,
निश्छल स्वयंभुका दुई आँखाहरु हुन्
बुढले उडाएका परेवाहरु हुन्
म तिनै परेवाको छायाँ भरिभरि फम्परवारीहरु
भरिभरि
धेरै न्याना झुप्राहरु
धेरै गोठ र करेसाबारीहरु
धेरै पाठशालाहरु र
धेरै धेरै साथीहरु
जन्मदै आमाको न्यानो काख-अधिकार
पटेभरि पोषिलो भात-अधिकार
आङ भरि एकसरो कपास-अधिकार
किताब कलम र कापी-अधिकार
समग्रमा
एउटा सुन्दर जीवन हो मानवअधिकार
एउटा सुकिलो जीवन हो मानवअधिकार
एउटा सुकिलो एउटा सग्लो एउटा सुन्दर
मानव जीवनको आधारभूत आवश्यकता हो मानवअधिकार

हो यही हो मानवअधिकार
हो यही हो मानवअधिकार।

(१९ श्रावण २०५८ मा मानवअधिकार शिक्षा रेडियो श्रोता क्लवद्वारा ललितपुरमा आयोजित कविता प्रतियोगितामा प्रथम)

राष्ट्रिय अर्थतन्त्रको विकासमा भूमिसुधारको योगदान

केशव बडाल

नेपालको आर्थिक विकासको मूल आधार ग्रामीण अर्थतन्त्र भएकोले यसको विकास बिना देशको विकास सम्भव नै हुँदैन। कूल जनसंख्याको ९० प्रतिशत मानिसहरु गाउँमै बस्छन्। जम्मा जनसंख्याको ८१ प्रतिशत जनता कृषि क्षेत्रमै निर्भर रहने हुँदा प्रथमत: गैर कृषि क्षेत्रको विकासको गति तिव्र पार्न पनि कृषि अथवा ग्रामीण क्षेत्रको विकासबिना सम्भव देखिदैन। जुद्ध शमशेरका पालादेखि आजसम्म बनेका सबै सरकारहरुले "नेपालको औद्योगिक विकास गर्नु पर्दछ" भनेर बारम्बार दोहोऱ्याउँदै आएपनि मुलुकले औद्योगिक विकासको त के यसले प्रारम्भिक गोरेटो पनि कोर्न सकेकोछैन। फलस्वरुप कृषि क्षेत्रमा रहेको विशाल बेरोजगारी समस्यालाई यसले समाधान गर्न सकेको छैन। उदाहरणको रुपमा हालसम्म पनि औद्योगिक क्षेत्रले तीन लाखभन्दा वढी मानिसहरुलाई रोजगार दिन नसकेको तथ्यगत यथार्थतालाई अघि सार्न सकिन्छ। सोच्नुपर्ने मूल विषय के हो भने औद्योगिक क्षेत्रले तीन लाखभन्दा वढी मानिसहरुलाई रोजगार दिन नसकेको तथ्यगत यथार्थतालाई अघि सार्न सकिन्छ। सोच्नुपर्ने मूल विषय के हो भने, औद्योगिक र सबै आर्थिक क्रियाकलापको विकासको लागि जनतामा न्यूनतम क्रयशक्तिको आवश्यकता पर्छ। ग्रामीण क्षेत्रका जनताको क्रयशक्ति र उपभोग क्षमताको विकास गर्न कृषि विकासमा तीव्रता ल्याउन अनिवार्य छ। ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलापका हर क्षेत्रलाई चलायमान पार्नका लागि कृषि क्षेत्रका अनेकौं विसंगति र समस्याको निराकरण हुनुपर्दछ। यसको लागि प्रथमत: ग्रामीण जनतामा थोपरिएको सामन्ती शोषण, दमन र उत्पीडनको अन्त्य गरिनु पर्दछ। यसका अतिरिक्त उत्पादनका साधनविहिन भूमिहीन किसान र अत्यन्त थोरै जमिन भएका किसानलाई जमिनको मालिक बनाउनै पर्ने हुन्छ। हाम्रो देशमा भूमिहीन किसान र ०.२ हेक्टरभन्दा घटी जमिन भएका किसान परिवारको संख्या १० लाख छ। यिनै परिवारभित्रको ५५ लाख जनसंख्या मध्ये २० लाख काम गर्ने उमेरको जनशक्ति छ। यो शक्ति बाह्रै महिना खेतवारीको काममा लागिरहने श्रमशक्ति हो। तर विडम्वनाको कुरा के हो भने, राज्यले लगानी गर्ने हर तरहको सुविधावाट यो शक्ति बंचित छ। उदाहरण दिएरै भन्ने हो भने राज्यले सिंचाईका लागि वार्षिक लगभग ४ अरव खर्च गर्दछ, जमिन नहुनेलाई यसको लाभ पुग्दैन। रासायनिक मलमा अनुदानस्वरुप राज्यले लगभग १ अरव खर्च गर्दछ, भूमिहीन र अत्यन्त थोरै जमिन हुनेको लागि यसले केही लाभ पुऱ्याउदैन। भूमिहीन गरीव किसान परिवारका जनताहरु उच्चशिक्षामा जान पनि सक्तैनन्। शिक्षाका लागि राज्यद्वारा गरिएको लगानीको उपभोगवाट पनि यो वर्ग वंचित छ। राज्यले लगानी गर्ने प्राय: सवै सामाजिक, आर्थिक विकासको प्रतिफलवाट वंचित यो वर्गका लागि गैर कृषि क्षेत्रमा रोजगार पाउने सम्भावना पनि छैन। किनकि यो वर्ग अनुभव, तालिम, प्रशिक्षण र शिक्षाका सवै क्षेत्रवाट वंचित छ। यस्तो अवस्थावाट यो वर्गलाई उठाउने ठोस कार्यक्रमविना देशको अर्थतन्त्रको विकासले गति लिनै सक्तैन। यसर्थ राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ पारी यस जनशक्तिलाई स्वाभिमानपूर्वक बाँच्ने तथा शिर ठाडो पारेर अघि बढ्ने आधारहरुको सृजना गरिनु पर्दछ।

राष्ट्रिय अर्थतन्त्रको विकासले गति लिन नेपालमा क्रान्तिकारी भूमिसुधार गर्नुपर्दछ। भूमिसुधारलाई केवल जमिनको हदवन्दी र जोत कायम गर्ने जस्ता सीमित विषयमा मात्र केन्द्रित गराइनु हुँदैन। भूमिसुधार गर्दा जमिनको न्यायपूर्ण वितरण गर्ने तथा माटोमा काम गर्ने, खनजोत गर्ने व्यक्त तथा खेतीमा लागेका किसानकै स्वामित्वमा जमिन हुनुपर्दछ। कृषि उत्पादनमा तिव्रता ल्याउन भूमि वाँझो राख्न र दुरुपयोग गर्न नपाउने "भूमिको सही उपयोग नीति" अवलम्वन गरिनु पर्दछ। भूमिमा रहेको दोहोरो नियन्त्रण प्रणालीको अन्त्य गरिनु पर्दछ। सिंचाइलाई युद्धस्तरमा विकास गरी सिंचाई सुविधा पुग्ने हरक्षेत्रमा यसलाई पुऱ्याइनु पर्दछ। प्रत्येक गाउँमा कृषि सडक पुऱ्याउनै पर्दछ। उत्पादित वस्तु वजारसम्म पुऱ्याउन आवश्यक किसानमुखी "सहकारी वजार व्यवस्था" लागू गरिनुपर्दछ। "कृषि उद्योगको विकास" का लागि वृहद् प्रयास गरिनु पर्दछ। यसरी भूमिको न्यायपूर्ण वितरण, कृषिको विकास, उत्पादन, वितरण, वजार आदि हरक्षेत्रलाई योजनाबद्ध ढंगले विकास गर्न प्रमुख उत्पादन शक्तिको रुपमा रहेका ग्रामीण कृषिक तथा सम्पूर्ण श्रमजीवी किसानलाई उत्साहका साथ निरन्तर काममा लागरहने वातावरणको सिर्जना गर्नुपर्दछ। भूमिसुधारको वास्तविक उद्देश्य तथा यसको मूल दिशा उल्लिखित

विषयमै केन्द्रित हुनुपर्दछ। यसअघि भूमिसुधारको व्यवस्था र कार्यान्वयन पक्ष मात्र होइन, यसको नीतिगत अवधारणामा नै उक्त कुराहरु रहेका देखिदैनन्।

आर्थिक विकासको महत्वपूर्ण पक्ष नयाँ हदबन्दीको निर्धारण

हालको हदबन्दीलाई वैज्ञानिक दंगले परिवर्तन गर्नु पर्दछ। नयाँ हदबन्दी र अन्य उपायबाट कम्तिमा ३ लाख हेक्टर अर्थात् ६० लाख रोपनी जमिन प्राप्त गरी भूमिहीन र अत्यन्त न्यून ०.२ हेक्टरभन्दा घटी जमिन भएका १० लाख ग्रामीण कृषिक परिवारलाई जमिन उपलब्ध गराइनु पर्दछ। यसले गर्दा उत्पादनका साधनविहीन नेपाल आमाका असहाय जीवन बाँच्न विवश सन्तानले उत्साहका साथ उत्पादनमा भाग लिने तथा उनीहरुको जीवनस्तर उठाउने वातावरण वन्न सक्छ। यो वर्गमा जव क्रयशक्ति वढ्छ, उपभोग क्षमता वढ्छ, साथै आत्मविश्वास, उत्साह र जाँगर पनि वढ्छ। अनि कृषि र गैर कृषि क्षेत्रको आर्थिक क्रियाकलापले तिव्र गति लिन थाल्छ। आर्थिक उन्नतिका हरेक अवसर र परिणामले स्वभावत: मान्छे सचेत, जागरुक तथा हक अधिकारप्रति दृढ र संघर्षशील हुँदै जान्छ। फलस्वरुप उत्पादनका विविध अवसर र सम्भावनाहरुको खोजी हुन थाल्छ। अर्थात् कृषि व्यवसायका साथै उद्योग, व्यापार र सेवा क्षेत्रका विभिन्न वैकल्पिक अवसरहरु सिर्जना हुन थाल्दछन्। यसर्थ नयाँ हदबन्दी व्यवस्थाले हदबन्दीभन्दा वढीको जमिन उपलब्ध हुने मात्र होइन, भूमिको अधिकतम सदुपयोग तथा उत्पादन वृद्धि गर्नुका साथै गैर कृषि क्षेत्रको विकासका पूर्वाधारहरुको सिर्जना हुँदै मुलुक औद्योगिक दिशामा समेत अघि बढ्दै जान्छ।

अर्थतन्त्रको विकासमा भूमिमाथिको दोहोरो नियन्त्रणको अन्त्य

नेपालमा हालसम्म दर्ता भएका मोहीको संख्या ३ लाख ७५ हजार परिवार र उनीहरुले चर्चेको जमिन २ लाख ७० हजार विघा छ। मोहियानी दर्ता हुनुपर्ने आधार वनेको तर मोहियानी दर्ता नभएका परिवार संख्या पनि त्यति नै भएको अनुमान छ। सरसर्ती हेर्दा देशको कूल जनसंख्यामा यो संख्या त्यति धेरै नभए पनि मोहियानी प्रथा अथवा दोहोरो नियन्त्रण प्रणालीले गर्दा भूमिको उत्पादकत्व र उपयोगको क्षेत्रमा व्यापक रुपमा नकारात्मक असर परेको कुरा यस सम्वन्धी अध्ययनले देखाएको छ। देशको खेती गरिएको कूल भूमिमध्ये झण्डै २० प्रतिशतदेखि २५ प्रतिशतसम्म भूमि उत्पादन कार्यमा राम्रोसंग उपयोग नभएको स्थिति देखिन्छ। कतै वर्षैभरि वाँझो रहने, कतै वर्षको ३ वाली लाग्ने ठाउँमा एक वा दुई वाली मात्र लगाइने र वाँकी समय वाझै वस्ने गरेको छ। पूर्ण वाँझो तथा आंशिक वाँझो रहने जग्गालाई सालाखाला मिलाएर विश्लेषण गर्दा वर्ष भरिमा कूल खेती गरिएको भूमिको झण्डै २० प्रतिशतदेखि २५ प्रतिशतसम्म वाँझो रहेको पाइन्छ। जमिन भएको तर आफैले खेती लगाउन नसक्ने परिवारले ज्यालामा अरुलाई काममा लगाएर खेती गराउँदा नाफा नवस्ने तथा अर्कालाई कमाउन दिंदा मोहियानी हक दिनुपर्ने भएकोले आमरुपमा जमिन वाँझो राख्ने प्रचलन वढ्दै गएको छ। यसरी वाँझै राख्दा पनि जमिनको मूल्य वृद्धिले गर्दा जग्गा वेचेर वैंकमा राख्ने वा अरु क्षेत्रमा लगानी गर्दाको भन्दा पनि जमिनवाट वसीवसी लाभ हुने भएकोले बाँझै भए पनि जमिन राख्ने प्रचलन रहेको छ। यसरी जमिन बाँझो राख्दा हालको मूल्यमा वार्षिक कूल ग्राहस्थ उत्पादन २ खरव ग्राहस्थ उत्पादनमा कृषिको योगदान १२ खरव हुन्छ। यसको २० प्रतिशत जमिनको उपयोग नभई वाँझो रहँदा वार्षिक २० अरबदेखि २५ अरवसम्मको राष्ट्रिय उत्पादनमा ह्रास आएको छ। यसर्थ दोहोरो नियन्त्रण प्रणालीलार्य पूर्ण रुपमा हटाउने र जमिनको पूर्ण उपयोग गर्ने आधार विकास गर्ने खालको भूमिसुधार कार्यक्रम लागू गरियो भने कृषिको उत्पादन तथा राष्ट्रिय आयमा वृद्धि हुनेछ। यसले स्वाभाविक रुपमा नेपालको राष्ट्रिय अर्थतन्त्रको विकासमा उल्लेखनीय योगदान पुग्नेछ।

अर्थतन्त्रको विकासमा जोतको आकारको भूमिका

नेपालमात्र होइन, दक्षिण एशियाकै कृषिको उत्पादकत्वको अध्ययन गर्दा ठूला किसानको भन्दा साना किसानको प्रति इकाई उत्पादन बढी भएको पाइएको छ। ठूला ठूला जोतको आकार भएकोमा भन्दा साना जोतको आकार भएका किसानले प्रति इकाई वढी उत्पादन गरेको पाइएको छ। यसकारणले पनि नेपालको वर्तमान हदवन्दीमा व्यापक कटौती गरी जोतको आकार घटाउनु उत्पादकत्व वृद्धिका लागि आवश्यक र अनिवार्य कदम मान्न सकिन्छ। हाम्रो देशको कूल खेतियोग्य जमिनको सवैभन्दा उत्पादनशील र उपयुक्त ठाउँका खेतवारीहरु कूल खेती कार्यमा लागेको किसानमध्येको १.५ प्रतिशत र जमिन्दारको अधिनमा लगभग १५ प्रतिशत जमिन केन्द्रित छ। यस्तो जमिनले जति उत्पादन यो सरकारलाई दिन सक्दथ्यो त्यसको ६० प्रतिशत मात्र दिइरहेको छ। कृषि विकासलार्य द्रुततर ढंगले अघि वढाउन चाल्नुपर्ने तमाम कदम नचालेकै हुनाले उत्पादनको ६० प्रतिशत मात्रै उत्पादन हुन पुगेको छ। जोतको आकार ठूलो भएको हुनाले र भूमिको उत्पादकत्वलाई वढाउन आवश्यक व्यवस्थापन नभएकै कारणले पनि अरवौंको उत्पादन घटेको छ। यसमा मात्र ध्यान दिन सक्दा पनि उत्पादन बढ्नेछ र आर्थिक विकासमा गति आउने निश्चित छ।

राष्ट्रिय अर्थतन्त्रको विकासमा चक्लाबन्दीको असर

हरेक नेपाली किसान "एक परिवारको एक कित्ता" जमिन होस् भन्ने चाहना राख्छन्। आफ्ना छरिएर रहेका जमिनलाई एकै चक्लामा मिलाउन सके खेती गर्न, हेरचाह गर्न, सिंचाई गर्न, वाली लगाउन, भित्र्याउन धेरै सजिलो पर्दछ। तर २७ लाख किसान परिवार भएको हाम्रो देशमा १ करोड ८ लाख कित्तामा जमिन विभाजित छ। एक जग्गावाला र अर्कोवीच सहमतिका आधारमा विशेष अभियानका साथ चक्लावन्दी कार्यक्रम संचालन गर्ने हो भने यसवाट किसानको लागत कम, उत्पादन वढी, व्यवस्थापन कार्यमा सरलतासमेत हुने हुँदा कृषि उत्पादनमा ठूलो वृद्धि हुनेछ। उत्पादन वृद्धि र श्रमको वचतले गर्दा गैर कृषि क्षेत्रको विकासमा समेत तीव्रता आउँछ। यसरी चक्लावन्दीको कार्यक्रम प्रभावकारी ढंगले लागू हुन सकेको खण्डमा हाम्रो ग्राहस्थ उत्पादन (GNP) मा ५ देखि १० प्रतिशत वृद्धि हुने देखिन्छ।

कृषि विकासको लागि गर्नुपर्ने महत्वपूर्ण कार्यहरु

कृषि भन्नाले पशु तथा पन्छीपालन व्यवसाय, फलफूल, तरकारी, च्याउ उत्पादन व्यवसाय, माछा, मासु, फूल, दूध उत्पादन व्यवसाय समेतलाई जनाउँछ। जुन ठाउँमा जुन कृषि उपज लाभदायक हुन्छ, त्यहाँ त्यही वस्तु उत्पादन गर्ने गरी कार्यक्रम संचालन गरिनु पर्दछ। कृषि विकासको लागि निम्न ५ पूर्वाधारहरुमध्ये कुनै एउटालाई मात्र पनि अलग राखेर कृषि विकास हुन सक्तैन। कृषि विकासका लागि उल्लेखित कार्यक्रम एकीकृत ढंगले संचालन गरिनु पर्दछ।

१. जमिन : भूमिहीन तथा अत्यन्त कम जमिन हुने किसानलाई पनि न्यूनतम आवश्यक जमिन।
२. पहिलो प्राथमिकताको आधारमा युद्धस्तरमा सिंचाई कार्यक्रम।
३. कृषि वाटो : किसानले उत्पादन गरेका उपज बजारसम्म पुऱ्याउन हरेक गाउँमा स-साना कृषि वाटाहरु।
४. कृषि सहकारी : किसानहरुको अग्रसरता, व्यवस्थापन र सरकारको उदार सहयोगमा संचालित कृषि-सहकारी।
५. कृषि उद्योग : किसानले उत्पादन गरेका वस्तुहरुलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय वजारसम्म पुऱ्याउन सक्ने सक्षम र छरितो कृषि उद्योग।

गरीवि निवारण र रोजगारको सिर्जनामा भूमिसुधार कार्यक्रमले गर्नसक्ने योगदान

भूमिसुधार कार्यक्रमले सर्वप्रथम उत्पादनका साधनविहिन निरास र हतास भूमिहीन किसान तथा अत्यन्त थोरै, नाम मात्रको जमिन भएका १० लाख किसान परिवारलाई जमिन उपलब्ध गराएर उत्साह, जाँगर र हौसला वढाउने मात्र होइन रोजगारीको अवसर सिर्जना गरी गरीवि निवारणमा समेत महत पुऱ्याउनेछ।

उत्पादनशील र आधुनिक ढंगले खेती गर्ने र व्यापक सिंचाई सुविधा विस्तार गर्ने कार्यक्रमलाई समन्वयात्मक रुपमा अघि वढाउने हो भने, एक वाली हुने ठाउँमा दुई वा तीन वाली हुँदा स्वत: दोव्वर रोजगारको सिर्जना हुन्छ। रोजगारको सिर्जना र उत्पादन वृद्धिसंगै जनतामा क्रयशक्ति वढ्ने हुन्छ। फलत: उद्योग, व्यापार र सेवाको क्षेत्रमा व्यापक वढोत्तरी हुन्छ। अर्थात् कृषि क्षेत्रमा १ प्रतिशत उत्पादन वढ्दा गैर कृषि क्षेत्रमा १.५ प्रतिशतले उत्पादन वढ्छ। हाल कृषिमा लगभग ३ प्रतित वृद्धि भएको र जनसंख्या वृद्धिदर २.५ प्रतिशत भएको हुँदा वास्तविक वृद्धिदर केवल ०.५ प्रतिशत मात्रै भएको छ। हरेक वर्ष २ लाख ५० हजार श्रमशक्ति थपिने तर रोजगारको सिर्जना ५० हजारले मात्रै पाउने स्थितिलाई अन्त्य गर्न र गैर कृषि क्षेत्रको विकासलाई अघि वढाउन पनि भूमिसुधार कार्यक्रम छिटोभन्दा छिटो संचालन गर्न जरुरी छ। भूमिसुधारको कार्यक्रमलाई तुरुन्तै संचालन गरी कृषि विकासको दरालाई ४ प्रतिशतमा पुऱ्याउँदा, हरेक साल थपिदै जाने जनसंख्याको तीन खण्डको दुई खण्डलाई कृषिले थेग्न सक्छ र गैर कृषि क्षेत्रमा वाँकी रहेको तीन खण्डको एक खण्डलाई रोजगार दिनसक्छ।

यदि कृषिको विकासलाई ५ प्रतिशतले वढाउन सकियो भने, गैर कृषि क्षेत्रको रोजगार दिने क्षमता तीन गुणा वढी हुन जान्छ। यसरी भूमिसुधारको

प्रस्तावित कार्यक्रम प्रभावकारी ढंगले लागू गर्दा रोजगारी तथा ज्यालादरमा वृद्धि भएर जीवनस्तर उठ्ने, क्रयशक्ति बढ्ने हुन्छ। यसरी कृषि र गैर कृषि क्षेत्रको विकासमा तिब्रता आउने हुँदा भूमिसुधार कार्यक्रमले अर्थतन्त्रको विकासमा महत्वपूर्ण टेवा पुग्ने कुरा निश्चित छ।

उद्योग, व्यापार र सेवा क्षेत्रको विकासको मूल आधार : भूमिसुधार

औद्योगिक विकासका लागि कच्चा पदार्थ, पूँजी, श्रम मात्रै भएर पुग्दैन। उत्पादित वस्तुको उपभोग गर्ने उपभोक्ता वा बजारको महत्वपूर्ण भूमिका रहन्छ। हाम्रो देशको औद्योगिक उत्पादन छिमेकी देशको वा अन्तर्राष्ट्रिय बजारको आधारमा विकसित हुनसक्ने केही हस्तकलाबाहेक अरुमा प्रतिस्पर्धा क्षमता कमजोर छ। आम रुपमा हाम्रा उद्योगहरु हाम्रै देशका उपभोक्ताहरुकै लागि उत्पादन गरिन्छन्। सरकारी तथ्यांक अनुसार हालको अवस्थामा हाम्रो देशको ४९ प्रतिशत जनता गरीबिको रेखामुनि छन् र अरु बाँकी जनतामा पनि पर्याप्त उपभोग क्षमता छैन। यो अवस्थालाई बदलेर सर्वसाधारण नेपाली जनतामा क्रयशक्ति बढाउन, उपभोग क्षमता बढाउन र आर्थिक क्रियाकलापमा बढी भन्दा बढी जनतालाई सक्रिय बनाउन क्रान्तिकारी भूमिसुधार कार्यक्रमको ठूलो भूमिका रहन्छ। भूमिसुधारका कार्यक्रमध्ये हदबन्दी, चक्लाबन्दी, भूमिको अधिकतम उपयोग, कृषि क्षेत्रको वैज्ञानिकीकरण, सिंचाइको विस्तार र कृषि सडकको निर्माणले औद्योगिक विकासमा अत्यन्त अनुकूल प्रभाव पार्दछ।

प्रस्तावित भूमिसुधार कार्यक्रमले श्रमजीवी जनताको आत्मसम्मान, आत्मविश्वास, क्रियाशीलता बढाउने मात्र हैन क्रयशक्ति र उपभोग क्षमता पनि तीब्रढंगले वृद्धि हुने हुँदा यसले उद्योग, व्यापार र सेवाको क्षेत्रका व्यवसायीहर र समग्र राष्ट्रकै औद्योगिक विकासका नयाँ गति पैदा गर्दछ। भूमिसुधार कार्यक्रम नगर्नु, गरीबिको रेखामुनिका जनताको विरुद्ध मात्र हैन, उद्योग, व्यापार र सेवाको क्षेत्रको विकासलाई अवरुद्ध पार्नु पनि हो भन्न सकिन्छ। यसर्थ राष्ट्रिय अर्थतन्त्रको विकासमा भूमिसुधारको योगदान अत्यन्त महत्वपूर्ण हुने कुरालाई कसैले नकार्न सक्तैन।

तपाईलाई थाहा छ ?

प्राचीमा छापिए जस्तै सामाग्रीहरु रेडियो नेपालमा प्रशारित हुने गरेका छन्। प्रत्येक शनिबार रेडियो नेपालमा बिहान ८.३० बजे मानवअधिकार शिक्षा कार्यक्रम सुन्ने गरौं ।

मानवअधिकार

केतना थापा
कक्षा : ८
पवित्रप्रार्थना सेकेण्डरी स्कूल, हरिसिद्धि

जब घुम्टो खोलियो मानव समाजको
भन्नेहरुले धेरै भने
सुन्नेहरुले धेरै सुने
लेख्नेहरुले धेरै लेखे
मैले पनि सुने मानवअधिकार।

मानवअधिकार
मानव मात्रको अधिकार
समानताको अधिकार
सीमा परिसिमा र
जीवन रक्षाको अधिकार
मानवअधिकार।

मानवअधिकार
ठेलीभित्र होइन
कार्गिल र कोसोभोमा बोल्नु पर्‍यो
वीर गोर्खालीहरुको
भारतीय भुमीमा बगेको रगत कुरा खोल्नु पर्‍यो
प्रथम र द्वितीय विश्वयुद्धबाट
हिटलरको ग्यास च्याम्बरको
ताल्चा खोलेर
ताता बारुदी सुरुङबाट जन्मने तिमी
मानवअधिकार सबका खातिर आँखा खोल्नु पर्‍यो।

बाल्नादार मखमली सोपानमा होइन
गगनचुम्बी महल र चिप्ला गाडीमा होइन
फाटेको भोटो र दौरा लाउने
तितेपातीका छाप्राहरुमा
शारदी पल्ला खोल्नु पर्‍यो
कालो बम्बइको कोठरीमा
बलत्कारको पीडा सहेर
छट्पटिने चेली भएर बोल्नु पर्‍यो
जुठा भाँडाको डंगुर र
मरुभूमिका विदेशी सुरुङहरुमा
पुरिनेहरुका बीचमा साथी भएर जुट्नु पर्‍यो
अब मानिसहरु हो अधिकार खोज्न उठ्नु पर्‍यो।

यो धर्तीमा बगेका राता नदीहरु
कालो पत्रे सडकबाट आएको छोराको
लाश लिएर अटल पुल बनेर उठ्नु पर्‍यो
बूढ बा, आमाको सहाराको लठ्ठी
भिखारी बाबाको चामल
अशिक्षितको असल शिक्षक
प्यासीहरुको धाराको टुटी
शोषितहरुको मुठ्ठी भएर उठ्नु पर्‍यो
मानवअधिकारको मूल भएर फुट्नु पर्‍यो
सडकको भुइमा सुत्नेहरुको
आवाज उठ्नु पर्‍यो
मानवअधिकार, मानवअधिकार, मानवअधिकार।

(१९ श्रावण २०५८ मा मानवअधिकार शिक्षा रेडियो स्रोता क्लबद्वारा ललितपुरमा आयोजित कविता प्रतियोगितामा द्वितीय)

भूमिसुधार : माछो माछो भ्यागुतो

- चेतनाथ आचार्य

हाल नेपालमा भूमिसुधारको कार्यक्रमले अत्याधिक चर्चा पाएको छ। वि.सं. २०५८ साउन ३२ गते प्रधानमन्त्री शेरबहादुर देउवाले घोषणा गर्नु भएको भूमिसुधारको कार्यक्रमले देशभरमा एउटा हलचल नै पैदा गरायो। यसबाट लक्षित उपलब्धी प्राप्त गर्न नसकेता पनि जनतामा चेतना र चासो उत्पन्न गराएको छ। यद्यपि नेपालमा भुमिसुधारको कार्यक्रम यो पहिलो होइन।

सर्वप्रथम २००८ सालमा भूमिका सम्वन्धमा अधिकार प्राप्त कानुनको मसौदा बन्यो तर ऐनको रुप लिन सकेन। त्यसपछि यही सालमा भूमि जाँच कमिसनको गठन गरियो। यसले पनि कुनै काम नगरेका कारण २००९ सालमा 'भूमिसुधार कमिशन' गठन गरियो। भुमिसुधारका सापेक्षित कार्यक्रमहरुको घोषणा यसले गरेको भए पनि तत्कालीन सरकारद्वारा यसलाई कार्यान्वयन गराइएन। त्यसैगरी श्री ५ महेन्द्रबाट २०१२ सालमा १३ सूत्रीय योजनाका रुपमा भूमिसुधार कार्यक्रमको घोषणा भयो। २०१३ सालमा 'जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐनु बनाएर जग्गावाला र मोहीको लगत राख्ने भनिएको थियो। यसले पनि आशातीत लक्ष्य प्राप्त गर्न सकेन।

'भूमिसुधार ऐन २०१४' ल्याएर २०२० सम्म चार-चार पटक संशोधन गर्ने काम गरिए पनि कुनै ठोस काम हुन सकेन। त्यसपछि भूमिसुधार ऐन २०२१ लागू भएको थियो जसले आंशिक रुपमा केही काम गरे पनि कागजी अधिकारलाई कार्यान्वयन गर्न सकेन।

अहिले प्रचलनमा रहेको जग्गाको हदबन्दीलाई नै भूमिसुधार भनेर बुझ्ने गरिएको छ। तर वास्तविकता त्यतिमा मात्र सीमित छैन। जग्गा माथिको स्वामित्वमा लागू हुने हदबन्दी त भूमिसुधारको एउटा पाटो चाहिं हो। तर धनी जमिन्दारहरुसंग रहेको जग्गा हदवन्दी लगाएर खोस्दैमा भूमिसुधार पूर्ण रुपमा लागू हुने होइन। भूमिसुधार भनेको त जग्गाको अधिकतम उपयोग गर्ने, उत्पादकत्व क्षमतालाई वृद्धि गर्ने, सस्तो र सुलभ व्याजदरमा कृषि ऋण प्रदान गर्ने, वैज्ञानिक प्रणाली अपनाएर भूमिलाई उर्भर वनाउने, कृषिलाई उद्योग व्यवसायको रुपमा विस्तार गर्ने, जग्गाको सन्तुलित वितरण गर्ने जस्ता कुराहरु पर्दछन्। त्यसकारण नेपालमा भूमिसुधार अत्यन्त आवश्यक प्रणाली हो। झण्डै ९० प्रतिशत नागरिकहरु कृषिमा आश्रित रहेको अवस्थामा

भूमिसुधार के हो ?

भूमिसुधार लागू गराउन राज्यसत्ता चलाउनेको आँट चाहिन्छ

- केशव बडाल

० वर्तमान सरकारले ल्याएको भूमिसुधारको कार्यक्रमले उपलब्धीभन्दा चर्चा बढी पाउनुको कारण के होला ?

- हाम्रो पार्टी नेकपा एमालेले साधैभरि भूमिसुधारको पक्षमा आवाज उठाउदै आइहेको छ। २०५१ सालमा हाम्रो पार्टीको अल्पमतको सरकार बनेको बेला मेरै अध्यक्षतामा उच्चस्तरीय भूमिसुधार आयोगको गठन भएको थियो। हामीले तयार पारेको प्रतिवेदनका आधारमा कार्यक्रम कार्यानवयन गर्नका लागि त्यसपछि हाम्रो पार्टीले भूमिसुधार मन्त्रालयको जिम्मेवारी नै पाएन। त्यसपछि यो प्रतिवेदनलाई लागू गराउन प्रयत्नरत रह्यो। केही समय पहिले गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनु भएकै बेला एमालेसंग १७ बुँदे सम्झौता भयो। जसको बुँधा नं. २ मा बडाल आयोगको प्रतिवेदन लागू गराउने भन्ने थियो। तुरुन्तै सरकार फेरियो र शेरबहादुर देउवा प्रधानमन्त्री हुनुभयो। २०५८ साउन ३१ गते एमाले र नेपाली कांग्रेस बीच भएको सहमती अनुसार भूमिसुधारको कार्यक्रम आएको हो। तर अहिले आएको विधेयकलाई प्रगतिशील भन्न सकिंदैन। यो सामान्य सुधार पनि छैन। २०४२ सालमा पंचायती व्यवस्थाले तोकेको दश विघा हदबन्दीलाई १६ वर्ष पछाडि आएर ११ विघाको प्रस्ताव गर्नु प्रतिगामी कदम हो। त्यसकारण हाम्रो पार्टीले संशोधन प्रस्ताव दिएको छ त्यसलाई पारित गर्नु आवश्यक छ। त्यसकारण भूमिसुधार कार्यक्रमले चर्चा पाउनु स्वभाविकै हो यसको उपलब्धीलाई हेर्न भने पर्खनु परेको छ।

० सरकारले पूर्व अभ्यास र तथ्यांक विना नै कार्यक्रम ल्याएको सुनिन्छ नि ?

- अहिले सरकारले ल्याएको कार्यक्रम पूर्व अभ्यास र तथ्यांक विना नै कार्यक्रम ल्याएको भन्ने कुरा बिल्कुलै झुटो हो। किनभने यो कार्यक्रम त बडाल प्रतिवेदनकै आधारमा ल्याइएको हो। प्रतिवेदनमा भएका तथ्यांकहरु र कार्यक्रम नै सरकारको पूर्व तयारी हो। सात वर्ष अगाडि बढेको आयोगले ४ लाख निन्ठ्ठा भूमिहीन किसानहरु, अत्यन्तै थोरै जमिन भएकाहरु ६ लाख गरेर जम्मा १० लाख जनताहरुलाई भूमि वितरण गर्न आवश्यक छ। १० लाख जनतालाई भूमि वितरण गर्नका लागि २ लाख हेक्टर जग्गा चाहिन्छ। २ लाख हेक्टर अर्थात् ४० लाख रोपनी जग्गा सिलिङ्ग हदबन्दी र त्यत्तिकै अलपत्रमा रहेको सरकारी जग्गालाई सदुपयोग गर्दा सजिलैसंग सुकुम्बासी समस्या समाधान गर्न सकिन्छ। यसबीचमा भएको जनसंख्या वृद्धि केही मात्रामा असर पारे पनि काम गर्दा समाधान हुँदै जान्छ। तर अहिले सरकारले ल्याएको विधेयकका आधारमा भने १०/१२ हजार हेक्टर पनि जग्गा प्राप्त हुँदैन।

० सुकुम्बासी समस्या अत्याधिक रुपमा तराईमा रहेको र ती भूमिहीनहरुको नागरिकता पनि नभएको परिप्रेक्ष्यमा कसरी जग्गा वितरण गर्ने ?

- नेपाल आमाका सन्तानहरु तराई मात्र नभएर पहाडी र हिमाली क्षेत्रमा पनि नागरिकता नलिने व्यक्तिहरु थुप्रै छन्। उनीहरुले नागरिकता नलिनु चेतनास्तरको कमी हो। प्रत्येक नेपाली नागरिकले नागरिकताको प्रमाणपत्र र जग्गा पाउनु पर्‍यो भन्ने हाम्रो माग हो। विदेशीले पो पाउनु भएन, नेपालीले नागरिकता पाउन के को कठिन ? सरकारले दीर्घकालीन र प्रभावकारी कार्यक्रम तय गरेर नागरिकता र जग्गा वितरण गर्नुपर्छ। उनीहरुले नागरिकता नलिए पनि मतदाता परिचय पत्र वा अरु थुप्रै प्रमाणहरु हुनसक्छन्।

० तपाईहरुको संशोधन प्रस्ताव पारित नभएमा भूमिसुधार कार्यक्रमले कस्तो रुप लेला ?

- हेर्नुहोस्, हामी संधै असल कुराको समर्थन र खराब कुराको विरोध गर्छौं। साउन ३२ मा ल्याएको कार्यक्रममा जनताका लागि ल्याइएको कार्यक्रम भएकाले हामीले सशक्त समर्थन गरेका थियौं। अहिले नेपाली कांग्रेस भित्र रहेका सामन्त, जमिन्दारहरुका दबाबमा परेर ल्याइएको गलत विधेयक त्यसको हामीले विरोध गरेका छौं। त्यसको विकल्पमा हामीले संशोधन प्रस्ताव दिएका छौं र त्यसलाई पारित गराउन हामी लागिपरेका छौं। त्यसकारण गलत विधेयकको पक्षमा हामी लाग्दैनौं।

० सरकारले चालेको कदममा अदालतले जग्गा फुकुवा गरे पश्चात् व्यापक रुपमा जग्गा लुकाउने काम चलेको छ, यसलाई कसरी दुरुत्साहित गर्ने ?

- साउन ३२ पछि भएका कुनै पनि स्वामित्व हस्तान्तरणलाई मान्यता दिनु हुँदैन। साउन ३२ गतेसम्म जे जस्तो श्रेस्ता थियो त्यसैको आधारमा हदबन्दी लागू गरिनु पर्छ भन्ने हाम्रो भनाइ हो।

० उद्योग र वागवानीका नाममा लुकाइएको जग्गालाई कानुनी रुपमा हदबन्दी लगाउन मिल्दैन कसरी अधिकरण गर्ने ?

- उद्योग संचालन गर्नका निम्ति जग्गा त आवश्यक पर्छ त्यसैगरी वागवानी वा बगैंचाहरु बनाउनका लागि पनि जग्गाको आवश्यकता पर्छ। त्यसकारण उद्योग र वागवानीका नाममा हदबन्दीबाट जोगाउनका निम्ति जग्गा राखिएको रहेछ भने विना मुआब्जा जग्गा लिनु पर्छ।

० प्रत्येक राजनीतिक पार्टीमा मध्यमवर्गीय भूमिपतिको नेतृत्व रहनु र चुनावमा मत प्राप्त नगर्ने सम्भावना गर्दा भूमिसुधारलाई इमान्दारी पूर्ण लागू नगराइएको आरोप छ नि ?

- पार्टीको वर्गीय चरित्रले पनि भूमिसुधार कार्यक्रमलाई असर पारेको कुरा साँचो हो। तर हाम्रो पार्टी नेकपा एमाले भित्र भूमिसुधारको बारेमा एकमतको विचार छ। अन्य पार्टीहरु सामन्ती र जमिन्दारी पक्षपोषण गर्ने छन्। तर जनताले अब कुरा बुझिसकेका छन्। उनीहरुले भोट पाउने र नपाउने आशामा गलत काम गरेपछि जनताले अवश्य सजाय दिनेछन्। जनतालाई दास बनाउन खोज्ने राजनीतिक पार्टीहरुको भण्डाफोर नेकपा एमालेले सशक्त ढंगबाट ल्याउने छ।

० हालसम्म भूमिसुधार कार्यक्रमहरु प्रभावकारी ढंगबाट लागू हुन नसक्नुको ठोस कारण के होला ?

- सबैभन्दा ठूलो कुरा त भूमिसुधार कार्यक्रम लागू गराउन राज्यसत्ता संचालन गर्नेहरुको अठोट र आँटमा भर पर्ने कुरा हो। यदि राष्ट्रका समस्याहरु हल गर्न ऊसंग दृष्टिकोण, कार्यक्रम, आँट, साहस भएमा लागु हुन्छ नत्र जतिसुकै क्रान्तिकारी भाषण गरेर कहीं हुँदैन।

१० प्रतिशत 'ठालु' हरुको स्वामित्वमा मात्र जग्गा रहनु ज्यादै दुःखलाग्दो कुरा हो।

एकातिर किसानहरुको श्रम निरर्थक रुपमा खेर गइरहेको छ भने अर्कातिर जमिन्दारहरुको जग्गा दुरुपयोग भएर त्यत्तिकै रहेको छ। यी दुवै कुरालाई सदुपयोग गर्नका लागि भूमिसुधार कार्यक्रम अत्यन्त आवश्यक छ। त्यसकारण भूमिसुधारभित्र रहेको जग्गाको हदवन्दी ज्यादै जटिल र महत्वपूर्ण कुरा हो। भूमिलाई आय सञ्चय गर्ने माध्यम होइन उत्पादन वृद्धि गर्ने माध्यम बनाउनु भूमिसुधारको प्रथम कर्तव्य हुन आउँछ। राष्ट्रमा रहेको सुकुम्बासी समस्या समाधान गर्न भूमिलाई सन्तुलित वितरण गर्नका लागि समय समयमा ल्याइने कार्यक्रमहरु कागजी रुपमा मात्र सीमित रहँदै आएका छन्। त्यसकारण भूमिमाथिको स्वामित्वलाई पारदर्शी रुपमा आँकलन गरी चक्लाबन्दी गराउनु

अदालत प्रणालीलाई प्रगतिशील बनाउनु पर्छ

– जगन्नाथ आचार्य

० जग्गामाथिको हदबन्दीमा विविध विचार देखिनुको कारण के हो ?

- जग्गामाथिको हदबन्दीलाई बढाएर विभिन्न खालका विचार आउनु भनेको यसलाई लागू गराउन अवरोध ल्याउनु हो। वि.सं. २००८ सालमा पनि राणाहरुले विभिन्न बहाना गरेर रद्द गराए। वि.सं. २०१५ सालमा त यही निहुँमा सरकार नै ढालियो। पंचायती सरकारले २०२२ साल र २०४२ सालमा ल्याएको हदबन्दी पनि कागजी रुपमा मात्र सीमित रहन गयो। अहिले सरकारले बडाल आयोगको प्रतिवेदन अनुसार कार्यक्रम ल्याएको छ। बडाल आयोगको प्रतिवेदन हदबन्दीमा ज्यादै व्यावहारिक, उचित र आवश्यक छ। तर अहिले सामन्तीहरुले हदबन्दी कम भयो यसलाई बढाउनु पर्छ भनेर विभिन्न कुराहरु अगाडि ल्याएका छन्। सामन्तीहरुको मन राख्नका लागि बडाल आयोगलाई फेर्नु हुँदैन। बडाल आयोगमा भएका तथ्यांक, नीति र कुराहरुले र विघा जग्गालाई नै हदबन्दी लगाउनु पर्छ बढाउनु हुँदैन।

० सरकारको प्रगतिशील कार्यलाई किन अदालतले बन्देज लगायो ?

- अदालतले यसपालि मात्र होइन पहिले पनि भूमिसुधारको कार्यक्रमलाई हत्तोत्साहित बनाएको थियो। वि.सं. २०४८ सालमा आउर मैले जग्गालाई उद्योगको रुपमा लुकाउने प्रथा, विभिन्न नामबाट बेच्ने कुरालाई बन्द गराएँ। एउटै लालपूर्जामा जग्गा राख्ने कुरा गरेपछि सामन्तीहरु तिल्मिलाए र मेरो कार्यलाई पनि अदालतले रोक लगायो। हाम्रो न्याय प्रणाली बढी सैद्धान्तिक छ। यसलाई व्यवहारिक बनाउनु पर्छ। फेरि न्याय प्रणालीमा पनि तिनै सामन्तीहरुको वर्चश्व रहेको हुन्छ। अब संसदमा पशुपति शमशेर जस्तो जग्गा मालिकले यसलाई रोक्न उफ्रन्छ। अदालत पनि प्रगतिशील हुन सक्तैन। त्यसकारण अदालत प्रणालीलाई पनि प्रगतिशील बनाउन आवश्यक छ।

० तपाईंले भनेजस्तो भूमिपतिहरुले हदबन्दीलाई लागू हुन दिँदैनन् भने विकल्पमा के गर्ने त ?

- सबैभन्दा ठूलो कुरा विधि निर्माण हो। कानुन बनाएर लागू गराउन राज्यसंयन्त्र पूर्ण रुपमा कटिबद्ध हुनुपर्छ। २०१६ सालमा वी.पी. बाबुले हिमालय वीर विक्रमलाई कर लगाउँदा दरबारले नै वी.पी. लाई तारो बनायो। मैले राजाको जुवाई (खड्ग विक्रम शाह) को जग्गा लिंदा दरबारले मलाई तारो बनायो। अहिलेको सरकारलाई पशुपति शमशेरले तारो बनायो। त्यसकारण यस्ता सामन्ती र जमिन्दारी वर्गको नेतृत्वलाई तह लगाउन कानुन बनाएर कार्यान्वयन गर्न कटिबद्ध हुनुपर्छ नत्र अर्को उपाय छैन।

० भूमिसुधार कार्यक्रमले तराईलाई ठूलो असर पार्छ जहाँका अधिकांश नागरिकको नागरिकता प्रमाणपत्र नै छैन भनिन्छ, यस्ता समस्यालाई कसरी समाधान गर्ने त ?

- नागरिकताको समस्या त्यति ठूलो समस्या होइन। गजेन्द्रबाबु र अन्य पुनउत्थानवादी तत्वहरुले बढाइचढाइ रुपमा यो समस्यालाई अगाडि ल्याएका मात्र हुन्। कुन व्यक्ति नेपाली हो र कुन होइन भनेर त सजिलै छुट्याउन सकिन्छ तर जमिन्दारबाट जग्गा खोसेर जनतालाई बाँड्ने भने ज्यादै गाह्रो छ। त्यसकारण यी दुवै समस्यालाई संगसंगै लानु पर्छ भन्ने मेरो धारणा छ। ■

राजनीतिक इमान्दारीको खाँचो छ

– डा. शिव शर्मा

० कुन कमजोरीका कारण भूमिसुधार कार्यक्रमले ठोस उपलब्धी हासिल गर्न नसकेको हो ?

- भूमिसुधार कार्यक्रमलाई लागू हुन नसक्ताका पछाडि दुई वटा मुख्य कारणहरु रहेका छन्। प्रथमतः सामन्तवादी चिन्तनको बनावट ज्यादै कडा छ। थोरै मानिसको स्वामित्वमा धेरै जग्गा ओगटिएको छ। आफ्नो मातहतमा रैतीहरु राख्ने, यस्तो प्रवृत्ति पहाडमा भन्दा तराईमा बढी छ। यो प्रवृत्ति पुरानो प्रवृत्ति हो र यसले राजनीतिक नेतृत्वसम्म आफ्नो पकड फैलाएको छ। दोस्रो कुरा नीति निर्माता, कर्मचारी तन्त्रमा पनि त्यही सामन्ती वर्गबाट आएका व्यक्तिहरुको पकड रहेको छ। त्यसकारण सामाजिक संरचनासंगै सामन्तवादी चिन्तनले जनस्तरदेखि सरकारको उच्च अंगसम्म गाँजेका कारणले भूमिसुधारको ठोस उपलब्धी हासिल गर्न नसकेको हो।

० भूमिसुधार कार्यक्रम लागू भएमा राज्यले कुन कुन क्षेत्रबाट फाइदा पाउँछ ?

- भूमिसुधार सामाजिक न्यायसंग गाँसिएको संयन्त्र हो। भूमिको सन्तुलित वितरणले नागरिकहरुलाई सामाजिक न्याय दिलाउँछ। उत्पादकत्वमा वृद्धि भई राज्यले ठूलो आयदर प्राप्त गर्छ। कुनै पनि काममा प्रयोग नभएका जग्गालाई सदुपयोग गरेर उत्पादन कार्यमा लगाउने हो भने ६० अरब रुपैया भन्दा बढीको आय वार्षिक रुपमा राज्यले प्राप्त गर्छ। बाहिरिएको श्रमको सदुपयोग हुन्छ। रोजगारीमा वृद्धि हुन्छ। चेतनास्तर र शैक्षिक स्थितिमा सुधार भई अप्रत्यक्ष रुपमा राष्ट्र निर्माण गर्न भूमिसुधारले आड पुऱ्याउँछ।

० पहिले ल्याइएका भूमिसुधारका कार्यक्रम र यसपालिकोमा तात्विक भिन्नता के पाउनु भएको छ ?

- पहिले पहिले कागजी रुपमा मात्र भूमिसुधारका कार्यक्रमहरु ल्याइएका थिए। तर यसपालि अलि अलि प्रतिबद्धता पनि देखिएको छ। जनचाहना पनि प्रशस्त देखिएको छ। व्यापक चर्चा परिचर्चा भएको कारणले जनचेतना बढाउने काम गरेको छ। राजनीतिक पार्टीहरुले व्यापक रुपमा आफ्ना धारणाहरु, विचार मन्थनहरु अगाडि ल्याएकाले फायदा नै भएको छ। त्यसकारण पहिले पहिले ल्याइएका कार्यक्रमले भन्दा यसपालिको कार्यक्रमले बढी असर देखाएको छ।

० भूमिसुधार कार्यक्रमले कृषि क्रान्तिलाई कसरी अगाडि बढाउला ?

- भूमिसुधार भनेको नै कृषि क्रान्तिमा आधारित एउटा कार्यक्रम हो। कृषिलाई नै उद्योग मान्ने र कृषि उपजलाई औद्योगिक कच्चा पदार्थ मानेर कृषि उद्योगलाई बढावा दिने कुरा प्रत्यक्षतः उत्पादकत्वसंगै सरोकार राख्ने कुराहरु हुन्। भूमिसुधारले उत्पादकत्व बढाउने मुख्य लक्ष्य राखेको हुन्छ। खालिरहेका जमिनलाई हदबन्दीबाट लिएर उत्पादनमा राख्दा कृषि क्रान्ति हुन्छ। जग्गामाथि हदबन्दी राख्ने र मोहियानी हक दिलाउने काम मात्र भूमिसुधार होइन, हाम्रो बुझाइको संकुचितता हो।

० भूमिसुधारलाई वर्गीय चरित्रले कस्तो असर पारेको छ ?

- प्रत्येक राजनीतिक पार्टीको नेतृत्व वर्गमा सामन्ती वर्गको पकड, मध्यम वर्गीय भूपतिहरुको समूह हुनाले भूमिसुधार कार्यक्रमलाई पछाडि धकेलिरहेको छ। राजनीतिक सोच, नीति निर्माण र व्यावहारिक पक्ष आदि कुराले भूमिसुधारलाई नकारात्मक असर पारेको छ। समष्टिमा भन्नुपर्दा राजनीतिक इमान्दारिपनको कमीले गर्दा भूमि सुधारलाई नकारात्मक असर परिरहेको छ।

० बहुसंख्यक जनताहरुको हितको निम्ति भूमिसुधार कार्यक्रम भनिए पनि यसको नकारात्मक पक्षको मात्र प्रचार प्रसार बढी किन भएको छ ?

- यसो हुनुमा पनि शिक्षित बुद्धिजीवहरु सामन्तीको पकडमा हुनु हो। बहुसंख्यक जनताको हितको निम्ति कार्यक्रम भए पनि र यसको लाभ बढी भए पनि यसलाई नकारात्मक रुपले बढी प्रचार प्रसार गरिएको छ। जो भूमिपतिहरु छन् उनीहरु नै पढेलेखेका छन्। संचारमाध्यमलाई उनीहरु पकडमा राख्न सक्छन्। त्यसकारण भूमिपतिको जग्गा लिएर गरीब जनतालाई बाँडिने कुराको समाचार भन्दा सामन्तीहरु तर्सिएको ठूलो समाचार बन्ने गर्छ। त्यसकारण सामाजिक चिन्तनलाई परिवर्तन ल्याउन अत्यावश्यक छ।

० भूमिसुधार कार्यक्रम लागू गराउन हाम्रो राज्य संयन्त्रले क्षमता राख्छ ?

- सरकारी संयन्त्रसंगै एउटा शक्तिशाली आयोग बनाएर निरन्तर रुपमा अनुगमन गर्न आवश्यक छ। राजनीतिक प्रतिबद्धतासंगै दीर्घकालीन सोचका साथ कार्यक्रम ल्याइनु पर्छ र प्रत्येक जिल्ला, प्रत्येक गाउँमा प्रभावकारी रुपले लागू गराउनु पर्छ। अहिले भएका संयन्त्रलाई पनि प्रयोग गर्न सकिन्छ तर 'चेक एण्ड ब्यालेन्स' हुन आवश्यक छ। कर्मचारीतन्त्रलाई तालिम र सक्षम नागरिक समाज हुन आवश्यक छ। ■

पर्ने अत्यावश्यक छ। अझ यसलाई वैज्ञानिक प्रणाली अन्तरगत एउटा लालपूर्जाबाट एकजनाको स्वामित्वमा भएको जग्गाको रेकर्ड राख्ने गर्नाले बढी प्रभावकारी बनाउन सकिन्छ।

भूमिसुधार लागू हुन नसक्नाको कारण

माथि चर्चा गरे जस्तै भूमिसुधारभित्र पर्ने महत्वपूर्ण पक्ष भनेको जग्गामाथिको हदबन्दी हो। भूमिसुधार कार्यक्रममा हदबन्दी लागू हुन नसक्ता अन्य क्षेत्रलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ। त्यसकारण समय समयमा जग्गामाथिको हदबन्दीलाई लागू गराउन खोजिए पनि प्रभावकारी र व्यावहारिक हुन सकिरहेको छैन। यस्तो हुनुको प्रमुख कारण राज्य सत्ता संचालनको कमजोरीले गर्दा भएको हो। राज्यसत्ता संचालकहरु, नीति निर्माताहरु, राजनीतिक पार्टीका नेतृत्व वर्गमा पर्ने महानुभावहरु तथा सामाजिक बनोटले गर्दा हदबन्दी व्यावहारिक रुपमा लागू नभएको हो। प्रत्येक राजनीतिक पार्टीहरुले आफ्नो चुनावी घोषणापत्रमा भूमिसुधारका कार्यक्रमलाई राखेको भए पनि तिनीहरु केवल हात्तीका देखाउने दाँतमा परिणत भएका छन्।

दरिलो राजनीतिक अठोट, सरकारी आँट र चुस्त कर्मचारी तन्त्रको अभावले गर्दा राज्यले महत्वपूर्ण सुधारबाट बन्देज हुँदै आएको छ। राज्यका बहुसंख्यक जनताहरुको भागमा भूमि हुँदै नहुनु अथवा भए पनि ज्यादै न्यून रहे पनि उनीहरुको आवाज बाहिर आउन नसक्नुको कारण पनि भूमिसुधार लागू हुन नसक्नुको अर्को प्रमुख कारक तत्व भएको छ। मध्यम धनी वर्गहरु जो समाजका शिक्षित, वा अगुवा छन् उनीहरुले नै सबै संयन्त्रलाई आफ्नो पकडमा लिएर समाजलाई नै एकोहोऱ्याएका छन्। जग्गावाला नै पढेलेखेका र कर्मचारीतन्त्रमा पनि उनीहरुकै हावी हुने परम्परा भएको र राजनीतिक पार्टीहरुमा पनि जग्गावालाको नै वर्चश्व रहेकाले भूमिसुधार कार्यक्रम राज्यका लागि राम्रो हो भन्दा भन्दै पनि फाइल दराजमा थन्किन वाध्य भएको छ। त्यसकारण राज्य संचालन गर्ने सत्ताधारीहरुले आँट र साहसका साथ कार्यक्रमलाई अगाडि बढाउने हो भने भूमिसुधार लागू हुन सक्ने थियो। यसरी भूमिसुधारलाई असंख्य समस्याहरुले जेलेको र त्यसलाई समाधान गर्ने प्रशस्त मार्ग हुँदाहुँदै पनि त्यसलाई कुल्चिएको पाइन्छ।

भूमिसुधारमा राजनीति

हरेक राज्यका कार्यक्रमहरुमाथि राजनीतिक दृष्टिकोण अवस्य हुन्छ नै तर भूमिसुधार कार्यक्रममा राजनीतिक पार्टीहरुले दोहोरो भूमिका निर्वाह गरेर फाइदा लिइरहेका छन्। एकातिर आफ्नो चुनावी घोषणापत्रमा हदबन्दी लागू गराउने भनेर निमुखा गरीब किसानको भोट आफूतिर तान्ने काम गरेका छन् भने हदबन्दी लागू गराउँदा धनी किसान र मध्यम वर्गीय जमिन्दारहरुको मत नपाउने हुनाले हदबन्दीको विरोध गर्न कम्मर कसेर लागेका छन्। त्यसकारण आफ्नो अनुकूल राजनीतिका लागि भूमिसुधारलाई फोहोरी खेल बनाइएको छ।

निष्कर्ष

भूमिसुधारको कार्यक्रमले जति चर्चा परिचर्चा पाए पनि यो कार्यक्रम पनि पहिलेका कार्यक्रम जस्तै त्यत्तिकै रद्द हुने स्थितिमा छ। मानिसहरुमा ठूलो चासो र वहस पैदा गराउन सफल भएको भूमिसुधार कानुनी प्रणालीको जटिलता र सामन्ती संस्कारले जेल्दा माछो माछो भ्यागुतो हुन पुगेको छ।

भूमिसुधार गर्न स्पष्ट नीतिको खाँचो छ

- डा. चैतन्य मिश्र, समाजशास्त्री

० विगत पाँच दशकदेखि लागू गर्न खोजिएको भूमिसुधार कार्यक्रम लागू हुन नसक्नुका खास कारण के होला ? यसले समाज व्यवस्थामा कस्तो असर पारेको छ ?

- नेपालमा २००७ सालपछि आंशिक रुपमा भूमिसुधारका कामहरु भएका छन्। वनलाई राष्ट्रियकरण गर्ने कुरालाई उदाहरणका रुपमा लिन सक्छौं। भूमिसुधार भित्र धेरै कुराहरु पर्दछन्। विशेषगरी हकबन्दीका कुराहरु बढी चर्चामा आएकाले भूमिसुधार र हदबन्दीलाई पर्यायका रुपमा बुझिन्छ। यो गलत हो। भूमिसुधारको एक अंश हदबन्दी हो। मोहीको कुत निर्धारण गर्ने हदबन्दी तोक्ने मोहीको स्वामित्व स्थापित गर्ने जस्ता काम भए। तर हदबन्दीभन्दा बढी भएको जग्गा लिने र सुकुम्वासी समस्या समाधान गर्ने कुरामा भने खास सफलता प्राप्त भएको छैन्। क्रान्तिकारी र सुधार रुमलिएर आएका शब्दहरु हुन्। हाम्रो सामाजिक वनावटमा रहेको जटिल वनोटबाट भूमिसुधार लागु गराउन पनि समस्या उत्पन्न भएको छ। समाजसंगै आर्थिक र राजनीतिक परिवेशहरु पनि जोडिएर आएका हुन्छन्।

० भूमिमाथिको हदबन्दीलाई कायम राख्न राजनीतिक प्रतिबद्धता देखिए पनि व्यवहारमा किन देखिएको छैन ?

- मुलभूत रुपमा अहिलेसम्म बनेका कार्यक्रमहरु कागजमा मात्र सीमित भएको देखिन्छ। यसरी कागजी कार्यक्रमबाट जनताले कुनै फाइदा लिन सक्तैनन्। यस्तो हुनुमा राजनीतिक पार्टीहरुले दोहोरो भूमिका निर्वाह गरिरहेका छन्। गरीब भूमिहीनहरुलाई "हामीले कार्यक्रम बनाएका छौं।" भनेर देखाउने र खुशी पार्ने तथा भूमिपतिहरुलाई त्यो लागू नगरेर खुशी पार्ने। यस्तो द्वैद भूमिकाले गर्दा राजनीतिक प्रतिबद्धता पनि औपचारिक निर्णयमा मात्र सीमित भएको छ। राजनीतिक पार्टीहरुले जनतालाई सामाजिक न्याय दिलाउनका लागि उत्पादकत्व बढाउने, भूमिहीनलाई भूमि दिलाउने र गरीबि उन्मूलन गरेमा राजनीतिक दलहरुले पनि अझ बढी जनविश्वास प्राप्त गर्ने थिए।

० भूमिसुधारका कार्यक्रमले सामाजिक न्याय दिलाउनका लागि नीतिगत स्पष्टता कस्तो पाउनु भएको छ ?

- तपाईले उठाउनु भएको प्रश्न निकै सान्दर्भिक र औचित्यपूर्ण छ। किनभने नेपालमा हालसम्म भूमिसुधारका जे जति कार्यक्रमलाई ल्याइए ती सबैमा नीतिगत अस्पष्टता रहेको छ। मुख्य कुरा त भूमिसुधार किन गर्ने भन्ने नीति नै स्पष्ट छैन। भूमिसुधार भनेको हदबन्दी मात्र होइन भन्ने कुरा पनि स्पष्ट छैन। भूमिसुधार सामाजिक न्यायका लागि मात्र होइन उत्पादकत्व वृद्धि गर्न, प्रजातन्त्र (जनतन्त्र) लाई आर्थिक क्षेत्रबाट मेरुदण्ड प्रदान गर्न पनि भूमिसुधार चाहिन्छ भन्ने नीति लिइनु पर्छ। आर्थिक, राजनीतिक, सामाजिक हरेक क्षेत्रमा जोडिएको भूमिसुधार कार्यक्रमले प्रजातन्त्रलाई दरिलो बनाउँछ। त्यसकारण जनजीविकासंगै राष्ट्रको नागरिक बनाउन पनि भूमिसुधार स्पष्टका साथ आउनु पर्छ। यी हरेक कुरालाई केलाउँदा भूमिसुधारको नीति स्पष्ट भएको पाइदैन।

० नेपालमा जग्गामाथिको हदबन्दी कायम गराउनका लागि अन्तर्राष्ट्रिय परिप्रेक्ष्यले कस्तो असर पारेको देखिन्छ ?

- दक्षिण एशियामा भूमिसुधार र हदबन्दी लागू भएको भनेको भारतको पश्चिमा बंगाल मात्र हो। विश्वका धेरैवटा मुलुकहरुमा लागू भएको भएता पनि नेपालले यसबारेमा प्रभावकारी कदम उठाउन सकिरहेको छैन। त्यसकारण राजनीतिक सचेतता नागरिक सुसंगठन र आर्थिक सुधारले हदबन्दी कायम गराउन सकिन्छ। जापान, ताइवान, दक्षिण कोरिया आदि मुलुकमा भएका भूमिसुधारको सकारात्मक परिणामले ठूलो उपलब्धी प्राप्त गरेको छ।

० भूमिसुधार लागू गराउन के कुरामा जोड दिनुपर्ला ?

- मुख्य कुरा देशको राजनीतिक शक्तिमा भूमिहीनहरुको निर्णायक भूमिका अत्यन्तै न्यून भएको कारणले यसलाई लागू गराउन सकिएको छैन। कतिपय भूमिहीन सुकुम्बासीहरुको अवस्था अर्धदासको जस्तो रहेको छ। चेतनास्तर कम हुनु, निरक्षर हुनु र आफ्नो अधिकारको निम्ति संगठन नहुनाले पनि भूमिसुधार लागू हुन नसकेको हो। उनीहरुले प्रगतिशील तरिकाले संगठन निर्माण गरेर आफ्नो क्षेत्रमा रहेका भूमिपतिहरुको हदबन्दीको जग्गा लिएर आफूले पाउने भएमा लागू गर्न सजिलो हुन्छ। भूमिको असमान वितरणले सामाजिक न्यायमा पनि बन्देज लगाएको छ। त्यसकारण स्थानीय भूमिहीनहरुलाई नै त्यहाँको जग्गा वितरण गर्ने हो भने त उनीहरु जागरुक भइरहन्थे। त्यसकारण प्रत्येक राजनीतिक दलहरुले आफ्ना तलका निकायहरुलाई पूर्व रुपमा परिचालन गरेर हदबन्दीलाई सुसूचित गराउन सकिन्छ। भूमिपतिहरुले जग्गा लुकाउन पनि पाउँदैनन्।

० भूमिसुधारको कार्यक्रम आएपछि सम्बन्ध विच्छेद, अंशवण्डा जस्ता कृत्रिम मुद्दाहरु अदालतमा परेका छन्ना के कारणले यसरी सामाजिक हलचल आएको हो ?

- यसो हुनुमा राजनीतिक अठोट प्रमुख कारण तत्व भएको छ। नेपाली कांग्रेसभित्रै यस कार्यक्रमको वारेमा प्रशस्त विमती रह्यो। माथिल्लो स्तरमा नै हदबन्दी थोरै र धेरै भन्ने प्रश्नले तल्लो तहमा प्रशस्त शंकाहरु उब्जाइदियो। एउटै सोच र प्रतिबद्धता भइदिएको भए नेपाली कांग्रेसले पनि प्रशस्त गृहकार्य र तयारी गरेर यो कार्यक्रम ल्याउथ्यो होला। राजनीतिक अठोट बन्न नसकेपछि त्यसमा बन्ने कानुनमा दुविधा आयो। कानुन कस्तो बन्ने शङ्काले नागरिकहरुले फाइदा लिनका लागि यस्ता कृत्रिम मुद्दाहरु अदालततिर ओइरिएका हुन्। ◻

क्रान्तिकारी भूमिसुधार किन र कसका लागि ?

– राजेन्द्र गौतम

१. भूमिसुधार भनेको के हो ?

देशको समग्र भूमिलाई सामाजिक न्याय, उत्पादन वृद्धि, जमिनको अधिकतम् सदुपयोग, न्यायपूर्ण वितरण हुनेगरी तयार गरिएको व्यवहारिक भूमिनीतिलाई भूमिसुधार भनिन्छ। भूमिसुधार भनेको जमिनमा रहेको हदवन्दी घटाउनु हो, जमिन जसले जोतिरहेको छ, उसकै स्वामित्वमा दिनु हो, जमिनमा जोताहालाई मोहियानी हक दिनु हो।

१.२. भूमिसुधार किन र के का लागि ?

जमिनको समग्र उपयोग, भूमिको हदवन्दी घटाउन र भूमिमा निजी, सामूहिक सहकारी र राजकीय स्वामित्वभित्र जमिन रहनसक्ने र अधिकतम् सदुपयोग हुने गरी नीति निर्माण गर्न र जमिनमाथि रहेको दोहोरो नियन्त्रण प्रणालीको अन्त्य गर्न, सम्पूर्ण खेती गरिएको भूमिको एकैखाले श्रेस्ता र संस्था अन्तर्गत रजिष्टर गर्ने नीति तयार गर्न भूमिसुधार आवश्यक छ।

किसानको जीवनस्तर उठाउने, कृषि उत्पादन वढाउने, भूमिहीन किसान, गरीव किसान र कृषि श्रमिकहरुमाथि हुने गरेको सवैखाले शोषणवाट मुक्त गरी सामाजिक न्यायको प्रत्याभूति गर्न, श्रमशक्ति र उपयोग क्षमता वढाउन, उत्पादनका साधनको मालिक वनाउन र उत्पादन वृद्धिमा ठोस योगदान पुऱ्याउन भूमिसुधार गर्नु आवश्यक छ।

१.३ भूमिसुधार भन्नाले के कुरालाई बुझाउँछ ?

भूमिसुधार भन्नाले भूमिको हदवन्दी घटाई नयाँ हदवन्दी कायम गर्ने, दोहोरो नियन्त्रण प्रणाली अन्त्य गरी जोत्नेको हातमा जमिन दिने र भूमि उपयोगका लागि भू-उपयोग नीति तयार गरी लागू गर्ने, सिंचाईका सवै सम्भावित उपायलाई अवलम्वन गर्ने, कृषि सडकहरु निर्माण गरी उत्पादनलाई वजारसँग जोड्ने र कृषकहरुकै पहलकदमी र नेतृत्वमा राज्यको सहयोग र समर्थनमा कृषि सहकारीको निर्माण गरी भूमिसुधार सम्वन्धी एकीकृत कार्यक्रमलाई अगाडि वढाउने कुरालाई जनाउँछ। भूमिसुधारले भूमिको न्यायोचित वितरण, सिंचाईको समुचित व्यवस्थापन, कृषि सडक र कृषि सहकारीजस्ता कार्यक्रमको एकीकृत परिचालन गरेर मात्र व्यवस्थित भू-उपयोग नीति तय गर्नसक्छ।

१.४ जमिनको हदबन्दीको आधार कसरी तय गर्ने ?

देशको भौगोलिक विविधता, भूमिको उत्पादकत्व, भू-उपयोगको प्रणाली, जनसंख्याको चाप तथा जनसंख्या र कृषि भूमिको अनुपात र भूमिहीन तथा अति साना किसानहरुको संख्या क्षेत्रगत रुपमा अलग-अलग रहेको तथा ग्रामीण र शहरी क्षेत्रवीच रोजगारका अवसर, विकासका पूर्वाधारहरु, जमिनको मूल्यमा रहेको ठूलो असमानतालाई दृष्टिगत गरी उच्चस्तरीय भूमिसुधार (वडाल) आयोगले जमिनको नयाँ हदवन्दीका आधारहरु तय गरेको छ। क्षेत्रगत तथा भौतिक पूर्वाधारहरुका आधारमा निम्नानुसार ५ समूहमा जमिनको नयाँ हदवन्दी प्रस्तावित गरिएको छ।

(क) तराई तथा भित्री मधेशमा ३ हेक्टर वा ४-५ विगाहा (ख) मध्य पहाडी क्षेत्रमा २ हेक्टर वा ४० रोपनी। (ग) हिमाली क्षेत्रमा - ४ हेक्टर वा ८० रोपनी (घ) काठमाडौं उपत्यकामा -१ हेक्टर वा २० रोपनी। (ङ) शहरी क्षेत्र-काठमाडौं, ललितपुर र भक्तपुर नगरपालिका क्षेत्रमा ०.५ हेक्टर वा १० रोपनी। काठमाडौं उपत्यका वाहिरका नगरपालिकाहरु, जिल्ला सदरमुकामहरु र शहर वन्नेतर्फ उन्मुख तोकिएका शहरी क्षेत्रमा १ हेक्टर वा २० रोपनी वा १.५ विगाहा तोकिएको छ। एकभन्दा वढी क्षेत्रमा एक परिवारको जमिन भएको खण्डमा विभिन्न क्षेत्रमा समानुपातिक रुपमा जग्गाको हदसम्मको जग्गा राख्न पाइने व्यवस्था मिलाउने कुरा वडाल आयोगको प्रतिवेदनले सुझाव दिएको छ।

१.५ हदबन्दीबाट प्राप्त जमिनको वितरण कसका लागि ?

क्रान्तिकारी भूमिसुधार गर्दा हदवन्दीवाट निस्केको जमिन, खेतीयोग्य, ऐलानी तथा पर्ति सम्पूर्ण जमिन मध्ये राज्यले देहायको प्राथमिकता अनुसार जमिनको वितरण गर्नुपर्छ। कमैया, सुकुम्वासी, कृषि-श्रमिक, भूमिहीन किसान, ०.१ हेक्टरभन्दा कम जमिन भएका कृषकहरु, ०.२ हेक्टरभन्दा कम जमिन भएका कृषकहरु। तर यसरी जमिन वितरण गर्दा जमिन ०.४ हेक्टर भन्दा वढी हुनु नहुने गरी भूमि वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ।

१.६ न्यूनतम एकाईभन्दा कम जग्गा बेच-विखनमा बन्देज लगाइएको छ

न्यूनतम हदवन्दी भन्दा घटी हुने गरी कुनै पनि परिवारको नाममा जमिन दामासाहीवाट वा वैंक धितो जफत गर्नवाट वा दण्ड सजायवापत वा कुनै प्रकारले स्वामित्वमा हस्तान्तरण हुनवाट वन्देज लगाइएको छ।

(क) तराई तथा भित्री मधेश ०.०६७ हेक्टर (२ कठ्ठा) (ख) पहाडी क्षेत्र ०.०५ हेक्टर (१ रोपनी), (ग) हिमाली क्षेत्र ०.१ हेक्टर (२ रोपनी) र (घ) शहरी क्षेत्र ०.०१३ हेक्टर (चार आना)।

१.७. २०२१ सालको भूमिसुधारको कार्यान्वयन पक्ष किन त्रुटिपूर्ण छ ?

२०२१ सालमा लागू गरिएको हदवन्दी अनुसार तराईमा २५ विगाहा, पहाडमा ८० रोपनी र काठमाडौं उपत्यकामा ५० रोपनी कायम गरिएको थियो। त्यसैगरी घर घडेरीका लागि तराईमा ३ विगाहा, पहाडमा १६ रोपनी र काठमाडौं उपत्यकामा ८ रोपनीसम्म छुट दिइएको थियो। यसरी हदवन्दी व्यवस्था नै त्रुटिपूर्ण रहेको छ। यो व्यवस्था न त न्यायपूर्ण थियो न यसको कार्यान्वयन पक्ष नै सवल रहयो। २०२१ सालमा सम्पन्न भूमिसुधारको कार्यान्वयन पक्ष पनि त्रुटिपूर्ण रहेको थियो। सबै जिल्लाहरुमा उक्त कार्यक्रम एकैपटक लागू नहुनु, समयमा नापी नहुनु, कार्यान्वयन प्रक्रिया लचिलो हुनु, राजनैतिक प्रतिवद्धताको कमी हुनु र प्रशासनिक यन्त्र पनि प्रभावकारी नहुनाले यो कार्यक्रम लागू हुन सकेन।

उक्त कार्यक्रमबाट केवल ३१,२०३ हेक्टर अर्थात् कूल खेतीयोग्य जमिनको १.५ प्रतिशत जमिन राज्यले प्राप्त गरी २९,१२४ हेक्टर भूमि मोही तथा भूमिहिनलाई वितरण गरिएको तथ्यले देखाएको छ।

१.८ भूमिसुधार सम्बन्धी अन्तर्राष्ट्रिय अनुभव

समाजवादी देशहरु चीन, उत्तरकोरिया, भियतनाम र अन्य पूँजीवादी देशहरुमा क्रमशः जापान, दक्षिण कोरिया, ताइवान र भारतका केही राज्यहरुमा सम्पन्न भएका भूमिसुधार सम्बन्धी कार्यक्रमहरु नेपालका लागि मार्गदर्शक बन्न सक्दछन्। सन् १९५० मा चीनमा लागू गरिएको भूमिसुधारले भूमिमा रहेको सामन्ती प्रथालाई उन्मूलन गरी जोताहा तथा मोही किसानलाई भू-साधन प्रदान गरेपछि सम्पूर्ण ग्रामीण जनशक्ति कृषि उत्पादनमा जुट्यो। र, कृषि उत्पादनमा तीव्र ढंगले विकास भयो। आज चीनमा भूमिसम्बन्धी समस्या नै छैन। त्यसैगरी जापान र दक्षिण कोरियामा द्वितीय विश्वयुद्ध पूर्व सामन्ती भूमि व्यवस्थापन प्रणाली थियो। सन् १९५० को हाराहारीमा भूमिसुधार लागू गरी आज त्यो देशमा औद्योगिक क्रान्तिको लहर नै आएको छ।

आज जापानमा ४ प्रतिशत जनता मात्र कृषिमा प्रत्यक्ष रुपमा संलग्न छन्। त्यसरी नै दक्षिण कोरियामा जमिनको हदबन्दी ३ हेक्टर कायम गरिएको छ। यहाँ १२ प्रतिशत जनसमुदाय मात्र कृषिमा संलग्न रहेका छन्। ताईवानमा पनि ३ हेक्टर सिंचित जमिन र असिंचित तथा पाखो जमिनको हदवन्दी ६ हेक्टर कायम गरिएको छ।

भूमिसुधार लागू गरिएका यी सबै राष्ट्रहरुमा भूमिहीनलाई जमिनको स्वामित्वका साथै कृषि प्रविधि तथा कृषिसेवा पनि उपलब्ध गराएको थियो। साथमा त्यहाँ कृषि बजारको लागि सहकारी आन्दोलनलाई प्रभावकारी ढंगले अगाडि बढाइएको थियो।

१.९. नेपालमा भू-स्वामित्वको वर्तमान अवस्था

उच्चस्तरीय भूमिसुधार (बडाल) आयोगले दिएको प्रतिवेदनअनुसार राष्ट्रिय जनगणना (२०४८) अनुसार हाम्रो देशको कूल भौगोलिक क्षेत्रको १८ प्रतिशत भूमि कृषियोग्य छ। करीब २७ लाख कृषक परिवार २६ लाख हेक्टर भूमिमा आश्रित छन्। राष्ट्रिय जोतको औसत आकार १८.६ रोपनी (१ विगाहा ८ कठ्ठा) छ। १ हेक्टर (२० रोपनी)भन्दा कम जमिन हुने किसानहरु ७० प्रतिशत छन्। जसको स्वामित्वमा कूल कृषि भूमिको ३० प्रतिशत भू-भाग मात्र पर्दछ। अर्कोतिर ५ हेक्टर (१०० रोपनी) भन्दा वढी जमिन हुने धनी किसानहरु १.५ प्रतिशत छन्। उनीहरुको स्वामित्वमा खेतीयोग्य भूमिको करिव १४ प्रतिशत रहेको छ। यस तथ्यांकले भूमिको भू-स्वामित्वमा ज्यादै ठूलो असमानता रहेको कुरालाई पुष्टि गरेको छ। तराई र हिमाली क्षेत्रमा जोतको औसत आकारमा पनि ठूलो असमानता रहेको छ। तथ्यले तराईमा १.३३ हेक्टर, पहाडमा ०.७७ हेक्टर र हिमाली भेगमा ०.६८ हेक्टर भएको कुराको पुष्टि गरेको छ। यसकारण पहाडी क्षेत्रमा भन्दा तराईमा जमिनको स्वामित्वमा वढी असमानता रहेको देखिन्छ। साना तथा भूमिहीन जोताहा किसानहरु पहाडमा भन्दा तराईमा वढी देखिन्छन्।

१.१० उपसंहार

देशको विद्यमान असमान भू-स्वामित्व, दोहोरो हक प्रणाली र खण्डीकरणका प्रक्रियाहरु कृषि विकासका लागि वाधक वनेका छन्। भूमिसुधारले जग्गाको पुनर्वितरण, हदवन्दी, जमिनमा रहेको दोहोरो नियन्त्रणको अन्त्य, चक्लावन्दी, भू-उपयोगको गुरुयोजना, वैज्ञानिक र व्यवहारिक आवास नीति र वैज्ञानिक भू-सूचना प्रणाली, सामाजिक न्याय र कृषि विकासका प्रयासहरुलाई वढी फलदायी वनाउनेछ। उपयुक्त ढंगले जमिन उपयोग गर्ने व्यवस्था भएपछि कृषि क्षेत्रको समष्टिरुपमा विकास गर्न सिंचाई, कृषि सडक, वजार व्यवस्था र कृषि उद्योगको स्थापना गर्नु नितान्त जरुरी छ। भू-स्वामित्वको वनोटमा आमूल परिवर्तन नगरी कृषि क्षेत्रको विकास गर्न सकिन्न। तसर्थ क्रान्तिकारी भूमिसुधार नेपालका लागि अपरिहार्य आवश्यकता भइसकेको छ। यसतर्फ श्री ५ को सरकार, सबै राजनैतिक पार्टीको ध्यान जानु अनिवार्य भइसकेको छ।

अधिकारको खेती

खुसबू के.सी.
एमर्‍याल्ड मा.वि., ललितपुर

आमाको छातीमा बञ्चिएका,
सन्तानका अनगिन्ती गिंडहरु सँगालेर
चिताहरुको संग्रहालय अगाडि बसी,
रगतको पोखरी जमेको बेला,
चेतनाको बीउ छरेर
म,
अधिकारको खेती गर्न कस्सिएको छु,
बारुदे साइरनको कर्कस आवाजमा,
निरन्तर सपनाहरु लुटिएको बेला
कसरी खेतीमा बसन्तको बहार उघारुँ
जहाँ हवास्स बारुदको गन्ध आउँछ
र अधिकार
कुजिन्छ संविधानका धाराहरुमा
तैपनि म यसलाई ब्युँझाएर
आतंकको हिलोमा कमल फुलाउन चाहन्छु,
जसले, उडाओस् सारा संकीर्णताका दुर्गन्धहरु
अनि उघारोस् चेतनाका बन्द ढोकाहरु
यसैले बिन्ती यसलाई
नागासाकी लुट्ने अमेरिकी कथा नसुनाइदेऊ
मान्छेको रगत पिउने तियानमेनको व्यथा नसुनाइदेऊ
बरु उड्नदेऊ, उन्मुक्त भई नीला आकाशहरुमा
जहाँ धेरै भयो परेवाहरु देखिएका छैनन्
अहिंसा परमो धर्म, धेरै भयो लेखिएका छैनन्,
कस्तो विडम्बना ?
कन्चटमा संगिन तेर्स्याएर, मानवताको नारा लगाउनु पर्ने
भग्नावशेषमा जलाएर सपनालाई सिर्जनाका गारा उठाउनु पर्ने
यसैले आऊ,
अधिकारको खेती सँगै,
व्याँसाहरुको अस्तुभित्र मानवताको मन्त्र भरें
भोकाएका रोल्पा, दुनै, समानताको सामल बाढौं
अझै अधिकारलाई चिन्दैनौं भने,
खाराले सँधै एम्बुसको इतिहास लेख्छ
सिंहदरबारले सँधै बन्दुकमा अधिकार देख्छ
कतिञ्जेल हेर्ने ?
लुटिएको अस्मितालाई बहिनीका पछ्यौरीहरुमा
त्यसैले भाउजूलाई
हरियो गोबरले मझेरी पोत्न भनिदेऊ
ताकि
कार्गिलमा बगेको दाजुको रगतले
मुक्तिको सास फेर्न पाओस्
खाडीमा खसेको भाइको पसिनाले
राष्ट्रियताको नारा भर्न पाओस्
मलाई थाहा छ,
देशभित्र ओवाएका खुसीहरु, हाम्रै अधिकारले समेट्न सक्छ,
बाँचौं र बचाऔंका दिव्य आलोक
अनि, निर्भय उड्न सकिने क्षितिजहरु
जन्माउछ- केवल,
अधिकारको खेतीले।

(१९ श्रावण २०५८ मा मानवअधिकार शिक्षा रेडियो श्रोता क्लवद्वारा ललितपुरमा आयोजित कविता प्रतियोगितामा तृतीय)

मानिसलाई कति जमिन चाहिन्छ ?

– लियो टाल्सटाय

एकाई- एक

एक दिन शहरमा रहेकी दिदी गाउँमा रहेकी आफ्नी बहिनीलाई भेट्न आइन्। दिदीको विवाह शहरका एकजना व्यापारीसंग भएको थियो भने वहिनी चाहिं गाउँकी किसान पत्नी थिइन्। दिदी वहिनीको भेटघाट पछिको चियापानमा दिदीले शहरको सुखी जीवनका फाइदाहरुको वर्णन गर्न थालिन्। उनले शहरको जीवन सुविधाजनक भएको वताइन्। शहरीयाहरु राम्रा लुगा लगाउँछन्, उनीहरु आफ्ना वच्चालाई राम्रा लुगा पहिऱ्याउँछन्, असल खानेकुरा खान्छन् र पिउँछन्, नाटक र सिनेमा हेर्न जान्छन्, घुम्न र मनोरञ्जन गर्न सक्छन् भन्दै दिदीले शहरको वयान गरिन्।

दिदीको कुरा सुनेर वहिनीले अपहेलित अनुभव गरिन्। त्यसपछि उनले किसानको जीवनका तुलनामा शहरीया जीवनलाई निकृष्ट भएको वताउन थालिन्।

उनले भनिन्- 'तिम्रो निम्ति म मेरो जीवन पद्धतिमा परिवर्तन गर्न चाहन्न।' उनी भन्दै गइन्- 'हाम्रो वसाइ सुन्दर छैन तर हामी कम्तिमा चिन्तामुक्त छौं। तिम्रो वस्ने शैली वढी राम्रो भए पनि तिमी कहिले चाहिने भन्दा वढी कमाउँछौ भने कहिले काहिं सवै स्वाहा पनि पार्न सक्छौ। तिमीलाई शायद यो उखान थाहै होला "नाफा र नोक्सान दुई जुम्ल्याहा दाजुभाइ हुन्।" यस्तो पनि हुनसक्छ कुनै दिन सम्पन्न भएको मानिस अर्को दिन खान पनि नपाएर माग्दै हिंड्न सक्छ। हाम्रो जीवन सुरक्षित छ। किसानको जीवनमा सम्पन्नता त हुँदैन तर यो जीवन स्थायी प्रकृतिको छ। हामी कहिल्यै धनी नहौंला तर हामी खाने कुरा भने प्रशस्त पाउँछौं।

वहिनीको यो कुरा सुनेर दिदीले खिसी गर्दै भनिन्- 'प्रशस्त ?' हो, तिमीहरु सुँगुर र गाईवस्तुसंगै मस्त मन पराउछौ भने त ठीकै छ। सभ्यताका वारेमा तिमीहरु के जान्दछौ र ? तिम्रा पतिले जतिसुकै परिश्रम गरे पनि तिमीहरु जसरी गोवरको रगतमाथि वसेका छौ त्यसरी नै मर्ने छौ र तिम्रा वालवच्चाहरु पनि त्यसरी नै वाँच्नेछन् र मर्नेछन् पनि।

यी कुरा सुनेर वहिनी रिसाई। उसले भनी "त्यसले के हुन्छ र ? हो, साँच्चै हाम्रो काम फोहरी र जटिल छ। तर हामीले कसैको अघि शिर झुकाउनु पर्दैन, यो पनि निश्चित छ। तर तिमी र तिमीजस्ता शहरीयाहरु सवैतिर लोभ र लालचले घेरिएका छौ। तिमीहरुको जीवनमा अहिले सवै ठीक होला तर भोलि तिम्रो जीवनमा शैतान पस्छ। तिम्रो श्रीमान् तास, रक्सी, आइमाईमा फस्छ र सम्पूर्ण विनास गरिदिन्छ। शहरमा यस्ता घटनाहरु प्रशस्त हुँदैनन् र ?"

घरको मुख्य मानिस पाहोम चुलाको छेउमा वसेर यी दुई आइमाईका कुराकानी सुनिरहेको थियो।

उसले सोच्यो 'यो सँच्चिकै सत्य हो। हामी जन्मदेखि नै अत्यन्त व्यस्त छौं। हामी किसानहरु सधैं व्यस्त रहने हुनाले हाम्रो वुद्धिमा कहिल्यै कुनै शैतान छिर्न पाउँदैन। हाम्रो एउटै मात्र पीडा के हो भने हामीसंग प्रशस्त जमिन छैन। यदि मसंग प्रशस्त जमिन भएको भए शैतान नै आए पनि डराउने थिइन।

त्यही समयमा शैतान चाहिं चुलाभन्दा पछाडि वसेर तिनीहरुले भनेका सवै कुरा सुनिरहेको थियो। त्यस किसानकी श्रीमतीले आफ्ना पतिलाई 'मसंग प्रशस्त जमिन भएको भए म शैतानसंग पनि डराउन्नथें' भन्ने अवस्थामा पुऱ्याएकाले ऊ किसान पत्नी संग मनमनै खुशी पनि भयो।

शैतानले मनमनै भन्यो- 'सवै राम्रो भयो।' "अव हाम्रो संघर्ष सुरु हुनेछ, अव म तँलाई प्रशस्त जग्गा दिनेछु र आफ्नो कब्जाभित्र लिनेछु।"

एकाई- दुई

त्यस गाउँको नजिकै एक जना महिला वस्थिन्। उनी एउटा सानो मौजाकी धनी हुनाले उनलाई जमिन्दारकै रुपमा चिनिन्थ्यो। उनीसंग ३०० एकड जमिन थियो। उनको आफ्ना मोहीसंग अत्यन्त राम्रो सम्वन्ध थियो तर उनले एउटा वूढो सिपाहीलाई आफ्नो कारिन्दा भर्ना गरेपछि चाहिं त्यसले विभिन्न किसिमका जरिवाना गरी किसानलाई दुःख दिन थाल्यो। पाहोमको होशियारी रहँदा रहँदै पनि कहिले घोडा फुत्केर ती वूढीको जमिनमा पुग्थ्यो र अन्नवाली विगार्थ्यो, कहिले गाई दौडेर वगैंचामा पुग्थ्यो भने कहिले वच्छावाच्छीहरु तिनका गौचरनमा पुग्थे। यस्तो अवस्थामा पाहोम सधैं दण्ड जरिवाना तिर्न वाध्य हुन्थ्यो।

पाहोम जरिवाना तिर्दै गर्थ्यो र घरमा पुगेर श्रीमतीसंग यही निहुँमा रिसाउँथ्यो, झगडा गर्थ्यो। त्यस ग्रीष्म कालमा उक्त कार्वाहीका कारण उसले अत्यन्त दुःख पायो। तर हिउँद याममा जव गाईवस्तुहरु वन्धनमा राख्न थालिए त्यसपछि चाहिं ऊ खुशी भयो। उसंग प्रशस्त घाँसे मैदान र चरन थिएन त्यसैले दुःख त पायो नै तर जरिवानावाट चाहिं ऊ मुक्त हुन पुग्यो। हिउँदमा ती महिलाले जमिन वेच्दैछिन् भन्ने खवर उसले पायो। ठूलो सडकको छेउको जग्गा चाहिं भट्टि पसलेले किन्नका लागि मूल्यमा दलाली गर्दैछ भन्ने पनि उसले सुन्यो। किसानहरु जग्गा विक्री सम्वन्धी कुरा सुनेर धेरै भयभीत भए। तिनीहरुले सल्लाह गरे यदि भट्टि पसलेले त्यो जमिन किन्यो भने वूढी महिलाको कार्वाहीमा भन्दा पनि वढी जरिवाना तिर्नु पर्नेछ, किनभने हामी सवै त्यही मौजामा निर्भर छौं।

त्यसपछि किसानहरु आफ्नो कम्युन (समूह खेतीवाला) को प्रतिनिधित्व गर्दै ती महिला कहाँ पुगे र त्यो जग्गा भट्टि पसलेलाई वेच्न भने। उनीहरुले भट्टि पसलेको भन्दा राम्रो मूल्य दिने कुरा पनि वताए। किसानका यी कुरामा महिला सहमत भइन्। त्यसपछि किसानहरुले आफ्नो कम्युनका तर्फवाट सवै मौजाको जमिन किन्ने प्रयास गरे। उनीहरु त्यो जग्गालाई वरावर भागमा वाँड्न चाहन्थे। उनीहरु दुई पटकसम्म जग्गा वितरणका सम्वन्धमा छलफल गर्न वसे तर जग्गा वाँडचुड गर्ने कुरा कुनै हालमा मिलेन। जव उनीहरु वाँडचुँडका लागि वस्थे त्यही वेला शैतान त्यहाँ प्रवेश गरी झगडा लगाइहाल्थ्यो। त्यसैले उनीहरुले व्यक्तिगत रुपमा नै जमिन किन्ने निर्णय गरे। ती महिला पनि यस कुरामा सहमत भइन्।

आफ्नो छिमेकीले आधा रकम यससाल र आधा रकम अर्कोसाल दिने गरी ५० एकड जमिन किन्दैछ भन्ने कुरा त्यही वेला पाहोमले सुन्यो। यस कुराले उसको मनमा इर्ष्या पैदा भयो।

उसले मनमनै सोच्यो 'हेर त, त्यत्रो जमिन विक्री हुँदैछ तर आफूले भने एक टुक्रा पनि किन्न सकिएन।' उसले यो कुरा आफ्नी पत्नीलाई पनि वतायो।

'अरु मानिसहरु किनिरहेका छन्' उसले थप्यो। 'हामीले पनि २० एकड जति जमिन त किन्नै पर्छ। जीवन अत्यन्त गाह्रो हुँदैछ, त्यस कार्वाहीको जरिवानाको पीडाले पनि हुनसम्म भइसक्यो, उसले भन्यो।

त्यसपछि तिनले राम्ररी सल्लाह गरे र कसरी जमिन किन्न सकिनेछ भन्ने वारेमा योजना वनाए। तिनीहरुसंग एक सय रुवल नगद थियो। तिनले आफ्ना घोडाका वछेडा वेचे र आधा माहुरी पनि वेचे। आफ्नो छोरालाई मजदुरका रुपमा काम गर्न पठाई त्यस वापत प्राप्त हुने ज्याला पेस्की स्वरुप लिए, केही नगद तिनले आफ्ना सालावाट लिए र जग्गा किन्नका लागि चाहिने आधा पैसा जम्मा पारे।

यति गरेपछि पाहोमले केही जंगलसहितको चालीस एकड जमिन छान्यो। उसले जग्गाको मूल्यका वारेमा ती महिलासंग दलाली पनि गऱ्यो। तिनीहरु जग्गा लिनदिन सहमत भए, तिनले एक अर्कामा हात मिलाए र जग्गा वापतको वैना पनि गरे। त्यसपछि तिनीहरुले शहरको माल कार्यालयमा गई सहीछाप गरे। आधा पैसा पाहोमले तुरुन्तै दियो र वाँकी पैसा दुई वर्षभित्र तिर्ने सम्झौता पनि भयो।

अव पाहोम मोही किसानवाट आफ्नै जग्गाको मालिक वन्यो। अव उसको आफ्नै जग्गा थियो। उसले वीउ ल्यायो र आफूले किनेको जग्गामा छऱ्यो। वाली असाध्य सप्रेर आयो र एक वर्षभित्रै ऊ ती महिला र आफ्नो सालोको ऋण तिर्न समर्थ भयो। त्यसैले अव ऊ आफ्नो जग्गाको सच्चा मालिक वन्यो। आफ्नो जग्गा आफैं जोत्ने, आफैं वीउ छर्ने, आफ्नो जग्गामा पराल आफैं वनाउने, आफ्ना रुखहरु आफै काट्न पाउने र आफ्ना गाईवस्तु आफै जग्गामा चराउन पाउने ऊ सच्चा जग्गाधनी वन्यो। जव ऊ आफ्नो

जमिन जोत्न जान्थ्यो वा आफ्नो बढिरहेको बाली हेर्थ्यो वा आफ्नै घाँसे मैदान देख्थ्यो, तब उसको हृदय खुसीले नाच्थ्यो। जब बढिरहेको घाँस वा फूलहरु देख्थ्यो उसलाई अरु कुनै जमिनको भन्दा त्यो असाध्य राम्रो लाग्थ्यो। यसभन्दा अघि त्यही बाटो हिंड्दा उसलाई यो जमिन अरु जमिन जस्तै लाग्थ्यो तर अहिले ऊ अरु सबै जमिनभन्दा आफ्नो जमिनलाई भिन्न र सुन्दर देख्न थाल्यो।

एकाई- तीन

पाहोम ज्यादै खुशी र सन्तुष्ट जीवन बाँचिरहेको थियो। उसको जीवनमा सबै कुरा ठीक थियो तर उसका छिमेकी किसानहरुले उसको बाली लगाएको जमिन र गौचरनमा गरेको अतिक्रमणले भने उसलाई चिन्तित बनायो। उसले तिनलाई विनम्रतापूर्वक निवेदन गऱ्यो तर अहँ तिनले सुनेनन्। कहिले वस्तु हेर्ने समूह गोठालाले उसका जमिनमा वस्तु छाडिदिन्थे त कहिले रातभर घोडाहरुले उसको बाली खाने र नास पार्ने गर्थे। पाहोमले तिनलाई पटक पटक खेद्यो, तिनका मालिकलाई बारम्बार भन्यो र माफी पनि दियो। लामो समयसम्म उसले तिनका विरुद्धमा उजुर पनि गरेन। तर अन्त्यमा उसले आफ्नो धैर्य गुमायो र जिल्ला न्यायालयमा गएर उजुर गऱ्यो। उसलाई किसानहरुलाई बढी जमिन चाहिन्छ भन्ने थाहा थियो र यसको कारण पनि कम जमिन हो भन्ने जान्दथ्यो। किसानको मनमा बदमासी थिएन भन्ने पनि उसले बुझेको थियो तापनि उसले विचार गऱ्यो 'तिनले मलाई नष्ट गरुन्जेलसम्म चुपचाप सहेर बस्न सक्दिन। तिनले अवश्य पनि पाठ सिक्नै पर्छ।'

त्यसपछि उसले किसानलाई एकपछि अर्को पाठ सिकाउन थाल्यो। २, ३ किसानलाई जरिवाना पनि गरायो। पाहोमका छिमेकी किसानहरु उसँग रिसाउन थाले। तिनले जानी जानी आफ्ना गाईवस्तु पाहोमका जमिनमा छाड्न थाले। एक जना किसान त राती पाहोमको जंगलमा गयो र बोक्राको प्रयोगका लागि अमलाका भर्खरका ५ वटा रुखहरु समेत ढाल्यो। पाहोम एक दिन जंगलको वाटो भएर जाँदा पाँच वटा बोक्रा ताछिएका अमलाका रुखहरु भुईमा ढालिएको देख्यो। उसले नजिकै पाँच ओटा फेदका ठुटाहरु पनि फेला पाऱ्यो। यस घटनाबाट पाहोम ज्यादै रिसायो। उसले मनमनै सोच्यो 'विभिन्न ठाउँका रुख विभिन्न ठाउँमा ढालेको भए पनि त्यति खराब हुन्नथ्यो। उसले फेरि सोच्यो 'तर यस बदमासले लहरैसंग पो रुख ढालेछ। मैले यसलाई पत्ता मात्र पनि लगाएँ भने काँ छाड्थें र।'

पाहोमले यस्तो कसले गर्न सक्छ भन्ने विचार गऱ्यो। अन्त्यमा ऊ सिमोनले यस्तो गरेको हुनुपर्छ भन्ने निर्णयमा पुग्यो। 'यो सिमोनले नै गरेको हुनुपर्छ, ऊ वाहेक अरु कसैले यस्तो गर्दैन' यही विचार गरेर ऊ सोझै सिमोनको घरमा गयो। घर वरिपरि हेऱ्यो तर कुनै प्रमाण फेला पारेन। तैपनि यो काम सिमोनले नै गरेको हो भन्ने निश्चयका साथ उसले न्यायालयमा उजुरी गऱ्यो। सिमोन न्यायालयमा हाजिर भयो। मुद्दा निरन्तर चलिरह्यो। अन्त्यमा सिमोन निर्दोष ठहरियो, उसका विरुद्ध कुनै पनि प्रमाणहरु फेला परेनन्। यस घटनाबाट पाहोम बढी दुःखित भयो र आफू भन्दा ठूलाहरु र न्यायाधीशहरुलाई रीस पोख्दै भन्यो- 'तपाईहरु चोरहरुसंग आफ्ना हात मिलाउनु हुन्छ। यदि तपाईहरु आफैसंग इमान्दार हुनुहुन्थ्यो भने यस्ता चोरहरु अवश्य पनि फुत्कन पाउने थिएनन्।'

यसरी पाहोमले आफ्ना छिमेकीहरु र न्यायाधिशसंग झगडा गऱ्यो। यसबाट पाहोमको घरमा आगो लगाई दिने धम्कीहरु पनि आउन थाले। यसरी पाहोमसंग जमिन धेरै भए पनि त्यस कम्युनमा उसको स्थिति हिजोभन्दा नराम्रो हुन पुग्यो।

यही समयमा धेरै मानिसहरु नयाँ स्थानमा बसाई सर्दैछन् भन्ने हल्ला चल्यो र त्यो हल्ला पाहोमसम्म पनि आइपुग्यो। पाहोमले पहिले आफू अर्को स्थानमा सर्नु कुनै आवश्यकता छैन भन्ने विचार गऱ्यो। फेरि विचार गऱ्यो 'तर कसैले यो गाउँ छाडेर गए भने म पुनः जमिन बढाउन सक्नेछु। म तिनको जग्गा किन्ने छु र आफ्नो मौजा ठूलो बनाउनेछु। त्यसपछि मेरो बसाइ सहज र सरल हुनेछ। म अझै पनि सुविधापूर्ण अवस्थामा पुगिसकेको छैन।"

एक दिन पाहोम आफ्नो घरमा बसिरहेको थियो। त्यही समयमा एक जना किसान गाउँबाट जाँदै थियो। पाहोमले त्यस किसानलाई घरमा बोलायो, रातभर राख्यो र खान समेत दियो। पाहोमले त्यस किसानसंग भलाकुसारी गऱ्यो। उसलाई कहाँबाट आएको भनी सोध्यो। त्यस आगन्तुक किसानले आफू भोल्गा पारीबाट आएको र त्यहीं काम गर्ने कुरा बतायों। कुराकानीकै क्रममा उसले धेरै मानिसहरु त्यस ठाउँमा बसाइँ सर्ने क्रम चलेको पनि बतायो। त्यहाँ कम्युनको सदस्य बन्ने वित्तिकै २५ एकड प्रतिव्यक्ति जग्गा पाउने कुरा पनि उसले सुनायो। त्यो जमिन असाध्यै उब्जाउ र उर्वर रहेको कुरा बताउँदै उसले त्यहाँ छरेको री (Rye) को बोट घोडा जत्तिकै अग्ला हुने र ५ गाँज मात्र काट्दा पनि अँगाला भरि हुने कुरा भन्यो। एउटा खाली हात आएको किसानले पछि चाँडै नै आफ्ना ६ ओटा घोडा र दुई ओटा गाईहरु जोरजाम गरेको कुरा पनि उसले बतायो।

किसानको यो कुरा सुनेर पाहोम निकै उत्साहित भयो। उसले विचार गऱ्यो- यदि अन्यत्र गएर सुख पाइन्छ भने यस साँगुरो ठाउँमा बसी मैले किन दुःख गर्ने ? म अब मेरो जग्गा बिक्री गर्नेछु र आफ्नो घर पनि बेचिदिन्छु। म त्यहाँ नयाँ तर स्वच्छ जीवन सुरु गर्नेछु। सर्वप्रथम त्यहाँ गएर आफैं सबै कुरा पत्ता लगाउनेछु।

ग्रिष्म लाग्नासाथ ऊ त्यस नयाँ ठाउँमा जान तयार भयो। ऊ जहाजका माध्यमबाट भोल्गातटको समरामा पुग्यो। त्यहाँबाट ३०० माइलको पैदल यात्रा पूरा गरी ऊ भनिएको स्थानमा पुग्यो। साँच्ची नै त्यो ठाउँ आगन्तुक मानिसले बताए जस्तै रहेछ। त्यहाँका किसानहरुसंग प्रशस्त जमिन रहेछ। प्रत्येक मानिसलाई सामूहिक खेतीबाट २५ एकड जमिन व्यक्तिगत प्रयोगका लागि दिइँदो रहेछ र पैसा भए अरु जमिन किन्न पाइने रहेछ। जमिनको मूल्य प्रति एकड २ सिलिङ मात्र पर्दो रहेछ।

पाहोमले सबै कुराको जानकारी लियो। ऊ घर फर्कदा शरद ऋतु भइसकेको थियो। घर फर्केर उसले आफ्नो श्रीसम्पत्ति बिक्री गऱ्यो। आफ्नो जमिन उसले नाफा सहित बेच्यो। उसले आफ्नो घरबारी, गाईवस्तु सबै बेच्यो र कम्युनबाट आफ्नो सदस्यता पनि फिर्ता गऱ्यो। ऊ वसन्तसम्म पर्ख्यो र वसन्त लाग्नासाथ आफ्नो परिवार सहित नयाँ स्थानमा बसाइँ सऱ्यो।

एकाई- चार

पाहोम र उसको परिवार चाँडै नै नयाँ ठाउँमा पुग्यो। त्यहाँ पुगेर उसले कम्युन प्रवेशका लागि आवेदन दियो। त्यहाँ उसले कम्युनका सज्जन प्रौढ मानिसहरुद्वारा लिइएको परीक्षा पनि उत्तीर्ण गऱ्यो। र आवश्यक कागजपत्र पनि बुझायो। उसले त्यहाँ सामूहिक जग्गाबाट ५ अंश जग्गा प्राप्त गऱ्यो। यो जग्गा ऊ र उसका छोराहरुको प्रयोगका लागि दिइएको थियो र एकै परिवारमा अब उसले १२५ एकड जग्गा प्राप्त गऱ्यो र गौचरनका लागि समेत छुट्टै जग्गा पायो। पाहोमले आफ्नो आवश्यकतानुसारको घर पनि बनायो र वस्तु भाउ पनि किन्यो। अब उसले आफ्नो पहिलेको भन्दा तीन दोब्बर बढी जमिन पायो। उसको यो जमिन पहिलेको जमिनभन्दा उब्जाउ र मलिलो पनि थियो। उसले पहिलेको भन्दा दसगुणा आनन्द र सन्तुष्टि महसुस गऱ्यो। उसँग प्रशस्त उब्जाउ भूमि र गौचरन थियो र उसले आफूले सक्ने जति वस्तुभाउ पनि सजिलै पाल्न सक्ने थियो।

घर बनाएर बस्ने हतारमा सुरुसुरुमा सन्तुष्ट भए पनि जब ऊ व्यवस्थित हुँदै गयो त्यसपछि पुनः ऊ त्यति जग्गाबाट सन्तुष्ट हुन सकेन। उसलाई अझै बढी जमिनको चाहना हुन थाल्यो। साझा जमिनमा पहिलो वर्ष लगाएको गहुँ पनि असाध्यै फल्यो। त्यहाँ ऊ सँधै गहुँ नै गहुँ होस् भन्ने चाहन्थ्यो तर सँधै गहुँ छर्नका लागि साझा जमिन पाइदैनथ्यो। एकपल्ट गहुँबाली लगाइसकेको जमिनमा १/२ वर्ष घाँसले ढाक्ने बनाएपछि मात्र त्यो जमिन पुनः गहुँबाली लगाउन योग्य हुन्थ्यो। त्यहाँ यस्तो जमिन चाहने धेरै मानिसहरु थिए तर सबैका लागि प्रशस्त जमिन थिएन। यही निहुँमा त्यहाँ बारम्बार झगडा भइरहन्थ्यो। आफ्नो अवस्था राम्रो हुने किसानहरु गहुँ नै छर्न चाहन्थे भने गरीब किसानहरु आफूले प्राप्त गर्ने जमिन डिलरलाई दिई त्यसबाट उठेको पैसाले आफूले तिर्नु पर्ने कर तिर्थे। पाहोम बढी गहुँ उब्जाउन चाहन्थ्यो। त्यसैले उसले जमिन्दारसंग भाडामा एक वर्षका लागि जमिन लियो। उसले त्यसमा प्रशस्त गहुँ फलायो। तर त्यो जमिन उसको गाउँबाट टाढा थियो। यो गहुँ बेच्न लैजान पनि १० माइल यात्रा तय गर्नु पर्थ्यो। केही समयपछि पाहोमले केही किसानहरु आफ्नो छुट्टै जमिनमा बसेका छन् र प्रशस्त गहुँ उत्पादन गरेका छन् भन्ने थाहा पायो। त्यसैले उसले पनि विचार गऱ्यो 'मैले केही व्यक्तिगत जमिन किनें र त्यो मेरो घर नजिकै

पनि भयो भने मेरो अवस्था यो भन्दा भिन्न, सुन्दर र सहज हुनेछ।'

यसरी निजी जमिन किन्ने कुरा उसको मनमा सधैं उठिरह्यो।

तीन वर्षसम्म जमिन भाडामा लिने र गहुँ छर्ने क्रम निरन्तर चलिरह्यो। मौसम सदैव राम्रो रह्यो र वाली पनि सधैं राम्रो भइरह्यो। यसले गर्दा उसले पैसा पनि वचत गऱ्यो। ऊ यत्तिमै पनि सन्तुष्ट वन्न सक्थ्यो होला तर प्रत्येक वर्ष अर्काको जमिन भाडामा लिनु पर्ने कुराले उसलाई दिक्दार वनायो। जहाँ राम्रो जग्गा पाइन्थ्यो त्यसका लागि सधैं झगडा गर्नुपर्ने हुन्थ्यो। राम्रो जग्गाका लागि किसानहरुका वीच हारालुछ हुन्थ्यो र समयमा लिन नसके रित्तै हात वस्नु पर्थ्यो। तेस्रो वर्षमा आएर पाहोमले अर्को डिलरसंग मिली गौचरन समेत भाडामा लियो। यसलाई उनीहरुले आवाद पनि गरे। आवाद गर्नासाथ त्यस जग्गामा विवाद सिर्जना भयो र किसानहरु न्यायालयमा पुगे। पाहोमले सवै मिहेनत र श्रम गुमायो र नोक्सानीमा पऱ्यो।

पाहोमले विचार गऱ्यो 'यदि मेरो आफ्नै जग्गा भइदिएको भए म स्वतन्त्र हुन्थें र यस किसिमको झन्झटमा फस्नु पर्ने थिएन।'

यसपछि पाहोम आफूले किन्न सक्ने जमिनको खोजी गर्न थाल्यो। एक दिन ऊ तेह्र सय एकड जमिन किनेको किसान कहाँ पुग्यो। उसलाई पैसाको संकट परेकाले आफ्नो जमिन तुरुन्तै केही कम मूल्यमा नै भए पनि विक्री गर्न चाहन्थ्यो। पाहोमले उसंग दलालि गऱ्यो र जमिन प्राप्त गर्न प्रशस्त प्रयास पनि गऱ्यो। अन्त्यमा त्यसको मूल्य पन्ध्र सय रुवल तय भयो र आधा रकम यही साल र आधा चाहिं अर्को साल दिने गरी सम्झौता पनि भयो। उनीहरु काम कुरा मिलाएर कागज गर्न तयार भएको समयमा एक जना डिलर आफ्नो घोडालाई दाना खुवाउन पाहोमको घरमा आयो। उनीहरुले संगै चिया खाए र कुराकानी पनि गरे। त्यो डिलर भर्खरै वास्किरवाट फर्केको थियो र उसले तेह्र हजार एकड जमिन एक हजार रुवलमा किनेको कुरा वतायो। वास्किर त्यहाँवाट निकै टाढा थियो। पाहोमलाई उसको कुरामा पूरा विश्वास भएन त्यसैले सवै कुरा वताउन भन्यो। त्यस मानिसले भन्यो "यसका लागि तिनीहरुको प्रमुखसंग मित्रता गाँस्नु आवश्यक छ। मैले उसलाई १०० रुवल पर्ने रेशमको कपडा र कार्पेट दिएँ। चिया र रक्सी पनि लगिदिएँ। त्यसपछि त्यो जमिन मैले एक पेनी प्रति एकड भन्दा पनि कम मूल्य तिरी प्राप्त गरें। उसले आफ्नो जग्गाको धनीपूर्जा पनि पाहोमलाई देखायो र भन्यो- "त्यो जमिन नदी किनारामा छ र सवै जमिन उव्जाउ छ।" पाहोमले जग्गा पाइने प्रक्रियाका वारेमा सोधेपछि त्यस मानिसले भन्यो- 'तिमीले एक वर्षसम्म हिंडेर पनि हिड्न नसकिने जग्गा त्यहाँ छ र त्यो सवै जग्गा वास्किरवासीकै अधिनमा छ। तिनीहरु भेडा जस्तै अत्यन्त सरल हुन्छन् र जमिन त्यसै पाइन्छ भने पनि हुन्छ।"

पाहोमले सोच्यो- त्यसो हो भने मसंग भएको एक हजार रुवलले तेह्र सय एकड मात्र किन किन्ने त्यसमा अरु ऋण पनि किन थप्ने ? यदि म त्यहाँ गएँ र जग्गा किनें भने यति नै पैसाले दस दोब्बर वढी जग्गा किन्न पाउने छु।'

एकाई- पाँच

पाहोमले त्यस मानिससंग वास्किर जाने वाटोको वारेमा सोध्यो। चाँडै नै ऊ त्यस ठाउँमा जान तयार भयो। उसले आफ्नी पत्नीलाई घरमै छाड्यो र एक जना नोकरका साथ यात्रा सुरु गऱ्यो। वाटामा पर्ने शहरमा उनीहरु केही दिन रोकिए र व्यापारीको सल्लाहअनुसार चिया, केही रक्सीका वोतल तथा अन्य उपहारहरु किने। त्यसपछि उनीहरुले ३०० माइल यात्रा पूरा गरे। सात दिनसम्म लगातार हिंडेपछि मात्र उनीहरु वास्किर भए ठाउँमा पुगे। त्यहाँ उनीहरु पाल टाँगेर वसिरहेका थिए। यो स्थल भिरालो भूमिमा आगन्तुक व्यापारीले भने जस्तै थियो। उनीहरु नदीको छेउको भूमिमा वस्थे र तिनीहरुको वसाई पालभित्र थियो। न तिनीहरु खेती गर्थे न रोटी नै खान्थे। तिनका गाईवस्तु र घोडाहरु त्यही भूमिमा यताउती दौडन्थे। घोडाका वछेडा पालको पछाडि वाँधिएका थिए र तिनलाई दिनको दुई पटक आफ्ना माउको दूध चुसाइन्थ्यो। घोडीहरुको दूध दुहिन्थ्यो र त्यसवाट कुमिस (दुधवाट वनेको पेय पदार्थ) वनाइन्थ्यो। कुमिस वनाउने काम महिलाहरुले गर्थे। उनीहरु दुधवाट चिज पनि वनाउँथे। पुरुषहरु कुमिस र चिया पिउँथे, मासु खान्थे, वाँसुरी वजाउँथे र एक अर्काप्रति वास्ता गर्दथे। तिनहिरु हट्टकट्टा र वलिया थिए। वर्षायामभरि उनीहरु कुनै पनि कामका वारेमा सोच्दै सोच्दैनथे। तिनीहरु सरल र निर्दोष थिए र रुसी भाषा जान्दैनथे।

जव उनीहरुले पाहोमलाई देखे, उनीहरु पालवाट वाहिर निस्के र आगन्तुकका वरिपरि झुम्मिए। पाहोमले एउटा दोभासे पत्ता लगायो र आफू केही जमिनका विषयमा कुरा गर्न आएको वतायो। वास्किरहरु यो सुनेर ज्यादै खुसी भए। उनीहरुले पाहोमलाई डोऱ्याएर लगी सवैभन्दा राम्रो पालमा वसाए। सवैभन्दा राम्रो चकटी भएको कार्पेटमा उसलाई वसाई आफूहरु उसको वरिपरि वसे। पाहोमलाई उनीहरुले चिया र कुमिस पिउन दिए। भेडो मारी त्यसको परिकार खुवाए। पाहोमले आफ्नो झोलावाट उपहार लगेको सामान निकाल्यो र वास्किरहरुलाई वाँड्यो। यो देखेर वास्किरहरु अत्यन्त हर्षित भए। उनीहरुले आपसमा धेरै कुराकानी गरे र दोभासेलाई आफ्ना कुराहरु अनुवाद गर्न लगाए।

'तिनीहरु तपाईसंग ज्यादै खुशी छन्' दोभासेले भन्यो। "तिनीहरुले तपाईलाई मन पराए, एउटा अतिथिलाई राम्ररी स्वागत गर्नु र उसको उपहारप्रति सम्मान गर्नु हाम्रो परम्परा र संस्कृति हो। तपाईले हामीलाई उपहार दिनुभयो, तपाई हामीवाट कुन त्यस्तो कुरा चाहनु हुन्छ जसवाट तपाई हामीसंग सन्तुष्ट हुनुहुनेछ। हामी तपाईले भने अनुसार गर्न चाहन्छौं।"

पाहोमले भन्यो 'मलाई ज्यादा मन परेको कुरा तपाईहरुको जमिन हो। हाम्रो भूमिमा वस्ती ज्यादा वाक्लो भयो र माटो पनि त्यति उव्जाउ छैन। तपाईहरुसंग प्रशस्त जमिन छ र त्यो राम्रो पनि छ। मैले यति राम्रो जमिन अहिलेसम्म देखेकै थिइन।

दोभासेले पाहोमको कुरा तिनका भाषामा अनुवाद गरिदियो। केही छिनसम्म वास्किरहरुले आपसमा कुराकानी गरे। पाहोमले उनीहरुले के भनिरहेका छन् भन्ने कुरा वुझेन। तर उनीहरु ज्यादै खुशी भएको र हाँस्दै र कराउदै गरेको चाहिं उसले थाहा पायो। त्यसपछि उनीहरु शान्त भए र पाहोमतिर हेरे। दोभासेले भन्यो- 'उनीहरु तपाईको उपहारको सट्टामा तपाईले जति चाहनुहुन्छ त्यति जमिन दिन तयार छन्। तपाईले मेरो जमिन यति हो भनी औंल्याइदिनु मात्र पर्नेछ।'

केही छिनसम्म वास्किरहरुले कुराकानी गरे, विवाद पनि गर्न थाले। वास्किरहरु किन विवाद गरिरहेका छन् भन्ने विषयमा पाहोमले दोभासेलाई सोध्यो। दोभासेले मुखिया (सरदार) को उपस्थिति विना जग्गाको वारेमा निर्णय गर्नु हुँदैन र मुखियाको उपस्थिति विना पनि जग्गाको विषयमा निर्णय गर्न सकिन्छ भन्ने विषयमा विवाद भइरहेको स्पष्ट पाऱ्यो।

एकाई- छ

वास्किरहरु विवाद गरिरहेकै थिए। त्यही समयमा एउटा ठूलो फ्याउराको रौं भएको टोपी लगाएको मानिस त्यहाँ देखा पऱ्यो। सवै वास्किरहरु चुपचाप भए र जुरुक्क उठे। 'उहाँ नै हाम्रो मुखिया हुनुहुन्छ' भन्दै दोभासेले पाहोमसंग मुखियाको परिचय गरायो।

पाहोमले तुरुन्त सवैभन्दा राम्रो गाउन र पाँच पाउण्ड चिया मुखियालाई उपहारस्वरुप टक्र्यायो। मुखियाले ती उपहारहरु स्वीकार गऱ्यो। आफू उच्च आसनमा वस्यो। वास्किरहरुले उसलाई केही कुरा भनिरहेका थिए। मुखियाले केहीक्षण तिनका कुरा सुन्यो र आफ्नो टाउको हल्लाउँदै उनीहरुलाई चुप रहन इशारा गऱ्यो। त्यसपछि पाहोमलाई सम्वोधन गर्दै रुसी भाषामा भन्यो- 'ठीक छ, तपाईले भने अनुसार गरौंला। तपाईलाई मन परेको जमिनको टुक्रा छान्नुहोस्। हामीसंग जमिन प्रशस्त छ।'

'मैले इच्छा गरे जति जमिन कसरी लिन सकिएला, पाहोमले मनमनै सोच्यो। यसलाई सुनिश्चित गर्न कागज गर्नै पर्ला, नत्र त अहिले उनीहरुले यो तेरो जमिन हो भन्लान् तर पछि चाहिं फिर्ता लेलान्' उसले पुनः सोच्यो।

'तपाईका यी शव्दहरुका लागि धन्यवाद' उसले मुखियालाई भन्यो। "तपाईसंग जमिन प्रशस्त छ तर म अलिकति मात्र चाहन्छु। तर कुन चाहिं जमिन मेरो हो भन्ने वारेमा म ढुक्क हुन चाहन्छु। यो जमिन नाप्न र मेरो भाग छुट्याउन सकिंदैन र ? जीवन र मृत्यु भन्ने कुरा ईश्वरका हातमा छ। तपाई इमान्दार हुनुहुन्छ र मलाई जग्गा दिनुहुन्छ तर तपाईका सन्तान कस्ता होलान र त्यो जग्गा फिर्ता पनि लिन सक्लान्।"

'तपाईले ठीक भन्नुभयो' मुखियाले भन्यो। 'यो जमिन तपाईको स्वामित्वको वनाएरै दिन्छौं।' भन्यो 'एक जना डिलर पनि यहाँ आएको कुरा मैले सुनें। उसले यहाँ आएर केही जमिन पनि प्राप्त गरेछ र त्यसलाई पक्का वनाउन तपाईले लिखत पनि गरिदिनु

भएछ। मलाई पनि त्यसै गरी दिनु भए म ढुक्क हुने थिएँ।'

मुखियाले पाहोमको कुरा बुझ्यो। उसले भन्यो 'ठीक छ, यो कुरा सजिलै गर्न सकिन्छ। हामी यहाँ घरायसी कागज गरौंला र शहरमा गई अड्डाबाट राजिनामा पास पनि गरौंला।

'अनि यस जग्गाको मोल चाहिं कति होला।?' पाहोमले जिज्ञासापूर्वक सोध्यो।

'हाम्रो मूल्य जहिले पनि निश्चित छ। एक दिन बराबरको मूल्य एक हजार रुवल हुनेछ।'

पाहोमले यो कुरा बुझ्न सकेन। उसले सोध्यो- 'एक दिन ? यो कस्तो नापी होला ? यसमा कति एकड जमिन पर्ला ?'

'कति एकड हुन्छ भन्ने कुरा त हामीलाई थाहा छैन' मुखियाले भन्यो। 'हामी यसलाई दिनका आधारमा बिक्री गर्छौं। तपाईले दिनभरमा कति जग्गामा आफ्ना पाइला दौडाउन सक्नु हुन्छ त्यसबाट घेरिएको सबै जमिन तपाईको हुनेछ र त्यसको मूल्य दिनभरको एक हजार रुवल हुनेछ।'

मुखियाको कुरा सुनेर पाहोम अचम्म पऱ्यो। 'तर एक दिनमा त साढै धेरै जमिनमा घेरा हाल्न सकिन्छ' उसले भन्यो।

पाहोमको कुरा सुनेर मुखिया एकछिन हाँसिरह्यो र भन्यो- 'त्यो सबै तपाईकै हुनेछ। तर यसका लागि एउटा शर्त चाहिं अनिवार्य हुनेछ। तपाईले जहाँबाट बिहानको सूर्योदयमा आफ्नो यात्रा सुरु गर्नुहुन्छ, सूर्यास्तसम्ममा त्यही बिन्दुमा अनिवार्य आइपुग्नु पर्नेछ। सुरु भएको ठाउँबाट हिंडेर त्यही ठाउँमा दिनभरिमा आइ नपुगेमा तपाईले आफ्नो पैसा पनि गुमाउनु हुनेछ।'

'तर जहाँ जहाँ पुगें त्यसको चिन्ह म कसरी लगाउन सक्छु र ?' पाहोमले भन्यो।

'यसको लागि चिन्ता गर्नु पर्दैन। तपाई जहाँ जहाँ पुग्नु हुन्छ हामी त्यहीं त्यहीं पुग्नेछौं। तपाई जुन ठाउँबाट यात्रा सुरु गर्नुहुन्छ त्यहीं एउटा खाडल खन्नुहोस् र घुम्न थाल्नुहोस्। तपाईको पछिपछि हामी हुनेछौं। हरेक घुम्तीमा प्वाल पार्नुहोस् र स्याउला राख्नुहोस्। हामी हलो लिएर ती प्वाल प्वालमा पछ्याउने छौं। तपाई साढै ठूलो घेरो बनाउन सक्नहुनेछ तर सूर्यास्तभन्दा अगाडि नै तपाईले यात्रा सुरु गरेको ठाउँसम्म अवश्य आइपुग्नै पर्नेछ। तपाईले जति जमिनमा घेरा हाल्न सक्नुहुन्छ त्यति नै तपाईको हुनेछ।'

मुखियाको यो कुरा सुनेर पाहोम ज्यादै खुशी भयो। भोलिपल्ट बिहानै यात्रा सुरु हुने निर्णय भयो। तिनीहरुले कुराकानी सिध्याएपछि केही बढी कुमिस पिए, प्रशस्त मासु खाए र चिया पनि पिए। त्यसपछि निकै राती भयो। पाहोमलाई उनीहरुले भुवादार र नरम ओछ्यानमा सुताए। भोलिपल्ट बिहानै उज्यालो हुनासाथ निर्धारित स्थानमा भेट्ने वाचा गरी उनीहरु सुत्न गए।

इकाई- सात

पाहोम भुवादार ओछ्यानमा सुते पनि निदाउन भने सकेन। ऊ जमिनकै बारेमा विचार गर्न थाल्यो।

'कतिसम्म जमिनको टुक्रामा चिन्ह लगाउन सकिएला' ऊ सोचिरहेको थियो। 'अहिलेको दिन लामा पनि छ त्यसैले एक दिनमा म सजिलै ३५ माइलमा घेरो हाल्न सक्छु। त्यो जमिन कति धेरै हुनेछ ? म सबैभन्दा नराम्रो जमिन बिक्री गर्नेछु अथवा किसानलाई कमाउन दिनेछु। दुई हल गोरु पनि किन्ने छु र दुईजना नोकरहरुको पनि व्यवस्था गर्नेछु। एक सय पचास एकड जति जमिनमा खेती गर्नेछु र बाँकी जमिनलाई चाहिं पशुचरन बनाउने छु।'

पाहोमलाई रातभर निदा परेन। ऊ ओछ्यानमा पल्टि मात्र रह्यो। उज्यालो हुने बेलामा उसका आँखा झमक्क भए। उसले त्यही बेला एउटा सपना देख्यो। सपनामा ऊ पालमा सुतेको रहेछ। पालको बाहिरपट्टि उसले कोही खितखिताएको सुन्यो। खितखिताउने को होला भनी ऊ छक्क पऱ्यो। ऊ जुरुक्क उठ्यो र बाहिर गयो। त्यहाँ उसले बास्किर मुखिया बसिरहेको देख्यो। त्यो मुखिया पालको छेउ समाती लडिबुडी गर्दै हाँसिरहेको थियो। मुखियाको नजिकै पुगि पाहोमले सोध्यो- 'तपाई किन हाँसिरहनु भएको हो ?' तर उसले देख्यो यो त मुखिया होइन रहेछ। यो त उसलाई जग्गाको विषयमा जानकारी दिने घोडा सहित आउने डिलर पो रहेछ। पाहोमले तुरुन्त उसका अघि पुगेर 'तपाई यहाँ कहिलेदेखि हुनुहुन्छ ?' भनी सोध्दै गर्दा उसले देख्यो त्यो त डिलर पनि होइन रहेछ।

ऊ त भोल्गा पारिबाट उसलाई पुरानो जग्गाको विषयमा सूचना दिन आउने किसान पो रहेछ। त्यसपछि उसले देख्यो त्यो त किसान पनि होइन रहेछ। त्यो त खुर र सिङसहितको काल पो रहेछ। त्यो काल त्यहीं बसेर हाँसिरहेको थियो। उसको छेउमा नाङ्गै खुट्टा भएको एउटा मानिस लडिरहेको थियो। ऊ लम्पसार थियो र लुरुवाल र कमिज मात्र लगाएको थियो। सपनामै उसले ध्यान दिएर हेर्दा लम्पसार परिरहेको मानिस अरु कोही नभएर पाहोम आफै थियो र ऊ मृत अवस्थामा थियो। यस्तो भयंकर सपना पश्चात् पाहोम निद्राबाट व्युँझियो।

'यस्तो सपना पनि देखिंदो रहेछ' उसले सोच्यो।

उसले यसो बरिपरि आँखा दौडायो। झ्याल र ढोकाहरुबाट उज्यालो छिर्न थालेको थियो।

उसले सोच्यो 'अब उठ्ने समय भयो। अब आफ्नो कर्म सुरु गर्नुपर्छ।'

ऊ ओछ्यानबाट उठ्यो। आफ्नो गाडीमा सुतिरहेको नोकरलाई उठायो र घोडा कस्न लगायो। त्यसपछि ऊ बास्किरहरुलाई उठाउन गयो। उसले भन्यो- 'अब जमिन नाप्न जाने समय भएन र ?'

बास्किरहरु पनि उठे, एकै ठाउँमा भेला भए। त्यसबेलासम्ममा उनीहरुको प्रमुख पनि आइपुग्यो। त्यसपछि उनीहरु फेरि कुमिस पिउन थाले र पाहोमलाई चिया पिउन अनुरोध गरे तर उसले पर्खन चाहेन।

'अब हामी जाऔं, हामी जानै पर्छ। ज्यादै ढिलो भइसक्यो।' उसले भन्यो।

एकाई- आठ

बास्किरहरु तयार भए। उनीहरु हिंडि पनि हाले। कसैले गाडी चढे भने कसैले घोडा चढे। पाहोमले आफ्नो सानो गाडी हाँक्यो। उसले आफ्नो साथमा आफ्नो नोकरलाई पनि चढायो र एउटा कोदालो पनि लियो। जब उनीहरु एउटा ढिस्कोमाथि उक्ले (जसलाई बास्किरहरु सिखान भन्ने गर्थे) र आफ्ना गाडी र घोडाबाट ओर्ले र एकै ठाउँमा जम्मा भए। त्यसपछि मुखिया पाहोमको नजिकै आयो र जमिनतर्फ हात देखाउँदै भन्यो- 'हेर्नुहोस्, तपाईका आँखाले भ्याएसम्मको यो सबै जमिन हाम्रै हो। तपाईलाई मन परेको कुनै पनि भाग लिन सक्नु हुनेछ।'

पाहोमका आँखा चकित भए। यो माटो अत्यन्त उर्वर थियो र भर्खरै आबाद गरिएको थियो। यो हातका हत्केला जस्तै सम्म मैदानी भाग थियो र अफिमको बीउ जस्तै कालो थियो। घाँचहरुमा विभिन्न किसिमका घाँसहरु लहलह भएर अग्लिएका थिए।

मुखियाले आफ्नो फ्याउरोको भुत्ला भएको टोपी खोली जमिनमा राख्यो। 'चिन्ह यहीं हुनेछ। यहाँबाट सुरु हुनेछ र फर्केर पुन: यहीं आइपुग्नु पर्नेछ। तपाईले फेरो मारे जति सबै जमिन तपाईकै हुनेछ।' सुरु हुने स्थानतर्फ संकेत गर्दै मुखियाले भन्यो।

पाहोमले आफ्नो पैसा निकाल्यो र फ्याउरोको रौं भएको टोपीमा राख्यो। त्यसपछि उसले आफ्नो बाहिरी कोट फुकाल्यो। त्यसको भित्रपट्टि उसको इस्टकोट भने रहेकै थियो। उसले आफ्नो पटुका खोल्यो र त्यसलाई कम्मरमुनि लगेर कस्यो। आफ्नो रोटीको सानो झोला आफ्नो इस्टकोटको खल्तीमा राख्यो र पानीको भाँडो पनि कम्मरमा झुन्ड्यायो। उसले आफ्नो जुत्ता कस्यो, आफ्नो नोकरबाट कोदालो लियो र हिंड्नका लागि तयार भयो। केही क्षणका लागि उसले कतावाट सुरु गर्नु ठीक होला भनी विचार गऱ्यो, उसले जताततै आकर्षक र लोभ्याउने जमिन मात्र देख्यो।

'केही छैन, म सर्वप्रथम सूर्योदय भएतिरबाटै सुरु गर्नेछु' उसले निर्णय गऱ्यो।

त्यसपछि ऊ पूर्वतिर फर्क्यो, आफूलाई तयार पाऱ्यो र सूर्योदयका लागि पर्ख्यो। 'मैले समय नष्ट गर्नु हुँदैन' उसले विचार गर्दै पुन: सोच्यो 'बिहानको चिसो हुँदै दौडन बढी सजिलो हुनेछ।' माथि क्षितिजमा सूर्यको किरण देखा पर्न मात्रै के लागेको थियो, पाहोम काँधमा कोदालो भिरेर घाँसे मैदानतिर लाग्यो।

पाहोम यात्राको प्रारम्भमा न चाँडो न ढिलोको अवस्थामा हिंड्यो। एक हजार गज पूरा गरेपछि ऊ रोकियो, एउटा खाडल खन्यो र देखिने गरी केही स्याउला त्यहाँ खसायो। त्यसपछि ऊ पुन: हिंड्न थाल्यो। त्यसपछि उसले आफ्ना हिंडाइको गति केही बढाउन थाल्यो। केही समयपछि पुन: उसले अर्को खाडल बनायो।

यात्राकै समयमा पाहोमले पछि फर्केर हेऱ्यो। पहिलेको ढिस्को सूर्यको उज्यालोमा टलक्क टल्किरहेको थियो। त्यसमाथि मानिसहरु बसिरहेका थिए र गाडीका पाङ्ग्रा पनि टल्किरहेका थिए। पाहोमले अन्दाजी ३ माइलको यात्रा पूरा गरेको निष्कर्ष निकाल्यो। गर्मी

वढिरहेको थियो। पाहोमले आफ्नो इस्टकोट फुकालेर काँधमा हाल्यो, त्यसपछि पुन: आफ्नो यात्रा सुरु गऱ्यो। गर्मी अझै पनि वढिरहेकै थियो, त्यही बेला उसले आकाशतिर हेऱ्यो। यसवेला विहानको खाजा खाने वेला भएको अनुमान पाहोमले गऱ्यो। 'दिनको पहिलो भाग (प्रहर) सकियो तर दिनका ४ भाग हुन्छन्। त्यसैले अहिले नै घुमिहाल्ने समय भएको छैन। वरु अव जुत्ता चाहिं खोलौं कि ?' उसले आफैलाई प्रश्न गऱ्यो।

ऊ एकछिन वस्यो, आफ्ना जुत्ता खोल्यो, तिनलाई कम्मरको पेटीमा झुण्ड्यायो। यसवेला उसलाई हिंड्न निकै सजिलो भयो। 'म अव अर्को तीन माइल जान्छु, त्यसपछि मात्र देव्रेपट्टि घुम्छु।" उसले सोच्यो। 'यो जमिन धेरै राम्रो रहेछ, त्यसैले यसलाई गुमाउनु दु:खको कुरा हुनेछ। जति अगाडि वढ्दै गयो उति राम्रो जमिन रहेछ।' उसले पुन: सोच्यो।

केही समयका लागि ऊ सोझै हानियो त्यसपछि उसले फर्केर हेऱ्यो- आफूले यात्रा सुरु गरेको पछाडि ढिस्को सानो देखिन्थ्यो र त्यहाँ वसेका मानिसहरु कमिला जत्रा मात्र देखिन्थे। तिनीहरु घाम्मा टल्केका कुनै चिज जस्ता मात्र देखिएका थिए। ओहो, म यस दिशामा ज्यादै टाढा गएछु, अव घुम्ने वेला भएछ। म तिखार्एछु र पसिनाले पनि निथुक्क भइसकेछु।' पाहोमले सोच्यो।

ऊ टक्क अडियो। एउटा खाडल खन्यो र केही स्याउला त्यहाँ राख्यो। त्यसपछि उसले पानीको वोतल खोली पानी खायो र देव्रेतर्फ मोडियो। ऊ गइरह्यो अनि गइरह्यो। त्यस ठाउँमा घाँस अग्लिएको थियो र असाध्य गर्मी पनि थियो।

पाहोमले थकित भएको महसुस गऱ्यो। उसले आकाशतिर हेऱ्यो, यसवेला ठीक मध्यान्ह भएको थियो।

'अव मैले आराम गर्नुपर्छ।' उसले विचार गऱ्यो। ऊ थचक्क वस्यो केही रोटी र अलिकति पानी खायो। तर ऊ ढल्केन, ढल्केमा निदाइएला भन्ने विचारले उसले ढल्कने इच्छा गरेन। केही क्षण आराम गरेपछि उसले पुन: यात्रा सुरु गऱ्यो। केही छिन त ऊ सजिलै हिंड्यो र खानाले पनि उसलाई केही शक्ति दिएकै थियो। गर्मी ज्यादै वढ्नाले उसलाई थकाइ लाग्न थाल्यो। तैपनि उसले सोच्यो 'केही घण्टाको दु:खले जीवनभरि सुख पाइनेछ।'

यस दिशामा पनि ऊ निकै टाढासम्म पुग्यो। जव ऊ अर्को घुम्तीका वारेमा सोचिरहेको थियो। त्यहीं उसले ओसिलो प्रकारको जमिन देख्यो। 'यो जमिन गुमाउनु असाध्य नराम्रो हुनेछ।'

'यहाँ त आलस कस्तो राम्रो हुन्छ।' उसले अझै सोच्यो। त्यसपछि ऊ त्यहीं ओसिलो घाँच छिचोलेर अगाडि वढ्यो। त्यसको अर्कोपट्टि एउटा खाडल खन्यो र अर्को घुम्तीतर्फ लाग्यो। पाहोमले ढिस्कोतर्फ आँखा लगायो। गर्मीका कारण हावा पनि नभए जस्तो थियो र ढिस्को र ढिस्कोका मानिसहरु चाहिं हो कि होइन जस्ता मात्र देखिन्थे।

पाहोमले विचार गऱ्यो "ओहो, मैले यो छेउ पनि निकै लामो नै वनाएछु" यसलाई चाहिं छोट्याउनै पर्छ भन्दै ऊ छिटोछिटो गर्दै तेस्रो घुम्तीतिर लाग्यो। उसले आकाशतिर आँखा लगायो, अव घाम अस्ताउन आधा समय मात्र वाँकी थियो। वर्गिकारको यस तेस्रो लाइनमा उसले दुई माइल यात्रा पनि पूरा गरेको थिएन। ऊ उद्देश्यवाट अझै १० माइल टाढा थियो। 'अहँ यसले मेरो जमिनलाई चुच्चो वनाए पनि, मैले अव सिधा जान हतारिनै पर्छ। म अव धेरै टाढा जान त सक्छु तर मलाई जमिन पर्याप्त भैसकेको छ।

त्यसपछि पाहोमले हतार हतार खाडल वनायो र सोझै थुम्कातिर हानियो।

एकाई- नौ

पाहोम सोझै थुम्कोतिर हानिए पनि अव उसलाई हिंड्न एकदमै गाह्रो भइरहेको थियो। ऊ गर्मीका कारण एकदमै थकित थियो। उसका नाङ्गा खुट्टा काटिएका थिए, कोरिएर हिंड्नै नसक्ने भएका थिए। ऊ आराम गर्न चाहन्थ्यो, तर घाम अस्ताउनु अघि नै गन्तव्यमा पुग्नै पर्ने हुनाले यो असंभव थियो। सूर्यले मानिसलाई नपर्खने हुनाले यो निरन्तर तल-तल झरिरहेको थियो।

पाहोमले आफैंलाई धिक्कार्दै भन्यो- 'ओहो, मैले धेरै पाउने लोभमा यो गल्ती नगरेको भए हुन्थ्यो। यदि म ढिलो मात्रै भएँ भने के होला ?'

उसले ढिस्कातिर हेऱ्यो र सूर्यतिर पनि हेऱ्यो। ऊ आफ्नो लक्ष्य भन्दा अझै धेरै टाढा थियो र सूर्यचाहिं यसवेला डाँडामा पुग्नै लागेको थियो।

पाहोम हिंडिरह्यो र लगातार हिंडिरह्यो। उसलाई हिंड्न अत्यन्त गाह्रो भइरहेको थियो तापनि ऊ छिटोभन्दा छिटो हिंडिरहेको थियो। उसले वल गऱ्यो तर त्यो ठाउँ धेरै टाढा थियो। त्यसपछि ऊ दौडन थाल्यो। उसले आफ्नो इस्टकोट फाल्यो, कम्मरपेटीमा झुण्डाएको जुत्ता फाल्यो, पानीको वोतल र टोपी फाल्यो। आफ्नो कोदालो मात्र हातमा लियो जसलाई उसले यात्रामा वेला वेला सहयोग लिन सक्थ्यो।

'म अव के गरुँ ?' उसले पुन: विचार गऱ्यो। 'म ज्यादा थाकें र हिंड्न अप्ठ्यारो भयो, पार गर्नु पर्ने जमिन अझै धेरै छ। अव म सूर्य अस्ताउनु अघि टुङ्गोमा पुग्न सक्दिन।'

यसले पाहोमलाई झन् स्वाँ स्वाँ वनायो। पाहोम झन् दौडन थाल्यो। उसको सुरुवाल र कमिज पसिनाले लथप्पै भिजी जिउमा टाँसिएका थिए। उसको मुख पूरै सुकेको थियो। उसको छाती कामीको खलाँती जस्तै भएको थियो, उसको मुटुले ह्याम्मर जस्तै भएको थियो र उसका खुट्टाहरु उसका होइनन् कि जस्तै भएका थिए। पाहोम पीडाले अत्यन्त भयभित थियो।

मृत्युकै डरले ऊ रोकिएन। 'यत्रो जमिन घेरेर पनि गन्तव्यमा नपुग्दा मलाई मानिसले मूर्ख भन्नेछन्' उसले सोच्यो। त्यसपछि ऊ दौडिरह्यो दौडिरह्यो। ऊ नजिकै आइपुग्यो। उसले वास्किरहरु वोलेको र कराएको पनि सुन्यो, तिनको चिच्याइले उसको मुटु झन् उम्लियो र उसले आफ्नो अन्तिम शक्ति लगायो र दौड्यो।

घाम अस्ताउन थालेको थियो। तुँवालोभित्र छोपिएको हुनाले यो ठूलो र रातो रगत जस्तै देखियो। तुरुन्तै, अत्यन्तै चाँडै यो अस्ताउन लागेको थियो। यो तल झरिसकेको थियो, तर पाहोम पनि आफ्नो लक्ष्यको छेउमै पुगिसकेको थियो। उसले मानिसहरुलाई ढिस्कोमा वसिरहेको देख्यो। उनीहरु छिटो आइज भनी हात हल्लाइरहेका थिए। उसले मैदानमा फ्याउरोको भुल्ला भएको टोपी देख्यो। यसमा पैसा राखिएको थियो र वास्किर मुखिया उही भएतिर फर्केर मैदानमा वसिरहेको थियो। त्यही समयमा पाहोमलाई रातीको सपनाको सम्झना भयो।

'जमिन त प्रशस्त हुने भयो तर ईश्वरले मलाई यो जमिन उपभोग गर्न देलान् ? मैले मेरो जीवन गुमाएँ। हाय, मैले मेरो जीवन गुमाएँ। म कुनै हालतमा गन्तव्यमा पुग्न सक्दिन' उसले मनमनै सोच्यो।

पाहोमले सूर्यतिर आँखा लगायो। यो अस्ताउनै लागेको थियो। सूर्यको एउटा छेउ त देखिनै छाड्यो। आफ्नो भएभरको वल लगाएर ऊ अगाडि वढ्यो। उसले आफ्नो शरीर कुप्रो वनायो। त्यसवेला उसका खुट्टा थरथर भए र झण्डै ऊ ढल्नसमेत खोज्यो। ऊ ढिस्कामा पुग्न मात्र आँटेको थियो, अचानक झमक्क साँझ पऱ्यो। उसले सूर्यतिर हेऱ्यो यो अस्ताइसकेको थियो। ऊ वेस्सरी करायो- "मेरो श्रम र मेहनत सवै खेर जाँदैछ'। रोकिने विचार गर्दा गर्दै उसले बास्किरहरु कराइरहेको सुन्यो। उसले सम्झ्यो तलवाट सूर्य अस्ताए जस्तै देखिए पनि ढिस्का माथिवाट त अझै पनि देखिन्छ होला। उसले लामो सास लियो, ढिस्कोतरि दौड्यो। त्यहाँ सूर्यास्त भइसकेको रहेनछ। ऊ ढिस्काको टुप्पामा पुग्यो र टोपीतिर हेऱ्यो। त्यसको छेउमा वास्किर मुखिया वसिरहेको थियो र हाँस्दै उसलाई हेरिरहेको थियो। पाहोमले पुन: आफ्नो रातीको सपना सम्झ्यो र जोडले चिच्यायो। त्यही वेला उसका गोडा थर्थर कामे, ऊ त्यहीं पछारियो र उसले आफ्ना हातले त्यस टोपीलाई छोयो।

"ओहो, वडो राम्रो मानिस रहेछ।' मुखिया अकस्मात वोल्यो। 'उसले त साह्रै धेरै जमिन पो वनायो त।' उसले फेरि भन्यो। पाहोम लडेको देखी उसको नोकर दौडेर आयो र उसलाई उठाउन खोज्यो। तर उसले देख्यो पाहोमको मुखवाट रगत वगिरहेको थियो। पाहोम मरिसकेको रहेछ।

मुखियाले अत्यन्त दु:खी हुँदै चु चु गर्दै करुण भाव प्रकट गऱ्यो।

उसको नोकर कोदालो वोकेर पाहोमको लागि चिहान खन्न गयो। उसलाई लम्पसार पारेर त्यहीं चिहानमा सुतायो। पाहोमलाई उसको शिरदेखि पाइतालासम्म जम्मा ६ फिट मात्र जमिन चाहिएको थियो।

– अनु : रमेश भट्टराई

इन्सेकका प्रकाशनहरु नियमित पढ्ने गरौं ।

महिला विरुद्धको हिंसा र त्यसको अन्त्यको प्रयास

– सुजिता शाक्य

१. महिला हिंसाको पृष्ठभूमी

मानिस जंगली अवस्थामा रहँदा मानव जातिलाई प्राकृतिक प्रकोप र अन्य जंगली हिंसक जनावरहरुबाट सुरक्षित भएर आफ्नो अस्तित्व रक्षा गर्ने कुरा नै प्रमुख थियो। यसरी मानिसले प्राकृतिक प्रकोपबाट बचेर हिंसक जन्तुहरुलाई पनि आफ्नो अधीनमा राख्ने, त्यसलाई आफ्नो सुख सुविधाको लागि उपयोग गर्नुको साथै एक अर्कासंग मिलेर काम गर्न थालेपछि मानव जातिको विकास र वृद्धि भयो। उसले आफ्नो दिमागी अभ्यास र प्रयोगबाट नयाँ नयाँ कुराहरु पत्ता लगाउँदै गयो। यी सबै कुरा मानवीय हितका पक्षमा भएका सकारात्मक कुराहरु थिए। तर त्यसको साथसाथै यस विकास प्रक्रियाको नकारात्मक प्रवृतिको रुपमा मान्छेले मान्छेलाई शोषण गर्ने र अधीनमा राख्ने स्वार्थीपनाको पनि विकास भयो।

जनावरलाई आफ्नो कब्जामा लिने, कज्याउने आफ्नो अनुकुल प्रयोग गर्ने क्रममा मानिसले विस्तारै आफ्नो स्व-जाति मानिसहरु जो दुर्वल, मानशिक रुपमा कमजोर छन् र आफ्नो अस्तित्व बचाउने संघर्षमा हार्छन् तिनीहरुलाई नै आफ्नो दास बनाउने चलन चलायो। यसै क्रममा मानिस-मानिस नै दास र दासमालिकमा परिणत भए। तिनीहरुका साथमा रहेका महिला तथा बालबालिका पनि मालिकका नीजि सम्पत्ति भए। यहि नै महिला विरुद्धको हिंसाको सुरुवात थियो।

महिला विरुद्धको हिंसा र शोषणको विजारोपण दास युगदेखि नै भएको पाईन्छ। कविला-कविला बीचको युद्धबाट जितेको कविलाले हारेको कविलाका मानिसहरुलाई आफ्नो नियन्त्रणमा राख्ने त्यसमध्ये पुरुषलाई दासको रुपमा आफ्नो निजी काममा लगाइयो। तर महिलाहरुलाई भने भोग विलासको साधन बनाई उनीहरुको शरिरमाथि, नियन्त्रण राख्न थाले र उनीहरुलाई घरभित्रै बन्धक बनाएर राखियो र दासीको संज्ञा दिईयो। यस प्रकारले हारेका समूहका दुवै थरी विजयी समूहको दास-दासी बन्न थाले। त्यस समयमा जति धेरै दास-दासी, गाई, भेडाबाखा (पशुधन) भयो त्यति उनीहरु सम्पन्न र धनवान भनिन थालियो। दास-दासी पनि गाई तथा भेडा बाखा सरह सम्पत्तिको कोटीमा पर्न थाले। समय क्रमसंगै पुरुष दासहरु विस्तारै सचेत हुन थाले र विद्रोह गर्न थाले। विस्तारै संगठित विद्रोह र संघर्षबाट उनीहरु क्रुर यातना र अत्याचारबाट मुक्त हुन सफल भए। आफ्नो परिवारमा आफ्नै पहिचान र स्वतन्त्र अस्तित्वका साथ बस्न पाए। मालिकको जग्गामा काम गरेर खान पाउने सिमित अधिकार पाए। तर त्यहि समयमा महिलाहरुको स्थिति पुरुष दासको भन्दा भिन्न रह्यो। महिलाहरुलाई पुरुषहरुले आफ्नो सन्तान र बंशज कायम राख्नको लागि सन्तान उत्पादनको साधन बनाए। यसै क्रममा परिवारको विकास भयो।

महिलाहरु आफ्नो सन्तानको संरक्षण गर्नको लागि आफ्नो स्वतन्त्रताको अधिकारलाई तिलाञ्जली दिन वाध्य भए। पुरुषको बंशजको निरन्तरता कायम गर्नको लागि पुरुषहरुको चाहना अनुसार महिला र पुरुषबीच सम्झौता भयो। महिलाहरु परिवारको सदस्यको रुपमा रहन पाए। तर पनि उनीहरु बीचको सम्वन्ध मालिक-दासीकै रुपमा लामो समयसम्म कायम रहि नै रह्यो। महिलाले स्व-निर्णय, स्वतन्त्रताको अधिकार गुमाउन पुगे, घरको मालिकद्वारा तोकिएको सिमित परिधीमा बाँधिएर बस्न थाले। पुरुषहरुले आफ्नै श्रीमती र सन्तानलाई पनि सम्पत्तिका रुपमा गणना गर्न थाले। महिला पुरुषको सम्पत्तिको रखवारी गर्ने तथा ईमान्दारीपूर्वक आज्ञा पालना गर्ने दासीको रुपमा रहन थाले। महिलाहरुले सम्पत्तिको रेखदेख गर्ने दायित्व पाए तर आफ्नो आवश्यकता र ईच्छा अनुसार उपभोग गर्न नपाउने स्थितिको विकास भयो। त्यो परिपाटी अनुसार नै महिलाहरुले आफ्नो छुट्टै अस्तित्व र पहिचान गुमाएर श्रीमान्को सम्पत्तिको रुपमा आफू र आफ्नो सन्तानको पालनपोषण गर्ने, श्रीमान् र परिवारका अन्य सदस्यहरुको सुसारेको रुपमा रहन थाले।

यसरी मातृतन्त्रात्मक अवस्थामा ज्यादै शक्तिशाली र स्वतन्त्र अस्तित्व भएका महिलाहरु जसले चण्ड मुण्ड, महिशासुर लगायत अनेकौं नामका असुरहरुको विनास गरेका थिए। त्यस्ता वीर नारीहरु भगवती, पार्वती, चण्डी, काली, लक्ष्मी, सरस्वती आदि देवीको नाममा शक्तिस्वरुपिणी, माताका साथै उच्च सम्मान तथा प्रतिष्ठा पाएका थिए। अहिले विश्वका जुनसुकै धर्म र परम्परा हेर्ने हो भने यूरोप, अमेरिका, एसिया, दक्षिण पूर्वी एसिया सबै ठाउँमा महिलाहरुको थुप्रै प्रतिभाहरु देख्न पाउँछौं। एउटा सवल र नेतृत्वकारी भूमिका निर्वाह गर्न सक्ने व्यक्तित्व थिए। तर यस्तो शक्तिशाली भूमिका निर्वाह गर्दै आएका महिलाहरुको शक्तिको क्षय र महिला उत्पीडन, हिंसाको सुरुवात त्यस वेलादेखि भयो जुन दिनदेखि निजी सम्पत्ति, परिवार र वर्गको विकास भयो। महिलाको भूमिका पुरुषको खेलौना, भोगविलासको साधन र सम्पत्तिको रुपमा खुम्चन पुग्यो। मातृतन्त्रात्मक अवस्थाका शक्तिस्वरुपाहरु दास युगमा आएर अवला भए, शक्तिविहिन बनाईए। तर विश्वभरि नै एकै तरिकाले महिलाहरुलाई शारीरिक र मानशिक तरिकाले नियन्त्रणमा राखियो भन्ने कुरा भने सत्य होईन। यो विभिन्न स्थानको बस्तुगत अवस्था अनुसार फरक फरक रहेका छन्। जस्तै हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन, लगायत विभिन्न धर्म परम्परामा महिलाहरुको स्थान र उनीहरुलाई हेर्ने दृष्टिकोण फरक फरक रहेको पाईन्छ।

महिलाहरुलाई नियन्त्रण राख्ने चलन सामन्ती युगमा आएर अझ वढन गयो। महिलाहरुलाई दवावकै भरमा मात्र आफ्नो नियन्त्रणमा लिन, उनीहरुको भावना तथा मनोविज्ञानमाथि विजय हासिल गर्न नसकिने भएपछि महिलाहरुलाई नियन्त्रणमा राख्नका लागि अनेकौं हतकण्डाहरु अपनाउन थालियो। महिलाहरुलाई आफ्नो कब्जामा युगौं युगसम्म निरन्तर राख्न सकियोस् भन्ने उद्देश्यले अप्रत्यक्ष तथा घुमाउरो तरिकाले नियन्त्रण जमाउन थुप्रै अन्धविश्वासमा आधारित, सामाजिक नैतिक मूल्य मान्यताका नाममा नीति शास्त्रहरु रचियो। जसले महिलाहरु कमजोर हुन्छन्, उनीहरु पुरुषका सहायक मात्र हुन् पूर्ण मानव होईनन्, दोश्रो दर्जाको नागरिक हुन् भन्ने भ्रम फैलाउने काम भयो। स्वयं महिलाहरुलाई पनि त्यस्ता कुराहरु स्विकार्न मानशिक रुपमा तयार बनाईयो। मनुस्मृति र वधुशिक्षाजस्ता विचारहरुवाट व्यवस्थित रुपमा महिलाहरुमाथि शारीरिक र मानशिक आधिपत्य जमाउने प्रयास सफल भयो। श्रीमान्को मृत्यु भए पछि महिलाहरुलाई जिउँदै डढाउने सतिप्रथा जस्तो क्रुर र अमानवीय कार्य गर्न पनि समाज पछि परेन। पछि पछि तिनै कुराहरु संस्कृति र परम्पराको रुपमा विकास हुँदै गयो। यसले महिला र पुरुषबीचको सामाजिक विभेद वा लैङ्गिक विभेदको ठूलो पर्खाल खडा गरिदियो। वर्गको उदय संगसंगै लैङ्गिक विभेदको सुरुवात भयो। लैंगिक विभेद नै महिला हिंसाको कारक वन्न पुग्यो। यस परिवेशभित्र महिलाहरु पुरुषको बन्धकको रुपमा घरको चार दिवारभित्र कैद हुन बाध्य पारिए, बाहिर घुमफिर गर्न नहुने, अन्य पुरुषहरुलाई हेर्दा पनि पाप लाग्ने पारिवारिक र सामाजिक मान्यताको विकास भयो। महिलाहरु आफ्नो कैदवाट नभागुन भन्ने उद्देश्यले खुट्टामा नेल र हातमा हतकडी बाँधियो। पछि गएर त्यहि नेल महिलाको गहनाको रुपमा खुट्टाको कल्लीको रुप लियो र हतकडीले वालाको रुप लियो। हामीले अहिले पहिरने गरेको गहनाहरु बन्धनको परिचायक हो।

त्यस्तै गरि पतिव्रता धर्मको नाममा महिलालाई नैतिक बन्धनमा बाँधियो। तर त्यहि परिवेशमा पुरुषहरुलाई कुनै कुराको बन्देज रहेन, पूर्ण स्वतन्त्रताका साथ विना रोकतोक जहाँतहिं घुमफिर गर्ने, आफूलाई ईच्छा लागेको कुरा गर्ने, अन्य महिलाहरुसंग संसर्ग गर्ने (रखैल) छुट प्राप्त भयो। विस्तारै खुला रुपमा वेश्यालयहरु खोल्ने जस्ता कुराहरुको सुरुवात भयो। त्यस प्रक्रियामा ती महिलाहरुबाट खुसी भएर सामन्तहरुले आफ्ना गरगहना र धनराशीहरु दिने परम्पराको थालनी भयो। यसबाट प्रशस्त सम्पत्ति आर्जन गर्न सकिने सम्भावना देखे पछि राज्यले नै स्वीकृती दिएर राजस्व संकलन गर्ने माध्यम बनायो। खुला रुपमा बेश्यालयहरु स्थापना गर्ने बैधानिक छुट पाउन थाल्यो। सामन्ती समाज व्यवस्थामा यसलाई संस्थागत गर्ने स्थिति वन्यो। त्यस्तै गरि पुँजीवादी समाज व्यवस्थामा यसलाई अझै टेवा दिने काम गर्दै आएको छ। महिलाको शरिरलाई पुँजी जम्मा गर्ने मुनाफा कमाउने प्रयोजनमा लगाउँदै आए। महिलालाई सम्पत्ति र दासको रुपमा आफ्नो ईच्छा लागेको व्यक्तिलाई दान दिने। आफ्नो छोरीको विवाहमा दाईजोको साथमा कमारा कमारी पनि दाईजो दिने प्रचलन हाम्रो देशमा राणा कालसम्म पनि रहेको थियो। तर श्री ३ चन्द्र शमशेरको पालामा आएर कमारा कमारीलाई मुक्त गर्ने घोषणा गरियो। तर त्यसको अवशेष कमैया प्रथाको रुपमा गत सालसम्म पनि कायम रहेको थियो। तर गएको वर्ष लामो संघर्ष पछि कमैया मुक्तिको घोषणा गरियो।

यस्तै पहिलो तथा दोश्रो विश्वयुद्धमा साम्राज्यवादी शक्तिहरुका सैनिकहरु मार्फत महिलाहरुलाई ठूलो संख्यामा यौन दासीका रुपमा शोषण र दुर्व्यवहार गर्ने गरेका थुप्रै उदाहरणहरु पाउन सकिन्छ। धेरै देशहरु जहाँ जहाँ ब्रिटिश तथा अन्य साम्राज्यवादी देशहरुले युद्ध

गरेर आफ्नो साम्राज्य विस्तार गरे ती देशहरुमा महिलाहरुमाथिको उत्पडिन र हिंसा ज्यादै अमानवीय रहेको पाईन्छ। तिनीहरुले बेश्यालयहरु संस्थागत गर्ने काम गरे। यसरी भारत, थाईल्याण्ड लगायत विश्वका धुप्रै देशहरुमा यौन व्यापारलाई विदेशी मुद्रा आर्जन गर्ने र राजस्व उठाउने एउटा प्रमुख श्रोतको रुपमा लिईएको पाईन्छ। यसवाट महिलामाथि हुने हिंसा वेचविखन जस्ता कार्यहरु भविष्यमा पनि लामै समयसम्म रहने संकेत देखिन्छ।

२. विगतमा महिलालाई हेर्ने दृष्टिकोण

महिलाहरुलाई शोषण गर्ने दवाउने तरिकाहरु संसारका आ-आफ्ना देशको दर्शन, धर्म, साहित्य, चाल चलन आदि अनुसार अन्तर भएपनि महिलाहरुलाई हेर्ने दृष्टिकोणमा भने समानता पाईन्छ। निम्न उदाहरणहरुवाट महिलालाई हेर्ने दृष्टिकोण कहाँ कस्तो रहेछ भन्ने कुरा स्पष्ट हुन्छ।

- भारतमा मनुले नारीलाई जड वा प्राण नभएको वस्तुसंग तुलना गरेका छन्।
- भारतकै तुल्सी रामायणका लेखक तुलसीदासले नारीहरुलाई ढोल, मूर्ख, पशुसंग तुलना गर्दै प्रताडनाको अधिकारी बताएका छन्।
- चीनमा कन्फ्यूसियसले महिलालाई दाससित तुलना गरेर "स्त्रीको हीनता प्रकृतिको नियम थियो।" भनेका छन्।
- अरस्तुले स्त्रीलाई पदार्थ बताए र पुरुषलाई गति।
- ईशाई धर्मले हौवा (आदिम स्त्री)का कारणले सारा संसारमा विपद आएको बताएको छ।
- पाईथागोरस (प्राचिन यूनानका दार्शनिक) ले पुरुषलाई व्यवस्था र प्रकाशसंग तुलना गरे, जबकि स्त्रीलाई अव्यवस्था र अन्धकारसंग।
- रोमन कानुनले नारीको मूर्खतामाथि नियन्त्रण गर्न त्यसमाथि संरक्षणताको आवश्यकतामा जोड दिएको छ।
- कैयन कानूनले महिलालाई शैतानको बाटो बताउँछ।
- अगष्ट काण्टले पुरुष र स्त्रीमा आधारभूत अन्तर भएको वताउँदै शारीरिक, मानशिक, नैतिक वा कुनै पनि प्रकारले स्त्रीको पुरुषसंग समानता नभएको कुरा बताएका छन्।
- फ्रान्सका प्रशिद्ध उपन्यासका बालजाकले पुरुषको दिलको धड्कन बढाउने बाहेक अन्य कुनै रुपमा स्त्रीको महत्वलाई स्विकार गरेनन्। उनले स्त्रीलाई जड सम्पत्ति बताउँदै त्यसलाई मनोमानी प्रकारले हाँक्न पुरुषले स्त्रीलाई कडा नियन्त्रणमा राख्नुपर्ने, अशिक्षित र सम्भव भए सम्म कुरुप पारेर राख्नु पर्ने कुरामा जोड दिए।
- रुसोले महिलाले शिक्षा मात्र होईन, उनीहरुको प्रत्येक अस्तित्वको त्यो हदसम्म महत्व राख्दछन्, जुन हदसम्म तिनीहरुले पुरुषलाई लाभ पुऱ्याउँछन्।

यस्तै खाले धर्म, दर्शनलाई गुरु मन्त्र मानेर लामो समयसम्म महिलाहरुलाई राजनीतिक अधिकारवाट वन्चित गर्ने र किनारा लगाउने काम गरियो। जस्तै उदाहरणको लागि ईरानमा सन् १९११ मा संविधान निर्माणका क्रममा महिलालाई मतदान दिने प्रस्तावको विरोध गर्दै त्यो वेला ईरानका धार्मिक नेता शेख आशा मोल्लाहले भनेका थिए, "हामीले यो प्रश्नमाथि विचारै गर्न हुन्न, किनभने यो ईश्लामिक संसदको आचारसंहिताका विरुद्ध छ। तर महिलाहरुलाई त्यसवाट वाहिर राख्नुको कारण यो पनि हो कि अल्लाहले उनीहरुलाई राजनीतिमा भाग लिनका लागि आवश्यक क्षमता प्रदान गरेको छैन।" सन् १९२८ मा जापानमा महिलाहरुका लागि मतदानको अधिकारको मागको विरोध गर्दै त्यहाँका गृहमन्त्रीले महिलाहरुलाई संवोधन गर्दै भनेका थिए, "आफ्ना घरमा जाउ र केटाकेटीहरुका कपडा धोउ। त्यहि तिमीहरुको उपयुक्त काम र स्थान हो।" सन् १८७९ फ्रेन्च क्रान्तिको वेलामा जव केही मानिसहरुले राष्ट्रिय सभामा महिलाहरुको अधिकारको घोषणा पत्र प्रस्तावित गरे, त्यसलाई अस्विकार गरियो। यस प्रकार महिलाहरुको मौलिक हक, राजनैतिक अधिकारवाट वंचित गर्दै महिलाहरुलाई कमजोर बनाउने काम गऱ्यो। नेपालमा पनि वि.सं. २००४ (सन् १९४७)मा मात्र महिलाले मतदान गर्ने अधिकार प्राप्त गर्न सके। तर पनि नेपाली समाजमा महिलाहरुले घरवाहिरको काममा पुरुष सरह भूमिका निर्वाह गर्न पाउने सामाजिक वातावरणको विकास अझै पर्याप्त हुन सकेको छैन।

३. सामन्ती तथा पूँजीवादी कट्टरपन्थीहरुका विचारको प्रतिवाद र संघर्षको थालनी

अर्को धुवसत्य कुरा के हो भने संसारमा सबै कुरा नराम्रो मात्र हुँदैन राम्रो पक्ष पनि हुन्छ भने जस्तै माथि उल्लेख गरिएको दर्शन र मान्यता गलत छ भन्ने कुरा सबैभन्दा पहिले जर्मनका मजदुर नेता अगस्त वेवेल (१८४०-१९१६) ले धार्मिक कट्टरपन्थी, सामन्ती र पूँजीवादी शोषणको विरुद्ध भनेका छन् "त्यो स्वर्णयुग जसको मानिसहरुले हजारौं वर्षदेखि सपना देख्दै र तीव्र आशा गर्दै आईरहेका छन्, अन्तमा आउने छ। अन्तमा वर्गीय प्रभुत्वको अन्त हुनेछ र त्यसका साथै महिलामाथि पुरुषको प्रभुत्व पनि खतम हुनेछ।" यसरी उनको भनाईले त्यतिवेला महिलामाथिको शोषणको अन्त्यको सम्भावनाहरुबारे आशा जगाउने काम गऱ्यो। पछि गएर महिलामाथि भएको शोषण र हिंसाको मूल कारण पत्ता लगाउने क्रममा प्रशिद्ध साम्यवादी दार्शनिकहरु मार्क्स र एंगेल्सले समाजको ऐतिहासिक विकास क्रममा महिलाहरुको अवस्थाको वारेमा धेरै कुराहरुलाई स्पष्ट पारे। जसको आधारमा क्लारा जेट्किन, रोजा लक्जेम्वर्ग आदि महिला नेतृहरुले महिलाहरुको समानताको अधिकार बारेमा विश्वभर समानता, विश्व शान्ति र समानताको आन्दोलनले संगठित गरे र अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सुरुवात गरेर विश्वभरी महिला समानताको आवाजलाई फुके। विश्वव्यापी रुपमा शोषित, पीडित महिलाहरुलाई संगठित संघर्षको विगुल फुक्यो। पछि विश्वका दुई ठूला युद्धहरु पछाडि संयुक्त राष्ट्र संघको स्थापना गरियो। यसले समाजवादी अवधारणा अनुसार आएको महिला अधिकारको सम्मान गर्दै मानव अधिकारका सवालसंगै महिला अधिकारका कुराहरुलाई अगाडि बढाए। उनीहरुको संरक्षण गर्ने कुरा अगाडि सारे। हाम्रा देशमा पनि अहिले यस्ताखाले महिला हिंसालाई रोक्न र समाजवाट निर्मूल गर्नका लागि हामी महिलाहरु सामुहिक रुपमा कार्यरत छौं। यसले केहि सकारात्मक परिणामहरु पनि देखाएका छन्।

४. महिला हिंसाका कारण र स्वरुपहरु

महिला र मजदुरहरु कमजोर र शोषित हुनुका प्रमुख कारण उत्पादनका साधनहरु र उत्पादित वस्तुहरुमाथि उनीहरुको अधिकार नहुनाले वा उनीहरुको श्रम लगानी गरेर जति सामान उत्पादन गरिन्छ वा सेवा प्राप्त गरिन्छ त्यसको मुनाफाको हिस्सा उनीहरुलाई ज्यादै थोरै मात्र दिईन्छ। महिलाको सवालमा भन्नु पर्दा उनीहरुको श्रमको मुल्यांकन नहुनु, श्रोत र साधनमाथि अधिकार नहुनु नै उनीहरु कमजोर बन्नुको प्रमुख कारण हो। त्यस्तै अर्को कारण महिलाहरुलाई घरेलु अनुत्पादक काममा मात्र सिमित राखेर पुरुषमाथि आश्रित बनाउनु नै महिला हिंसाको कारण हो। सामन्ती र पुँजीवादी सोंच अनुसार महिलाहरु सम्पत्ति हुन्, उनीहरुलाई जुन रुपमा पनि प्रयोग गर्न हुन्छ। उनीहरुको सौन्दर्यको व्यापार गरेर जति पनि मुनाफा कमाउन ग्राह्य हुन्छ भन्ने सोच नै आजको महिला वेचविखनको विकृत परिणाम हो। महिला हिंसाको विभिन्न स्वरुपमध्ये वेचविखन एउटा स्वरुप हो। यसवाहेक अन्य हिंसाहरुमा

- घरेलु हिंसा
- यौनदासी
- वेश्यावृति र अन्तर्राष्ट्रिय महिला/वालिका वेचविखन
- प्रजनन् अधिकारको हनन्, वलात्कार
- यौन दुरुत्साहन
- संचार माध्यमद्वारा गरिने हिंसा
- दाईजोको कारणवाट हुने हिंसा
- स्त्री-भ्रुण हत्या, विवाहिता बलात्कार
- धर्म परम्पराका नाममा गरिने हिंसा
- अन्धविश्वास र कुसंस्कारका कारण गरिने हिंसा (बोक्सीको नाममा गरिने हिंसा)
- शारीरिक तथा मानशिक रुपमा कमजोर महिलाहरुमाथि गरिने हिंसा
- वाल विवाह, बहुविवाह, अनमेल विवाह, जारी, देउकी, झुमा, कुमारी
- हानिकारक परिवार नियोजनको साधन प्रयोगवाट भएको हिंसा आदि पर्दछन्।

५. नेपालमा महिला/बालवालिका वेचविखनका प्रमुख कारणहरु

चेलीवेटी वेचविखन हाम्रो देशको नीयति बन्न पुगेको छ। वर्तमान परिस्थितिमा महिला हिंसाको प्रमुख कारणहरु आर्थिक अधिकार विहिनतावाट सृजित परनिर्भता, गरिवी, अशिक्षा, बेरोजगारी, अज्ञानता, आदिलाई मान्न सकिन्छ। यस वाहेक रुढिवादी धार्मिक संस्कृति, खुल्ला सिमाना, संचार माध्यमको प्रभाव, दलालहरुको धन आर्जन गर्ने सजिलो वाटो, अपर्याप्त तथा फितलो कानूनी प्रावधान, श्री ५ को सरकारको ठोस नीतिको अभाव, लैगिंक सामाजिक असमानता तथा विभेद, पितृसत्तात्मक सामाजिक संरचना, यौन व्यापारमा तिव्रता, राजनीतिक प्रतिवद्धतामा कमी हिंसा तथा वेचविखनमा राजनीतिकराण, संयुक्त राष्ट्र संघको अभिसन्धीहरु कार्यान्वयन नहुनु, पारिवारिक विचलन तथा घरेलु हिंसा, समाजका सवै वर्ग तथा समुदायहरु सचेत नहुनु, प्रमुख हुन्। यस वाहेक पीडित व्यक्तिलाई वैकल्पिक जीवन यापनको व्यवस्था नहुनु, सामाजिकीकरण र पुर्नस्थापनामा कमी, विश्वव्यापीकरणका नकारात्मक असर, पीडित पक्षलाई कानूनी सहयोगको अभाव, सामाजिक कुप्रथाहरु जस्तै दहेज र तिलक, पर्दा प्रथा, व्यवसायिक शिक्षाको कमी,

बढ्दो शहरीकरण आदि रहेका छन्। यस्ता कुराहरुमा विजय पाउनका लागि सामाजिक आन्दोलनको आवस्यकता रहेको छ।

६. निष्कर्ष

महिला हिंसा र वेचविखन जस्ता कार्यहरु ज्यादै नै पीडादायक राष्ट्रिय कलंक हुन्। मानव अधिकार विरोधी यस्ता कार्यहरुलाई जवसम्म निमूल गर्न सकिदैन हाम्रो समाज कुरुपको कुरुप नै रहन्छ। प्रकृतिको उपजमध्येको सबैभन्दा उन्नत र विवेकशील प्राणी मानिसहरुमा पनि महिला जाति रचनात्मकता, सौन्दर्य, शान्ति र समृद्धिको प्रतिक हुन्। उनीहरुलाई उपेक्षा र अपमान गर्नु, अवला, विवेकहिन र वुद्धिहीन सम्झनु आफैलाई अपमानित गर्नु, उपेक्षा गर्नु हो। एउटा परिवारमा एउटा महिला सशक्त हुनु भनेको परिवार र समाज अनि देश सशक्त हुनु हो। समाजको विकृति र विसंगतीको रुपमा रहेको महिला हिंसालाई निर्मल गर्ने कार्य सबै नागरिकको हो र यस्ता कुराहरुवाट महिलाहरुलाई संरक्षित गर्नु राज्यको प्रथम दायित्व र कर्तव्य हो। यो जिम्मेवारीबाट सरकार भाग्न सक्दैन। उसले आवश्यकता अनुसारको नीति नियम वनाउने, कडाईका साथ लागु गर्ने काम गर्नु पर्दछ। कानुनको पालना नगर्नेलाई दण्ड सजाय दिने जस्ता कुरा पनि यस प्रकारको अवस्थाको अन्त्यका लागि महत्वपूर्ण पक्ष हो। समाजको भूमिका त राज्यको भन्दा अझ बढी नै हुन्छ किनकि एउटा मानिसमा कानुनी नियमहरु भन्दा द्रहो प्रभाव सामाजिक रित र परम्पराको हुन्छ मानिस समाजभन्दा टाढा वस्न सक्दैन। सबै खालका सामाजिक विकृति र विसंगतीको निर्माणकर्ता, पालक र संरक्षक पनि समाज हो। आज कतिपय समाजिक बन्धन, कुपरम्परा नै यस्ता खाले हिंसाहरुको कारण बनेका छन्। परिवार, समाज र राज्यले महिलाहरु राज्यको आधा शक्ति हो भन्ने कुरालाई गंभीर ढंगले आत्मसात गर्नुपर्छ र असमान सामाजिक अवस्थाको अन्त्य गर्नको लागि आवश्यक नियम कानुनहरुको तर्जुमा गर्नुपर्छ। सामाजिक मान्यता, व्यवहारहरुमा पनि प्रगतिशिल परिवर्तन ल्याउनुपर्छ। नराम्रा र हानिकारक मूल्य, मान्यता, संस्कारहरुलाई हटाउने र सबैको हित गर्ने सामाजिक मूल्य मान्यताको विकास गरेर अघि बढ्नु समयको माग हो।

महिलाहरुको समानताको अधिकारको बहाली गर्ने कुराले महिला मात्र लाभान्वित बन्ने कुरा होईन, राज्य नै सशक्त बन्ने कुरा हो। तसर्थ उनीहरुको आर्थिक, सामाजिक, राजनैतिक, आर्थिक र साँस्कृतिक समानताको हकलाई अनिवार्य रुपमा स्थापित गर्नको लागि राज्यको संयन्त्रलाई परिचालित गर्नुपर्छ। सोहि अनुरुपको राज्य संचालनको सयंन्त्रको विकास गर्नुपर्छ। श्री ५ को सरकारको नवौं योजनामा "महिला विरुद्धका हुने सबै प्रकारका हिंसा र अपराधको रोकथाम गर्न आवश्यक राष्ट्रिय नीति अनुरुप सरकारी, गैर सरकारी संस्थाहरु तथा स्थानीय निकायबाट समेत एकिकृत रुपमा यसको नियन्त्रणको लागि प्रतिरोधात्मक, पुनर्स्थापनात्मक एवं अन्य कार्यक्रमहरुवाट महिलाहरुको मानव अधिकारको संरक्षण गरिनेछ" भनेर उल्लेख गरिएको छ। त्यस्तै गरि महिला सशक्तिकरणका लागि राम्रा राम्रा कुराहरुको उल्लेख गरिएको छ। तर अहिलेसम्मको कार्यान्वयनको पक्ष हेर्ने हो भने धेरै कुराहरु कागजमा नै सिमित रहेको पाईन्छ। हाल आएर सिमित सुधारका प्रयत्न भईरहेको भए पनि प्रगतिविरोधी पक्षहरु, धार्मिक र सामाजिक कट्टरपन्थी शक्तिहरु पनि संगठित रुपमा महिला सशक्तिकरणको विरोधमा उभिईरहेको छ। उदाहरणको रुपमा छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार दिने कुरा होस वा भूमीसुधार लागु गर्ने कुरा होस दुबै सवालमा केहि शक्तिहरु निरन्तर खनिईरहेको छ। जवसम्म त्यस्ता खाले परम्परावादी, सामन्ती चिन्तन र त्यसका पक्षपोषकहरुको चिन्तनमा परिवर्तन ल्याउन सकिदैन तवसम्म हाम्रो समाजमा यस्ता खाले हिंसाहरुलाई रोक्न निकै कठिनाई हुन्छ। निर्विवाद रुपमा भन्नुपर्दा महिलाहरुलाई उनीहरुको समानताको अधिकार, अवसरमा समानता, उनीहरुमा भएको शीप, क्षमताको अभिवृद्धि गरी महिला सशक्तिकरण गर्नु नै हिंसा तथा वेचविखनलाई नियन्त्रण गर्ने प्रमुख कडी हो। तसर्थ हामीले लामो समयदेखि महिलाहरुको घरेलु कामको मुल्यांकन गरिनुपर्छ, महिलाहरुको श्रम र क्षमतालाई अत्यधिक रुपमा विकास निर्माणका काममा लगाउनु पर्छ, महिलाहरुको रोजगारीको ग्यारेन्टी गरिनुपर्छ भन्ने कुराहरु उठाई रहेका छौं। तर उपलव्धी भने मरुभूमिमा एक लोटा पानी बराबर मात्र रहेको छ। महिला हिंसा वा वेचविखन कार्यको रोकथाम गर्ने वा नियन्त्रण गर्नको लागि राज्य, समाज र परिवारले आ-आफ्नो स्थानवाट दायित्व निर्वाह गर्नुपर्छ। सवैको साझा प्रयासले नै यसमाथि सार्थक उपलव्धी पाउन सकिन्छ।

बालअधिकार महासन्धिद्वारा प्रत्याभूत गरिएका अधिकारहरु

बाँच्न पाउने अधिकार

गाँस, बास र कपास

माया स्नेह

सशस्त्र संघर्षबाट जोगिन पाउने

हत्या आत्महत्या र प्राकृतिक प्रकोपबाट बाँच्न पाउने

विकास गर्न पाउने अधिकार

स्वास्थ्य आर्जन

शिक्षा आर्जन

विचार व्यक्त गर्न पाउने

समानताको अधिकार

न्याय प्रशासन उचित व्यवहार

सहभागिताको अधिकार

पारिवारिक जीवनमा

सामुदायिक जीवनमा

विद्यालय जीवनमा

संगठनहरुमा

संरक्षणको अधिकार

शोषण र दूर्व्यवहारबाट

श्रम शोषण र यौन उत्पीडन दासत्वबाट

हिंसा अपराध लडाई झगडाबाट

दुहुरेपन र भेदभावबाट

(२०५८ साल भाद्र १४ गते वरिष्ठ राजनीतिज्ञ डा. डिल्लीरमण रेग्मीको दुःखःद् निधन भयो। नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर पुरुष रेग्मीको असामयिक निधनबाट नेपालको मानवअधिकार आन्दोलनले एक भरपर्दो अभिभावक गुमाएको छ।

मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा संघर्षरत् रहने क्रममा इन्सेकलाई उहाँका सुझाव र सरसल्लाहबाट मार्गदर्शन प्राप्त हुने गरेको थियो। बितेका नौ वर्षदेखि इन्सेकद्वारा प्रकाशित हुँदै आएको मानवअधिकार वर्ष पुस्तक सन् १९९६ विमोचन गरेर उहाँले इन्सेकलाई यस क्षेत्रमा अझ डटेर संलग्न भइरहन हौसला प्रदान गर्नु भएको थियो।

दिवंगत रेग्मीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सन् १९९६ को वर्ष पुस्तक विमोचनका अवसरमा उहाँद्वारा व्यक्त विचारलाई हामीले यहाँ पेश गरेका छौं।)

जनताको सेवकले जनतालाई दमन गर्नु हुँदैन

- डा. डिल्लीरमण रेग्मी

यो मानवअधिकार वर्ष पुस्तकको ठेलीलाई मैले ठेलीको रुपमा मात्रै लिइरहेको छैन। यसलाई मैले नेपाली जनताको दुःखको कहानी संग्रहको रुपमा लिएको छु।

मानवअधिकारको उल्लंघन धेरै ठाउँमा भएको छ। अरु देशहरुमा पनि भएको छ। हाम्रो देशमा पनि बराबर हुँदै आइरहेको छ। यो देशमा शताब्दियौंदेखि नै मानवले मानवको हैसियतमा बस्न पाएका छैनन्। थोरै व्यक्तिहरुले शोषण गरिरहेका छन्। बलियाले निर्धालाई, धनीले गरीबलाई र विद्वानले कम ज्ञान भएकालाई विभिन्न तरिकाबाट शोषण गरिरहेका छन्।

२०४६ साल अघि पनि इन्सेक परिवारका सदस्यहरुले दिलोज्यानले मानवअधिकारको उल्लंघन हुन नपाओस् र हाम्रो ध्यान त्यसतर्फ जाओस, सरकार र प्रहरीबाट जुन हिसाबले दमन भइरहेको छ, त्यतातिर सरकारले नजर दौडाओस भन्ने कोशिस नगरेका होइनन्। म आज उनीहरुलाई धन्यवाद दिन्छु। कुन शब्दले धन्यवाद दिंउ, शब्द नै पाउँदिन।

संयुक्त राष्ट्र संघले तयार गरेको प्रतिवेदन र मानवअधिकारको व्याख्यातिर ध्यान दिनु पर्दछ। तर कुनै-कुनै ठाउँमा उपद्रो भइ नै रहेको छ, निर्दोष मान्छेलाई पक्राउ गरिरहेका छन्। दोषीहरु फुत्किरहेका छन्। २००७ साल, २०४६ साल बितेर गयो। समय चक्र घुम्दो छ। तर समयसंगै दमन चक्र पनि घुम्दोरहेछ।

म गृहमन्त्री छँदाको एउटा घटना सुनाउँछु। त्यतिखेर तराई क्षेत्रको भ्रमणमा गएको थिएँ। तराई क्षेत्र कै एउटा जेलमा दश वर्षदेखि कैद एकजना मान्छेलाई भेटें। ऊ आन्दोलनमा सरिक भएकोले जेल परेको रहेछ। त्यस आन्दोलनमा उसले विना लाइसेन्सको पेस्तोल लिएको अभियोग लगाइएको रहेछ। मैले उसलाई पेस्तोल पाएको या नपाएको र मुद्दा हेरिएको या नहेरिएको कुरा सोधें। उसले केही नभएको बतायो। त्यहाँबाट फर्किएर आएपछि मैले अनेक प्रयास गरें, उसलाई न्याय दिएँ। ऊ छुट्यो। यस्तो दृष्टान्त हामी पचासौं दिन सक्छौं। अर्को कुरा, जुन व्यक्तिमाथि वारेन्ट हुन्थ्यो, म उसलाई पनि भेट्थें। र, ती व्यक्तिलाई म के पनि भन्थे भने- प्रहरीले तिमीहरुलाई पक्राउ गऱ्यो भने म केही गर्न सक्दिन। तर म आफू चाहिं कदापि पक्राउ गर्न दिन्न। किनकि, गृहमन्त्री भनेको कसैलाई पक्राउ गराउने, गोली हान्न आदेश दिने व्यक्ति होइन। गृहमन्त्रीले त नीति बनाउनु पर्छ।

मानवअधिकारको निम्ति लडिरहेका व्यक्तिहरुले मानवअधिकार कहाँ हनन भइरहेको छ भन्ने कुरा पत्ता लगाउनु पर्छ। त्यसको निदान खोज्नु पर्छ। सरकारको ध्यान आकर्षित गर्नु पर्छ। त्यस्तै, सरकारको काम चाहिं अपराध कहाँ भएको छ, कानुन कहाँ तोडिएको छ, त्यो पत्ता लगाउनु पर्छ। गृहमन्त्रीको काम त नीति बनाइदिने हो, कुनै पनि कार्य कानुनको बर्खिलापमा छ भने त्यो बताइदिने हो। प्रहरीलाई पनि सरकारले आफ्नो निगरानीमा राख्नु पर्छ, ऊ त एउटा सेवक हो। जनताको सेवकले, जनतालाई दमन गर्ने होइन। प्रहरी विवेकी हुनु पर्छ। प्रहरी जनताको हकको रक्षा गर्ने रक्षकको रुपमा पनि उभिनु पर्दछ, भक्षकको रुपमा होइन। तर यस्तो तालिम कसले दिने भन्ने समस्या छ। हामी कहाँ आस्थाका बन्दीहरु पनि छन्। कम्युनिष्टहरु शक्तिमा आए। अरु विचारधाराका व्यक्तिलाई जेलमा थुन्ने एवं प्रजातन्त्रवादीहरु हुँ भन्नेहरु सत्तामा पुगे। कम्युनिष्ट विचारधारा मान्नेलाई जेलमा थुन्ने परिपाटी भएका छैनन् भन्न मिल्दैन। म आफू स्वयं जेलमा बसेको हुनाले जेलमा अहिले पनि आस्थाका बन्दीहरु छन्।

अहिले हाम्रो देशमा ट्रेड युनियन, विद्यार्थी र कर्मचारीहरुको पनि छुट्टाछुट्टै संगठन भएकोले एक पक्षले अर्को पक्षलाई देखी नसहने परिपाटी छ। अब जागिरमा पनि हस्तक्षेप हुन्छ भने त्यो पनि मानवअधिकारको हनन नै हो। आफ्नो पार्टीको कार्यकर्ता भए उसलाई बढुवा गर्ने, सुविधा एवं अवसर दिने परिपाटी पनि छ। आफ्नो पार्टीको जतिसुकै असक्षम व्यक्ति भए पनि सक्षम ठहऱ्याएर स्थान दिने परिपाटी छ।

म राजनीतिक नियुक्तिको सख्त विरोधी मान्छे हुँ। म भन्छु- प्रजातन्त्र चाहन्छौं भने प्रजातान्त्रिक व्यवस्था बनाउ, प्रजातान्त्रिक परिपाटी बनाउ। प्रजातान्त्रिक परिपाटीमा संचार माध्यम कसैको हुन सक्दैन। संचार माध्यममा बस्ने व्यक्ति स्वतन्त्र हुनुपर्छ। त्यसको कुनै सिद्धान्त एवं पार्टी हुनुहुँदैन, ऊ सेवाको रुपबाट आउनु पर्दछ। तर, यहाँ एउटा पार्टीको सरकार आए उसकै मान्छेहरु भरिन्छ। मलाई लाग्छ, यहाँ त सरकारभन्दा पनि व्यक्ति छ। जो प्रधानमन्त्री छ, उसको गुनगान गाउने परिपाटी छ। तर प्रधानमन्त्रीलाई पनि ज्ञान चाहिन्छ, उसलाई प्रजातन्त्र भनेको यो हो भनेर पढाउने मान्छे चाहिन्छ।

म पंचायतको घोर विरोधी हुँ। मेरो घरमा पंचायतको वर्खिलापमा भाषण हुन्थ्यो। मलाई "प" भन्ने शब्द नै मन पर्दैनथ्यो।

आफ्नो सिद्धान्तमा म डगेको जस्तो लाग्दैन। अन्जान रुपमा कतै डगेको हुँला। तर मानवअधिकार मेरो निम्ति ज्यादै प्यारो कुरा हो। चाहे बोस्निया होस्, चाहे प्यालेष्टाइन होस्, जायर होस् वा जुनसुकै देश होस्, मानवअधिकारको उल्लंघन भएको खबर सुने भनें म मर्माहत हुन्छु। म नेपाल माताको पुत्र हुँ, यहाँ कै हावापानी पिएर हुर्किएँ। मातप्रति कसको स्नेह हुँदैन? मैले धेरै नराम्रा कुराहरु पनि सुनेको छु। त्यसबारे लेख्न थालियो भने पचासौं भागको "लण्डन रहस्य" जस्तो किताब बन्न सक्दछ।

हामी कहाँ अहिले चारित्रिक ह्रास आइरहेको छ। त्यसलाई कसरी बचाउने भन्ने चिन्ता अहिले टड्कारो रुपमा उब्जिएको छ। यी पनि मानवअधिकारभित्रै पर्ने कुराहरु हुन्। म अहिले चौरासी वर्षको भएँ। मेरो व्यक्तिगत जीवन कस्तो छ भनेर बुझ्ने अधिकार सबैलाई हुनुपर्छ। तर मेरो मनमा कतै दमनको कुरा उठ्यो भने म झसंग हुन्छु।

मान्छेलाई ज्यादै दुःख दिन थालियो भने हातखुट्टा सबै चलाउँछ। नजिकको ढुंगा-मुढापनि नंग्राले हत्याउँछ। मान्छेलाई दुःख दिइयो भने ऊ जे पनि गर्न बाध्य हुन्छ। हिंसाको जवाफ हिंसा होइन। तर हिंसा गर्न थाल्यो भने हिंसाले हिंसा जन्माउछ। हिंसाको जड सरकार नै हुन सक्दछ। किनकि ऊ सित प्रहरी छ, गोली-गठ्ठा छ, मान्छेलाई पक्रने साधन छ। तसर्थ, पहिलो जोरजुलुम सरकार कै तर्फबाट हुन्छ।

तर यसको कसरी समाधान गर्ने भन्ने समस्या छ। यसको उचित जवाफ बुद्धले खोजे, सन्तहरुले खोजे। इशा मसिहको कथा मैले भन्नै पर्दैन। गान्धिजीले त्यसलाई राजनीतिक क्षेत्रमा पनि प्रयोग गर्नु भयो। त्यहाँ साम्राज्यवाद ढल्यो, ठिकै भयो। तर औषधिको सवाल उठ्दा गान्धीजीले पनि हार खानु पर्छ।

नेपालको कुना-काप्चामा के-के भइरहेको छ, त्यो त मलाई पनि थाहा छैन। तर, जेलको अवस्था बुझ्दा चाहिं ज्यादै नराम्रो पाएको छु। म पनि जेलमा बसें। जंगबहादुरको पालाको ओढ्ने-ओछ्याउने नै अहिलेसम्म त्यहाँका कैदीहरुले प्रयोग गरिरहेको झैं स्थिति

छ। तसर्थ यहाँ जेल सुधार पटक्कै भएको छैन। किनकि जेलको सुधार गर्ने भनेर ठेकेदारलाई जिम्मा दिइन्छ उसले पर्याप्त नाफा खान्छ। नाफा खाएर बचेकोबाट नै काम हुन्छ। म भारतको जेलमा बसें, त्यहाँ खान-प्युन मानवोचित व्यवस्था छ। मैले अमेरिका र बेलायतको जेल पनि दर्शकको रुपमा हेरें। तसर्थ हाम्रो देशको कैदीको हालत भन्दा भारतको कैदीको हालत राम्रो छ।

प्रसंग बाहिर गए जस्तो लाग्यो। मानवअधिकारको निम्ति लड्ने व्यक्तिहरुले जेलमा के भइरहेको छ, जेल बाहिरका प्रहरीले गरेको ज्यादती थाहा पाउनु पर्छ। हाम्रै बीचमा धनीले धनको भरमा, बलियोले बलको भरमा कति अन्याय-अत्याचार गर्छ, त्यो पनि थाहा पाउनु पर्‍यो। मानवले मानव भएर बस्न पाउनु पर्दछ। उसले गाँस पाउनु पर्दछ, वास पाउनु पर्दछ र कपास पाउनु पर्दछ। शिक्षा पाउनु पर्दछ।

म दोस्रो विश्वयुद्धको कुरा गर्न गइरहेको छु। म त्यतिखेर हिन्दुस्तानको जेलमा थिएँ। तर त्यहाँ खुल्ला रुपमा जर्मनीलाई समर्थन गर्ने व्यक्ति मात्रै जेलमा थियो, अरु कुनै जेलमा थिएन। के आज हामी यो कुरा गर्व गरेर भन्न सक्छौं? आज प्रजातन्त्र आएको झण्डै पचास वर्ष जति भयो, ०४६ सालपछि सात वर्ष बितिसक्यो। प्रजातन्त्र आएको सातौं वर्ष गाँठमा मात्रै जनआन्दोलन दिवस मनाइयो, ६-६ वर्षसम्म के हेरेर बसेका थिए? किन मनाइएन? ती नेताहरु कता गएका थिए? मलाई यस्तै-यस्तै प्रश्न सोध्न मन लागेको छ। म त जनआन्दोलनको बेला घर मै नजरबन्द थिएँ। मलाई धेरै कुरा थाहा पनि छैन।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा नै विना वारेन्ट कसैलाई गिरफ्तार गर्न नपाइने कुरा उल्लेखित छ। विनाकारण कसैको घरमा प्रवेश गर्न नपाइने व्यवस्था तोकिएको छ।

नेपालको प्रशासन कस्तो छ भन्ने कुरा मलाई राम्रैसंग थाहा छ। म स्वयं गृहमन्त्री भएको हुँदा थाहा छ। म आज पनि कोही-कोहीलाई आजको परिपाटीको बारेमा सोध्छु। उनीहरु केही नबदलिएको, तेरो र मेरो मान्छे मात्रै भन्ने गरेको कुरा सुनाउँछन्। यहाँ कोही मान्छे मन्त्री भयो भने आफ्ना नातेदारहरुलाई जागिर खुवाउने भन्दा अरु काम नै छैन। उद्घाटन गर्न हिड्ने बाहेक अरु केही काम छैन। म त भन्छु- अब एउटा उद्घाटन मन्त्रालय खोले हुन्छ।

मेरो समयको भारत र अहिलेको भारतमा फरक छ। गान्धीको नेतृत्वको भारतमा गान्धिजीका सहायकहरु जवाहरलाल नेहरु, राजेन्द्र प्रसाद, के. मुन्सी, वल्लभभाई पटेल आदिसित साक्षात्कार हुँदा मेरो शीर झुक्दथ्यो। हाम्रा नेताहरुले पनि यस्तै चेला बनाउनु पर्छ भन्ने म चाहना राख्छु।

विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री हुँदाको कुरा हो। एउटा होटलमा पार्टी थियो। उनले मलाई आफ्नो सवारी साधन लिएर आउनु भएको छ कि भनेर सोधे। मैले ल्याएको छैन, नजिकै पर्ने हुँदा हिडेरै आएको हुँ भने। वि.पी.ले म पुऱ्याई दिन्छु, तपाईंसित एकछिन कुरा पनि गर्नुछ भने। कुराकानी गर्ने सिलसिलामा उनले आफूलाई उक्त दिन पार्टीका चारजना मान्छेहरु आएर खुट्टा समातेको र खुट्टा समात्नेहरुले फलानो खाली पदमा मलाई मिलाइदेउ भनेको कुरा सुनाए। त्यसपछि मैले वि.पी.लाई सोधें- तिमीले उनीहरुलाई के जवाफ दियौ त? वि.पी.ले भने- मैले खाली नभएको र तिमीहरु योग्य छैनौ भनें। मैले त्यसपछि वि.पी.लाई तिमी योग्यताको कुरा किन गर्छौ, तिम्रो पछि उनीहरु लागेको बाह्र वर्ष भइसक्यो, त्यही हो योग्यता भनेर भने। मैले यो कुरा पार्टीका कार्यकर्ताहरुलाई मात्रै जागिर दिने क्रम अहिले पनि जारी भएको झलक दिनलाई उठाएको हुँ।

म के चाहन्छु भने नेपालमा [illegible] भोको नहोस्, कोही आस्थाको बन्दी नहोस्। जनतालाई हतियार लिन बाध्य सरकारले नपारोस्। अहिले चलिरहेको माओवादी आन्दोलन छ, त्यसको राजनीतिक रुपबाट समाधान हुनु पर्दछ। किन, तिनीहरु हात-हतियार उठाउन बाध्य भए? त्यसको जवाफ खोज्नु पर्छ। किनकि, हात-हतियार उठाएर मान्छे मार्नु गम्भीर कुरा हो। त्यसप्रति प्रहरी कतिको जिम्मेवारपूर्ण छ? सरकारले बुझ्नु पर्‍यो। प्रहरीको ज्यादती भएर नै हतियार उठाउन बाध्य भएका हुन कि? त्यो पनि बुझ्नु पर्दछ। तिनीहरुमाथि ठूला-ठालुले कति थिचोमिचो गरेको छ? त्यो पनि पत्ता लगाउनु पर्दछ। अनि त्यसपछि मात्रै समाधान हुन्छ। कुराकानीबाट समाधान गर्नु पर्छ।

त्यसो त बोस्नियामा, जायरमा र प्यालेष्टाइनको झगडामा कैयौं मान्छेहरु मरिसकेका छन्। कैयौं मान्छे घाइते भएका छन्। यस्तो सुन्दा संसारभरि नै डढेलो लाग्यो कि भन्ने भान हुन्छ। मन आत्तिन्छ। तर यसको समाधान पनि छलफलद्वारा नै हुन्छ।

संयुक्त राष्ट्र संघलाई बलियो बनाउनु पर्छ। साधन दिनुपर्छ। अमेरिकाले अझै पनि संघको २ विलियन डलरको ऋण चुक्ता गर्न सकिरहेको छैन। जुन धनी राष्ट्र छन्, उनीहरुले पनि आफूले तिर्नु पर्ने पैसा दिइरहेका छैनन्। हामीकहाँ अहिले सरकारको १५ प्रतिशत बजेट शैक्षिक क्षेत्रमा खर्च हुन्छ। तर कैयौं विद्यालयहरु साधन-सुविधा सम्पन्न छैनन्, कैयौं ठाउँमा विद्यालय छैन। तर जहाँ पार्टीले चलाएको कुनै विद्यालय छ भने त्यहाँ पैसा, साधन र सुविधा पुगिरहेको छ।

मेरो चाहना नै यत्ति छ- नेपाल सुन्दर, शान्त देश बनोस्, कोही जेल बस्नु नपरोस्, कोही भोका-नांगा नहुन्।

एकपटक पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा म कहाँ आउँदा उनले "के गर्ने? यहाँ प्रत्येक पार्टीका मान्छेहरु आएर यो ले त्यो ले भनेर मात्रै माग्छ" भन्ने गुनासो गरेका थिए। त्यसपछि मैले सोधेको थिएँ- देशको हालत खराब छ, गाउँको हालत खराब छ भनेर कोही आए? उनले बहुत कम आएको कुरा सुनाए। हाम्रा गिरिजाबाबुको पनि त्यस्तै अनुभव होला। यहाँ बोल्ने क्रममा उनले आफ्ना अनुभवहरु बहुत इमान्दारीपूर्वक भनून्। बरु पार्टीलाई बचाउनु जरुरत छैन, नेपालको हालत के छ त्यो हेर्नु पर्‍यो। नैतिकता कहाँ पुग्यो त्यो हेर्नु पर्‍यो। यहाँ मान्छेको खरिद, विक्री समेत हुन थालेको छ। चुनावमा कोही मान्छे जितेर आउँछ। जितेर आएपछि उसले आफ्नो कर्तव्य भन्दा बाहिरको काम गर्छ र सरकारलाई समेत खतम पार्छ। यो स्थितिमा हामी तल गिरिसकेका छौं। हामी मुख देखाउन नालायक भइसक्यौं। हामी आज यो स्थितिमा छौं।

म तपाईहरुलाई आश्वस्त गर्न चाहन्छु, मेरो दिल शुद्ध छ, कसैप्रति मेरो ईर्ष्या, द्वेष छैन। प्रजातन्त्र फलोस फुलोस्। निर्भिक भएर बोल्न पाउने, योग्यता र क्षमताको आधारमा जागीर पाउने परिपाटी बसोस्। मलाई लाग्छ- जागिर दिने मन्त्री होइन, पार्टी होइन। म त भन्छु- राजदूतको नियुक्ति पनि पार्टीगत तवरबाट होइन, सेवाबाट जानु पर्छ। तिम्रो मालिक अरु कोही होइन, दुनियाँ हो। दुनियाँ भनेको त अमूर्त हो, चार जनाले पनि दुनियाँको नाम लिएर हुलहुज्जत गर्न सक्छ। तर त्यसलाई दुनियाँ भन्न चाहिं सकिंदैन। नियम, कानुन नै मालिक हुन्, मन्त्री मालिक होइन। नियम, कानुनको राम्रो संगले पालना गरे कसैले कोहीसित डराउनु पर्दैन।

एकपटक नेहरुसित मेरो कुरा चल्दा उहाँले भन्नुहुन्थ्यो- म त एकजना पियनलाई पनि भर्ना गर्न सक्दिन। तर हाम्रो देशमा प्रधानमन्त्री या अरु मन्त्रीहरुले ठुल-ठूला पदमा अरु केही पद नपाए एडभाइजर बनाएर पनि जागिर खुवाउँछन्। यस्तो नहोस् भन्ने कामना बारम्बार गर्दछु। मलाई केही हुनु पनि छैन। मौका धेरै आए। मैले धेरै जसो मौकालाई त्यागें। यो चौरासी वर्षीय उमेरमा केही ईच्छा, आकांक्षा पनि छैन। तर मर्ने बेलामा एउटा आकांक्षा चाहिं के छ भने- नेपाल सुखी एवं समृद्धशाली बनोस्, यहाँ कोही भोकै नमरोस्, कोही अशिक्षित भ[illegible] नबसोस्, जेलमा कोही बन्दी पनि नहोस्।

यहाँ कुनै मन्त्री, प्रधानमन्त्रीले भाषण गऱ्यो भने प्रशासनमा राजनीतिकरण नहुने, आस्थाको कुरा नहुने भाषण गर्छन्। तर यहाँ प्रत्येक राजनैतिक पार्टीहरुले आ-आफ्नो संगठन खोलेर शिक्षक, कर्मचारी र मजदूरहरुलाई भाँडिरहेका छन्। यस्तो नहोस्। किनकि उसको भोट दिने अधिकार त छँदैछ नि। सरकारी ओहदामा बस्ने मान्छेले राजनीति गर्नु हुँदैन।

मैले आज जति कुरा बोलें, नेपालको कल्याण होस्, देशवासीहरुको कल्याण होस् भनेर नै बोलेको छु। कोही भोको नहोस्, कोही अशिक्षित नरहोस्, सबैलाई मानवअधिकारको बारेमा सामान्य जानकारी होस्, कसैको मानवअधिकार नछिनियोस्, नखोसियोस्।

वर्ष पुस्तक विमोचन गर्नुहुँदै डा. डिल्लीरमण रेग्मी

युद्धविराम : घोषणा र व्यवहार

कृष्ण गौतम

माओवादी समस्याको शान्तिपूर्ण समाधानका लागि श्री ५ को सरकार र नेकपा (माओवादी) वीच दुई चरणका वार्ताहरु सम्पन्न भइसकेका छन्। अहिले तेस्रो चरणको वार्ता प्रसंग शुरु भएको छ। सम्पन्न दुई चरणको वार्ता उपलब्धीपूर्ण भन्दा पनि सौहार्दपूर्ण भएका छन्। वार्ताको वातावरण बनाउन दुवै पक्षले युद्ध विरामको घोषणा गरेका थिए। घोषित नीतिलाई सम्बन्धित पक्षबाट परिपालना गरियो/गरिएन अर्थात् घोषणा र व्यवहारमा कस्तो सम्बन्ध रह्यो भन्ने सम्बन्धमा यस अवधिमा भए/गरेका क्रियाकलापलाई प्रस्तुत लेखमा मूल्यांकन गर्ने जमर्को गरिएको छ।

युद्धविरामको घोषणा

प्रधानमन्त्री शेरवहादुर देउवाले पदभार सम्हालेको लगत्तै २०५८ साउन ८ गते माओवादीलाई आफ्नो कार्वाही तुरुन्त रोकी विश्वासको वातावरण तयार गर्न र सञ्चार माध्यम मार्फत् वार्ताको माध्यमवाट मुलुकलाई राजनीतिक निकास दिन आग्रह गर्नुभयो। प्रमद्वारा जारी विज्ञप्तिमा माओवादीहरुका तर्फबाट कार्वाही रोकिने विश्वासमा सरकारका तर्फवाट पनि कुनै कार्वाही नगर्न सुरक्षाकर्मीहरुलाई आवश्यक निर्देशन भइसकेको र विश्वासको वातावरण निर्माणका लागि चालिनु पर्ने अन्य कदमहरु पनि यथाशक्य छिटो चालिने विश्वास व्यक्त गर्नु भएको थियो। मुलुकको जटिल परिस्थितिलाई ध्यानमा राखी माओवादी नेताहरुलाई आफ्ना कुनै पनि कार्वाही नगर्न अनुरोध गरिसकिएको प्रधानमन्त्री देउवाले विज्ञप्तिमा उल्लेख गर्नु भएको थियो। प्रधानमन्त्रीको विज्ञप्ति सार्वजनिक भएको लगत्तै नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले पनि अनुकूल वातावरण सिर्जना गर्न पूर्व योजनाका सम्पूर्ण आक्रामक फौजी कार्वाहीहरु स्थगित गरी सक्रिय रक्षामा रहन पार्टी केन्द्रीय कार्यालयका तर्फवाट देशभरका तमाम छापामार योद्धाहरुसंग अनुरोध गर्दै वक्तव्य सार्वजनिक गर्नुभयो। अध्यक्ष प्रचण्डले वक्तव्यमा भन्नुभयो- अव अमूर्त हैन, विश्वासको वातावरण सिर्जना गर्न ठोस पहलको प्रश्न सर्वाधिक महत्व राख्दछ। त्यसका लागि वेपत्ता पारिएकाहरुको स्थिति सार्वजनिक गर्ने, दुवैतिरका वन्दीहरुलाई मुक्त गर्ने, जनयुद्ध विरुद्ध पूर्व सरकारले अपनाएको नीति निर्णयहरु खारेज गर्ने प्रक्रिया अविलम्व पहल जरुरी छ। प्रधानमन्त्री देउवा र माओवादी अध्यक्ष प्रचण्डका वक्तव्यहरुले माओवादी समस्यालाई शान्तिपूर्वक वार्ताका माध्यमबाटै समाधान खोज्न युद्ध विरामको स्थिति सिर्जना गरे। त्यसैले ती दुवै वक्तव्यहरुलाई युद्धविराम वक्तव्यका रुपमा पनि बुझ्ने गरिन्छ।

सबै पक्षबाट स्वागत

ससम्मान शान्तिपूर्ण वाँच्न पाउने जनताको अधिकारको अनिवार्य संरक्षणको यथार्थलाई प्रत्याभूति दिने गरी श्री ५ को सरकार र नेकपा (माओवादी) वीच शान्तिपूर्ण माध्यमद्वारा समस्या समाधान गर्ने सहमतिको सिलसिलामा श्री ५ को सरकारले नेकपा (माओवादी) विरुद्ध कार्वाही रोक्ने तथा नेकपा (माओवादी) द्वारा फौजी कार्वाही रोक्ने सार्वजनिक घोषणाको सवै पक्षबाट स्वागत गरियो।

दुवै पक्षको शान्ति आह्वान पछि वनेको वातावरणलाई राष्ट्रका राजनीतिक दल, मानवअधिकार संस्थाहरु, पेशागत तथा व्यावसायिक संघ-संस्था, राष्ट्रिय मानवअधिकार आयोग तथा अन्तर्राष्ट्रिय जगत आदि सवै क्षेत्रवाट सकारात्मक र स्वागत योग्य कदमको संज्ञा दिंदै स्वागत गरिएको थियो।

राष्ट्रिय मानवअधिकार आयोगले शान्ति स्थापना तथा मानवअधिकारको संरक्षणको दिशामा एक राम्रो अवसरको सूचकको रुपमा लिएको छ। आयोगले यस अवसरलाई सकारात्मक रुपमा प्रयोग गरी समस्याको शान्तिपूर्ण समाधान गर्न दुवै पक्षलाई आह्वान गर्दै यस प्रयासमा आफ्नो तर्फवाट कुनै पनि भूमिका निर्वाह गर्ने धारणा व्यक्त गरेको थियो।

त्यसैगरी विभिन्न मानवअधिकारकर्मीहरुले दुवै तर्फवाट व्यक्त प्रतिवद्धतालाई अत्यन्तै सकारात्मक रुपमा लिंदै वार्तावाट सहमतिमा आउने महत्वपूर्ण कार्यमा सफलता मिलोस् भनी त्यसका लागि कुनै पनि वेला कुनै पनि किसिमको सहयोग गर्न आफूहरु तयार रहेको अभिव्यक्ति प्रेस विज्ञप्ति मार्फत् सार्वजनिक गरेका थिए।

सकारात्मक थालनी

नेकपा (माओवादी) संग वार्ताको प्रक्रिया अघि बढाउन उपयुक्त वातावरण तयार गर्ने क्रममा ०५८ साउन १३ गते श्री ५ को सरकारले १५ जना माओवादी कार्यकर्ताहरुलाई रिहा गर्ने निर्णय गरेको थियो। गृहमन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा 'वार्ताको प्रसंग अर्थपूर्ण रुपमा अगाडि बढाउन सरकार गम्भीर भएको छ भन्दै प्रस्तावित वार्ताका लागि उपयुक्त वातावरण निर्माण गर्ने क्रममा विभिन्न मुद्दामा संलग्न रही पुर्पक्षका सिलसिलामा वा अदालतको फैसलावाट कारागारमा रहेका माओवादी कार्यकर्ताहरुको मुद्दा फिर्ता लिन वा सजाय माफी मिनाहा गराउन आवश्यक कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। सरकार त्यसतर्फ पनि गृहकार्य गर्नमा संलग्न छ' भनिएको थियो। त्यसपछि सरकारले ३५ जनालाई रिहा गऱ्यो भने १ सय ८८ जनाको मुद्दा फिर्ता लिने प्रकृयामा रहेको जनायो । नेकपा (माओवादी) पक्षवाट पनि आफ्नो कब्जामा रहेका व्यक्तिहरुलाई यस अवधिमा मुक्त गर्ने क्रमको थालनी गरेका थिए। तेस्रो चरणको वार्ता प्रसंग चलिरहेको वेला माओवादीका अध्यक्ष प्रचण्डले आफ्नो कब्जामा रहेका सम्पूर्ण प्रहरी तथा नागरिकहरुलाई मुक्त गरिने घोषणा गर्नुभयो।

राजधानी आतंकित

नेकपा (माओवादी) द्वारा जनयुद्ध संचालन गरिएको साढे पाँच वर्षको अवधिमा माओवादी र प्रहरीको तर्फवाट देशमा ठूला ठूला आक्रमणका घटनाहरु भए। एकै ठाउँमा झण्डै तीन दर्जन मानिसहरु समेत मारिए। सयौं अपहरण गरिए, कैयौं वेपत्ता पारिए। यी र यस्तै घटनाहरुका समाचार पढ्दै र सुन्दै आएका राजधानीवासीहरु माओवादी र सरकारद्वारा युद्ध विरामको घोषणा भइसकेपछि माओवादीहरुको क्रियाकलापका कारण संभवतः वढी त्रसित भए। नेकपा (माओवादी) ले असोज १ र ५ गते काठमाडौंमा गर्ने भनिएको आमसभाको लागि देश भरवाट काठमाडौं भित्रिने लाखौं मानिसका लागि वस्न, खान तथा यात्रा गर्नको लागि भनेर विद्यालय, होटल, गुम्वा, कारखाना, वस तथा यातायातका अन्य साधन र ती साधनहरुलाई

आवश्यक पर्ने इन्धन उपलब्ध गराउन पेट्रोल पम्पहरुलाई माओवादीहरुले दवाव दिएका समाचारहरु प्रकाशित भए। त्यति मात्र होइन, व्यक्तिगत घरहरुमा पनि माओवादीका मानिसहरु आउने छन् र तिनीहरुलाई वस्न दिनु पर्नेछ भन्ने हल्ला फैलिएपछि राजधानीवासी अझ त्रसित भएका थिए। त्यसरी जनता त्रसित पार्ने काममा सरकारी निकायहरुको भूमिका पनि अहम् रह्यो। माओवादीले आमसभा स्थगित गरेको जनाएपछि राजधानीवासी ढुक्क भएको प्रतिक्रिया सार्वजनिक भयो।

कस्तो रह्यो युद्ध विराम

युद्धविरामको घोषणापछि जनता शान्तिपूर्ण वातावरणमा वस्न पाइने कुरामा ढुक्क भए। सुरुका दिनहरु जनताले अपेक्षा गरेअनुसार नै रहे। आतंकित प्रहरीमा आशाको नयाँ संचार भयो। उनीहरु न रातमा निदाउँथे न दिनमा नै ढुक्क हुन्थे। सो घोषणापछि आफ्नो कार्यालयमै रात विताउन र दिन कटाउन थाले। प्रहरीका परिवारहरु पनि ढुक्क भए। माओवादी पक्ष पनि आफ्ना फौजी कार्वाही वन्द भएपछि सरकार पक्षवाट आफूमाथि हुने आक्रमणको खतराबाट मुक्त भए। आफ्ना गतिविधि खुल्ला रुपमा संचालन गर्न थाले। ०४६ सालमा कांग्रेस र वाम मोर्चाले जस्तै देशव्यापी रुपमा राजनीतिक र्‍याली र सभाहरु गरेर पनि राजनीतिको मूल प्रवाहमा सामेल हुने आफ्नो आकांक्षा प्रकट गरिरहे। अर्थात्, समग्रमा भन्नु पर्दा शुरुका दिनहरु साँच्चिकै शान्तिपूर्ण नै रहे। तर विडम्वना त्यस्तो अवस्था धेरै दिन रहेन। सरकार र माओवादी दुवै पक्षबाट आफूले व्यक्त गरेका प्रतिवद्धताहरुलाई निरन्तर व्यवहारमा देखाउन सकेको देखिएन।

सरकारले अदालतवाट रिहा गर्ने आदेश भएका व्यक्तिहरुलाई पुन: गिरफ्तार गर्ने जस्ता कार्यहरु दोहोऱ्याएको पाइयो। साउन २४ गते विशेष अदालतले रिहा गर्ने आदेश दिएका मोरङका जयराम दर्जी सुन्दासलाई प्रहरीले पुन: गिरफ्तार गरेका थिए। त्यसैगरी माओवादी पक्षले पनि जाजरकोट जिल्ला सिमा गाविस-९ का शिक्षक मानवहादुर पुनलाई साउन १७ गते माओवादीबाट अपहरण गरे। त्यसैक्रममा माओवादीहरुले साउन २३ गते सुर्खेत जिल्लाबाट राष्ट्रिय जनमोर्चाका ६ जना कार्यकर्ताहरुलार्य अपहरण गरे। उल्लेखित घटनाहरु युद्धविराम उल्लंघनको थालनीका केही उदाहरण मात्र हुन्।

माओवादी पक्षवाट यस अवधिमा जनतासंग जवर्जस्ती चन्दा असुल गर्ने, जननिर्वाचित स्थानीय निकायका जनप्रतिनिधिहरुलाई जवरजस्ती राजिनामा गर्न लगाउने, जनकार्वाहीका नाममा जनतालाई अपहरण, कुटपिट, कति जिल्लामा त जर्वजस्ती गाईको मासु खान लगाउने टुप्पी र जनै काट्ने, भाटे कार्वाही गर्ने, प्रहरीले छोडिसकेको चौकीका भवनहरुमा आगो लगाउने, सशस्त्र आम सभा गर्ने, त्यसभन्दा पनि अगाडि वढेर व्यक्ति हत्या गर्ने र गोली हानी मानिसहरुलाई घाइते वनाउने कार्य माओवादी पक्षवाट भए।

सुनसरी जिल्ला डुम्राहा गाविस-७ का संगीन खवासलाई ०५८ भदौ ८ गते माओवादीहरुले भाटे कार्वाही गरेकोमा कोशी अञ्चल अस्पतालमा उपचार गराउँदा गराउँदै भदौ १२ गते मृत्यु भयो।

रोल्पा जिल्ला झेनाम गाविस-२ का ३७ वर्षीय निमलाल रोकालाई आफूहरुलाई वस्न, खान

माओवादी जत्थालाई खाना नखुवाएको झोकमा मारिएका रोल्पाका निमलाल रोकाकी सुत्केरी पत्नी

नदिएको आरोपमा ०५८ असोज ७ गते माओवादी कार्यकर्ताहरुले निर्मम ढंगले हत्या गरे।

प्रतिकारका नाममा

यस अवधिमा नेकपा (माओवादी) द्वारा सताइएको भन्दै विभिन्न ठाउँहरुमा जनताद्वारा माओवादी विरुद्ध भौतिक प्रतिवाद समेत गर्ने प्रतिकार समिति गठन गरिए। त्यसक्रममा हिंसात्मक घटनाहरु पनि भए। भदौ २३ र २४ गते पर्सा जिल्ला विरुवागुठी गाविसमा प्रतिकारका नाममा २ जना व्यक्तिको हत्या भयो भने प्रहरीको गोलीवाट नेपाली कांग्रेसका कार्यकर्ता बोधनाथ चौधरीको हत्या भयो। प्रतिकारका नाममा माओवादीले आश्रय लिने गरेका भनिएका घरहरुमा आगो लगाइयो। यस घटनावाट हजारौं जनता विस्थापित हुन पुगे।

ताप्लेजुङ जिल्ला लिङतेल गाविस-६ मा माओवादीको एक समूहलाई जवरजस्ती चन्दा उठाउने र हतियार संकलन गर्ने गरेको आरोपमा स्थानीय जनताले लखेट्न खोज्दा माओवादी समूहले भरुवा वन्दुक प्रहार गर्दा दुई जना स्थानीय व्यक्ति घाइते भए। प्रतिकारका घटनाहरु वाँके लगायतका अन्य जिल्लाहरुमा भएको सार्वजनिक जानकारीमा आए।

सरकारी कदम

यस अवधिमा श्री ५ को सरकारवाट भए गरेका काम कार्वाहीहरुको वारेमा पनि उल्लेख गर्नुपर्ने हुन्छ। माओवादीद्वारा असोज १ र ५ गते काठमाडौंमा गर्ने भनिएको आमसभा सशस्त्र हुने हल्ला सरकारले नै फैलायो र ती आमसभाहरुलाई जसरी भए पनि रोक्नुपर्ने, त्यसले वार्ता भंग हुन सक्ने जस्ता कुराहरु सरकारी पक्षवाट जोडतोडसंग गरियो। सुरक्षा परिषद्को वैठकमा समेत यो कुरा उठाइएको र कुनै पनि हालतमा सो कार्यक्रम काठमाडौंमा हुन नदिने, सुरक्षाका सवै अंग सक्रिय हुने प्रचारवाजी पनि भए। रक्षा मन्त्रालयवाट समेत प्रेस विज्ञप्ति जारी गर्ने काम भए।

सरकार माओवादी दोस्रो चरणको वार्तामा सरकारी पक्षवाट माओवादी पक्षसंग ती आमसभा रोक्नु पर्ने विषय नै गम्भीर रुपमा उठाइयो। माओवादी पक्ष आफ्नो निर्धारित कार्यक्रम गरेर छोड्ने अडानमा रहे। ०५८ भदौ ३० गते शनिवार काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले छुट्टाछुट्टै सार्वजनिक सूचना जारी गरी तीन वटै जिल्लामा एक महिनासम्मका लागि आमसभा, र्‍याली, पर्चा, पोष्टरिङ गर्न मनाही गरियो। असोज २ गते उक्त आदेश फिर्ता भएको घोषणा गऱ्यो। माओवादीले आमसभा स्थगित गऱ्यो र अखिल (क्रा.) को कार्यक्रम विराटनगरमा सम्पन्न गऱ्यो। सुरक्षाको लागि सरकारले सेना समेत परिचालन गऱ्यो। माओवादी निकट अनेरास्ववियू (क्रान्तिकारी) को सम्मेलनका लागि र माओवादी आमसभाको लागि हातहतियार ल्याई लुकाएको हुन सक्ने आशंकामा काठमाडौं उपत्यकाका किर्तिपुर, ताहाचल, अमृत साइन्स, सानोठिमी, इन्जिनियरिङ क्याम्पसका छात्रावासहरुमा सेनाको सहयोगमा प्रहरीले छापा मारे र दर्जनौं विद्यार्थीहरु गिरफ्तार गरे। यस घटनालाई २०३६ सालपछि पहिलो पटक शैक्षिक मर्यादामा नांगो हस्तक्षेप भनिएको छ।

र अन्तमा

युद्ध विरामको घोषणापछि भएका हिंसात्मक घटनाहरु प्रति जिम्मेवार पक्षहरु गम्भीर वन्नै पर्छ। कुन पक्ष कति घटनाको लागि जिम्मेवार भनेर संख्यात्मक लेखाजोखा गर्ने भन्दा पनि आ-आफ्नो पक्षवाट यस अवधिमा युद्ध विराम उल्लंघन गर्ने घटना पुन: दोहोऱ्याउनु हुँदैन।

श्री ५ को सरकारले माओवादीलाई दमन गर्ने नाममा संविधान प्रदत्त मौलिक अधिकारको हनन् गर्ने काम कारवाही गऱ्यो। सुरक्षाको वहानामा सैनिक परिचालन गरियो। युद्ध विराम पछि, भन्ने हो भने वर्दियामा सम्पन्न दोस्रो चरणको वार्ता पछि सरकार आक्रमक शैलीमा प्रस्तुत भएको देखियो।

माओवादीका विरुद्ध युद्धविराम कै अवधिमा जनता किन प्रतिकारमा उभिए ? जुनसुकै प्रकारको जवरजस्ती मानवअधिकार विरोधी कुरा हो र यस्तो खाले क्रियाकलाप असैह्य हुन्छ भन्ने कुरा माओवादी पक्षले मनन गर्नुपर्ने हुन्छ। युद्धविरामको वेला अनेमसंघ (क्रान्तिकारी) वा अनेरास्ववियू (क्रान्तिकारी) आफ्ना कुनै पनि निकांयहरुलाई तोडफोड र हिंसाको छुट माओवादी संगठनले दिनु हुँदैन। त्यसको सम्पूर्ण नैतिक तथा अन्य सवै जिम्मेवारी माओवादी नेतृत्व स्वयंले काँधमा लिनु पर्छ।

अहिले दुवै पक्ष तेस्रो चरणको वार्ताको लागि तयार भएको स्थिति देखिएको छ। दोस्रो चरणको वार्तापछि आक्रामक वनेको सरकार अहिले नरम वनेको संकेत मिलेको छ। यही असोज १५ गते गृहमन्त्रीले संसदमा वोल्दै वार्ताको वातावरण वनेयता माओवादीद्वारा भएका घटनाहरुलाई 'छिटफुट' को संज्ञा दिनुलाई पनि त्यसको संकेतको रुपमा लिन सकिन्छ।

जनताको शान्तिको चाहनालाई सम्मान गर्दै दुवै पक्षले वार्तामा संलग्न भएको उल्लेख गर्नुले जनता शान्ति चाहन्छन् भन्ने तथ्यलाई पनि स्वीकार गरिएको छ। माओवादी जनयुद्धको शान्तिपूर्ण समाधानका दिशामा वार्ताको शुरुवातले निश्चित रुपमा आशाको संचार गरेको छ, यो आशालाई निराशामा वदलिन नदिन तेस्रो चरणको वार्ताले शान्तिपूर्ण निकास पहिल्याउनु पर्छ। वार्ता-वार्ताका लागि नभएर समाधानका दिशामा अगाडि वढ्नु पर्छ। यही नै समयको माग हो।

सरकार-माओवादी वार्ता : प्रस्तावित आचार संहिता

नेपालमा नेकपा (माओवादी) द्वारा संचालित 'जनयुद्ध' तथा 'जनयुद्ध' दमन गर्ने सिलसिलामा श्री ५ को सरकारद्वारा अबलम्बन गरिएका नीति एवं शैलीका कारण व्यापक जनधनको क्षति भएको तथा गम्भीर रुपमा मानवअधिकारको हनन् तथा मानवीय कानुनको उल्लंघन भएको तथ्यलाई हृदयंगम गर्दै,

श्री ५ को सरकार र नेकपा (माओवादी) बीच शान्तिपूर्ण माध्यमद्वारा समस्या समाधान गर्ने सहमतिको सिलसिलामा श्री ५ को सरकारले नेकपा (माओवादी) विरुद्ध कार्वाही रोक्ने तथा नेकपा (माओवादी) द्वारा फौजी कार्वाही रोक्ने सार्वजनिक घोषणालाई स्मरण गर्दै,

जनताको ससम्मान शान्तिपूर्ण बाँच्न पाउने आधारभूत मानवअधिकारको अनिवार्य संरक्षणको यथार्थतालाई मनन गर्दै,

वार्ताको अवधिभर 'युद्धविराम' को अवस्था रहेको भनिएता पनि 'युद्धविराम' को उपयुक्त परिभाषाको अभावमा वार्तामा संलग्न पक्षहरुले के कस्ता क्रियाकलापहरु अबलम्बन गर्नु हुने वा नहुने भन्ने किटान नभएको र एक पक्षले अर्को पक्षलाई वार्ताको वातावरण बिथोलेको भनी निरन्तर दोषारोपण गरिएको तथ्यलाई मध्यनजर गर्दै,

आन्तरिक सशस्त्र शान्तिपूर्ण अवतरणको एक मात्र विकल्प संवाद नैं भएको तथा हिंसाको निरन्तरताको प्रतिहिंसाको श्रृंखला बढाउने सत्यतालाई महसुस गर्दै,

वर्तमान परिवेशमा श्री ५ को सरकार तथा नेकपा (माओवादी) बीच 'युद्ध विराम' को अवस्थामा सम्पन्न भैरहेको औपचारिक वार्ताको सन्दर्भमा काठमाडौंमा आयोजित मानवअधिकारवादीहरुको एक भेलाले सम्बन्धित दुवै पक्षबाट 'युद्ध विराम' तथा शान्ति वार्ताको वर्तमान परिप्रेक्ष्यमा परिपालना गरिनु पर्ने निम्न लिखित आचारसंहिता प्रस्ताव गरेको छ।

श्री ५ को सरकार पक्षबाट पालना गर्नुपर्ने आचार संहिता

१. वार्ताको चलिरहेको अवस्थामा माओवादी भएको आधारमा वा अन्य कुनै वहानामा कसैलाई पनि आस्थाका आधारमा गिरफ्तार गर्न नहुने।
२. सार्वजनिक सुरक्षा नियमावली अविलम्ब खारेजी गर्नु पर्ने।
३. शान्तिपूर्ण रुपमा सभा सम्मेलन गर्ने लगायत अन्य संविधान प्रदत्त मौलिक अधिकारको उपयोग गर्न बाधा व्यवधान खडा गर्न नहुने।
४. राजनीतिक आस्थाका आधारमा पक्राउ गरी वेपत्ता पारिएकाहरुलाई सार्वजनिक गरिनु पर्ने तथा आस्थाका बन्दीहरुलाई रिहा गर्नु पर्ने।
५. विभिन्न वहानामा आस्थाका बन्दीहरु उपर लगाइएका झुट्टा मुद्दाहरु खारेजी गर्नुपर्ने।
६. वार्तामा सहभागी भएका सरकारी प्रतिनिधि लगायत सरकार तथा सत्तापक्षका कुनै पनि नेताहरुले वार्ताको भावना विपरित वक्तव्य जारी गर्न नहुने वा कुनै पनि किसिमले त्यसप्रकारको अभिव्यक्ति सार्वजनिक गर्न नहुने।
७. नागरिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारसंग सम्बन्धित मानवअधिकार विरोधी कुनै किसिमको ऐन नियम वनाउन र कार्यान्वयन गर्न नहुने।
८. सेनाको प्रयोग कुनै पनि वहानामा गर्न नहुने।
९. वार्ता अवधिभर वल प्रयोग वा दमनको नीति अपनाउन नहुने।
१०. कानुन वहाल गराउने विभिन्न निकायद्वारा आचार संहिताको पूर्ण पालना गराउनका लागि आवश्यक निर्देशन जारी गराउने र पालना नगर्नेहरु माथि यथोचित कार्वाही गराउने व्यवस्था मिलाउने।
११. मानवअधिकार तथा मानवीय कानुनहरुको आधारभूत मूल्य र मान्यतालाई शीरोपर गरी पालना गरिनु पर्ने।

नेकपा (माओवादी) पक्षबाट पालना गरिनुपर्ने आचार संहिता

१. औद्योगिक प्रतिष्ठान, गैरसरकारी संस्था, पसल, निजी निवास वा व्यक्ति कही कतैबाट पनि जबरजस्ती चन्दा संकलन गर्न नहुने।
२. कुनै पनि तहका जन निर्वाचित निकायका पदाधिकारीहरुलाई जबरजस्ती राजिनामाका निम्ति दबाव दिन नहुने।
३. जनकार्वाहीका नाममा कसैलाई पनि अपहरण गर्न नहुने तथा आफ्नो अनुकूलताका निम्ति कसैलाई पनि आतंकित तथा भयग्रस्त तुल्याउन नहुने।
४. सर्वसाधारणको प्रत्यक्ष सरोकारका स्थानीय निकायहरु तथा शिक्षण संस्थाहरुमा तालाबन्दी गर्ने तथा काममा बाधा पार्ने जस्ता काम कार्वाहीहरु तत्काल बन्द गरिनु पर्ने।
५. शिक्षण संस्थाहरुमा कुनै पनि किसिमको जबरजस्ती गरी शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई आतंकित तथा भयग्रस्त तुल्याउन नहुने तथा शैक्षिक वातावरण खल्बल्याउनु नहुने।
६. मानवअधिकार तथा मानवीय कानुनहरुको आधारभूत मूल्य र मान्यतालाई शीरोपर गरी पालना गरिनु पर्ने।
७. प्रस्तुत आचार संहिता माओवादी पार्टीका सबै तहका नेता तथा कार्यकर्ताहरुद्वारा पालना गराउनका निम्ति पार्टीको केन्द्रीय तहबाटै सार्वजनिक सूचना जारी गरी निर्देशन गराउने र पालना नगर्नेहरुमाथि कार्वाही गरिने सूचना समेत सार्वजनिक गरिनु पर्ने।
८. राजनीतिक प्रचार, सभा सम्मेलन आदिको सन्दर्भमा नागरिकमा संत्रास फैलिने गरी प्रचार सामाग्रीको प्रयोग र सशस्त्र प्रदर्शन गर्न नहुने।

दुवै पक्षबाट पालना गरिनु पर्ने आचार संहिता

१. शान्ति प्रक्रियामा रहेका दुवै पक्षले एक आपसमा र आम नागरिक समेतमा संत्रास एवं उत्तेजना फैलिने गरी सशस्त्र शक्तिको परिचालन, प्रदर्शन र प्रयोग गर्न नहुने।
२. वार्ता अवधिमा युद्ध विरामको स्थिति कायम राखी दुवै पक्षले कुनै पनि किसिमको आचार संहिता उल्लंघन गर्न नहुने।
३. वार्तामा सहमति भएका विषयहरु दुवै पक्षवाट इमान्दारीपूर्वक लागु गर्नु पर्ने।
४. वार्ता अवधिभर वार्ता स्थल वरपर वार्तालाई प्रत्यक्ष वा परोक्ष प्रभाव पार्ने खालका कुनै पनि गतिविधि दुवै पक्षबाट गर्न नहुने।
५. वार्ताका दुवै पक्षद्वारा वार्ता अवधिभर संचारका सबै माध्यमलाई वार्ताको वातावरणमा प्रतिकूल हुने गरी प्रयोग नगर्ने।

पर्यवेक्षण

उपर्युक्त आचार संहितामा उल्लेखित बुँदाहरुको परिपालन भए नभएको विषयमा मानवअधिकार समुदायले नियमित पर्यवेक्षण गर्नेछ।

सिमरदही बोक्सी काण्ड

(महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर भन्दा करीव ५ किलो मिटर पूर्वमा पर्ने सिमरदही गाविस वडा नं.१ मा ०५८ साल श्रावण ३० गते कथित बोक्सीको नाममा महिलाहरुमाथि गरिएको उत्पीडन, कुटपिट र सामाजिक बेइज्जतीपूर्ण क्रियाकलापको सम्बन्धमा स्थलगत निरीक्षण पछि तयार गरिएको प्रतिवेदन ।)

पीडित मरनी देवी

स्थलगत भ्रमणको लागि इन्सेकबाट गएको टोलिमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालय महिला केन्द्र प्रमुख इन्दिरा फुँयाल, बालबालिका केन्द्र प्रमुख कविता अर्याल, प्रलेख शाखा प्रमुख विमलचन्द्र शर्मा र मध्यमाञ्चल क्षेत्रीय संयोजक समिर नेपाल तथा इन्सेक अभियानमा आवद्ध स्थानीय संस्था समाज उत्थान केन्द्र, धनुषाका कार्यक्रम संयोजक नवराज बस्नेत, मानव अधिकार तथा सामाजिक सचेतन केन्द्र, महोत्तरीका कार्यक्रम संयोजक निरञ्जन बराल, मा.अ वर्ष पुस्तक प्रतिनिधि महोत्तरीका नरेन्द्र कोईराला रहनु भएको थियो।

भ्रमणको क्रममा टोलीले सिमरदहीको घटनास्थल, गाविस भवन, पीडित पक्षको घरसमेतको स्थलगत अवलोकन गर्नुका साथै स्थानीय युवा, महिला, तथा समुदायमा रहेका जनता, जनप्रतिनिधि, राजनीतिक पार्टी, प्रहरी, प्रशासन, गाविस अध्यक्ष र पीडित मरनीदेवी लगायतका व्यक्तिहरुसंग भेटी प्रतिक्रियाहरु लिएको थियो।

१. घटना विवरण

महोत्तरी जिल्लाको सिमरदही गाविस वडा नं. ३ बस्ने जोगेन्द्र साहको छोराको २०५८ असार ६ गते छारे रोगको कारण मृत्यु भयो। त्यसपछि क्रमिक रुपमा विकसित हुँदै गएको उक्त घटनाको सुत्रपात भने सोहि वडाका रामविलन साह र मरनीदेवीको परिवारविच पानीको निकास सम्बन्धमा भएको विवाद नै रहेको देखिन्छ। छारेरोग भएको संजय शाह ०५८ असार ६ गते मरनी देवीको घरमा भएको पूजा कार्यमा आएको थियो जहाँ निजले पूजा प्रसाद पनि खाएको थियो। यसपछि पनि मरनी देवीले निज संजय शाहलाई कपुर ल्याउन अह्राएपछि निजले मानेन फलस्वरुप मरनीदेवीले संजय शाहलाई एक पटक गालामा पिटीन र संजय लड्यो। छारेरोग भएका कारण लडेपछि के भयो भन्दै नजीकैको धामीकहाँ लगियो, त्यहीं संजयको मृत्यु भयो।

जब जोगेन्द्रको छोराको मृत्यु भयो तव देखिनै रामविलन साहले मरनीदेवी बोक्सी भएको र उसले मारेको भनि योगेन्द्र साहलाई उक्साउँदै गए। छोरा मरेको पिरमा परेको जोगेन्द्र शाहले मरनीदेवी वोक्सी हो भनी व्यक्तिगत रुपले सोही समयदेखि गाउँ घरमा भन्न थाले र आफुले ऊ बोक्सी भएको प्रमाणित गरी छोड्ने कुरा गाउँलेहरुलाई बताए। उनले झाक्री (धामी) ल्याएर प्रमाणीत गर्न स्वीकृतिकोलागि वडा नं.१ देखि ६ सम्मका ३/४ सय गाउँलेको हस्ताक्षर संकलन गरे। धामीको लागी लाग्ने दश हजार भा.रु. जम्मा गर्न जोगेन्द्र साहले आफ्नो जमीन समेत बेच्नु पर्‍यो। जमीन बेचेर आएको भा.रु. १० हजार लगी भारतको विहार राज्यमा पर्ने बैसाली जिल्लाको सराय भन्ने ठाउँका कथित धामी कारी भन्ने रामकृपाल पंडितलाई बुझाए। घटना भएको अघिल्लो दिन ०५८ साउन २९ गते सोमबार झाक्रीलाई गाउँमा लिएर आए र आफ्नो घरमा पूजा लगाए। ०५८ श्रावण ३० को पुजाको सरसल्लाह गर्न बसेको बैठकमा गाविस अध्यक्ष नवलकिशोर सहनी समेत थिए।

सोमवार देखि नै रिक्सा राखेर माईकिङ गरी गाउँका छोरीहरु बाहेक बुहारीहरु र सम्पुर्ण बुढाबुढी समेतका महिलाहरुलाई श्रावण ३० गते ८ बजे स्थानीय स्कूलको प्राङ्गणमा अनिवार्य रुपमा भेला हुन उर्दी जारी गरियो। उपस्थित नहुने महिला बोक्सी सावित हुने र रु. पचास हजार जरीवाना गरिने कुराको सूचना गरियो। साथै, गाउँ बाहिर गएका महिलाहरुलाई पनि ल्याईनु पर्ने कुरा भनियो। ३० गते विहान ८ बजेदेखि स्कूलको प्राङ्गणमा सयौं महिला र दशौं हजार भन्दा बढी वरीपरी गाउँका मानिस समेत जम्मा भए। बोक्सी छुट्याउन भनी धामीले ९ बजे देखि प्रसाद बाँड्न थाले, यो क्रम दिउँसो २ बजे सम्म जारी रह्यो। प्रसाद छोपिएको थियो। ४/५ सय पुरुष तथा महिलाले प्रसादी खाए। धामीले प्रसादी बाँड्दा मानिस हेरी धेरै, थोरै वा फरक किसिमको प्रसादी दिने गरेको कुरा पनि स्थानीय जनतासंगको कुराकानीको क्रममा खुल्न आएको छ। अझ मरनीदेवीलाई धामीले विशेष रुपमा वढी प्रसादी दिएको कुरा मरनीदेवीले बताएकी छन्। यसरी प्रसादी खाएपछि मरनीदेवीलाई रिंगटा लागेको र रुखको छाँयामा वस्न गएको धेरैले बताए। केही विरोधी पक्षका महिलाहरुले उनको स्थान परिवर्तन पछि गिज्याउन थाले। मरनी देवी केही अस्वस्थ भएपछि केही व्यक्तिहरुले उनलाई घरमा पुऱ्याई दिएको कुरा गाविस अध्यक्ष नवलकिशोरले वताएका छन्।

मरनीदेवी घर पुगेपछि उनको विपक्षमा रहेका छिमेकीहरु राममिलन साह, पार्वतीदेवी साह, रामकिशोर साह, योगिन्दर साह, मोती साह, चलीत्तर पासवान र गर्भा मंडल लगायतका व्यक्तिहरु मिली मरनीदेवीको घरभित्र पसी निकाले र कुटपीट गर्दै पूजा स्थलमा लगेका थिए।

झाँक्री (धामी) ले गाउँमा १४ जना महिला बोक्सी (डाइन) रहेको बताएका थिए भने उक्त १४ जना मध्ये अध्यक्षको परिवार पनि परेको प्रहरी सुत्रबाट समेत खुल्न आएको छ। जसले गर्दा अध्यक्षले आफ्नो परिवारको बचाउ गर्न अरु १३ जना बोक्सी होइन भन्न धामीलाई दवाव दिए। एक जना मात्र बोक्सी रहेको र उसलाई नचाउ आफू पनि महिलाको पहिरनमा आई नाच्न थालेपछि बोक्सी पनि आफूसंग नाच्न थाल्ने कुरा बताएपछि उपस्थित जनसमूह आक्रोशित भयो र भन्न थाल्यो- यत्रो मान्छेको विचमा धेरै बोक्सीहरु छन्, किन एकजनामात्र अरुलाई पनि नचाउनु पर्छ। यसपछि पुनः झाँक्रीले अरु छैनन् एकजनामात्र हो भनेपछि आक्रोशित भीडले धामी माथि आक्रमण गऱ्यो। धामीलाई बचाउन गाविस कार्यालयमा लगि थुनियो। धामीलाई बचाउने क्रममा लाग्दा गाविस अध्यक्ष नवलकिशोरमाथि समेत हातपात भएको पाईयो। भिडले गाविसको कागजपत्र च्याती पानीमा फाली दिनुका साथै संगै रहेको हुलाक समेत तोडफोड गरेको कुरा समेत गाउँलेले बताएका छन्। सोही क्रममा अध्यक्ष नवल किशोरको घर तोडफोड गरिनुका साथै घरका सामानहरु भिडले लुटेर

लगेको पाईयो तर अध्यक्षको घर तोडफोड गर्ने र लुट्ने व्यक्तिहरु भने सो गाउँ बाहिरका रहेको कुरा स्थानीय गाउँलेले बताएका छन्। तर उनीहरु कसैको पनि नाम जान्दैनन्।

घटनाको क्रममा जानकारी प्राप्त भएपछि जिल्लाबाट गएको प्रहरी टोलीलाई गाविस अध्यक्षले आफ्नो जिम्मेवारीमा पहिले नै फर्काएका थिए। पछि घटना घटेपछि स्थानीय चौकीका प्रहरीले जिल्लामा खवर गरी थप प्रहरी बल झिकाई घाईतेहरुलाई उपचारार्थ अस्पताल ल्याउने कार्य भयो भनि जिल्ला प्रहरी कार्यालयका प्रमुख एस.पी. वीरशरण थापाले बताउनु भएको छ।

सोमवार देखि नै रिक्सा राखेर माईकिङ गरी गाउँका छोरीहरु बाहेक बुहारीहरु र सम्पुर्ण बुढाबुढी समेतका महिलाहरुलाई श्रावण ३० गते ८ बजे स्थानीय स्कूलको प्राङ्गणमा अनिवार्य रुपमा भेला हुन उर्दी जारी गरियो। उपस्थित नहुने महिला बोक्सी साबित हुने र रु. पचास हजार जरीवाना गरिने कुराको सूचना गरियो। साथै, गाउँ बाहिर गएका महिलाहरुलाई पनि ल्याईनु पर्ने कुरा भनियो।

२. घटनाका सम्बन्धमा विभिन्न पक्षको प्रतिक्रिया

वडा नं. १ का अध्यक्ष नन्दकिशोर मण्डल

मरनी देवीको घरमा पूजा भएको दिन जोगेन्द्र साहको छोरा सञ्जय साह मूजामा गएको थियो र केही समय पछि उस्को त्यहीं मृत्यु भयो। मृतक संञ्जय साहको बाबुले बोक्सी पत्ता लगाउने क्रममा गाउँ भरिका मान्छे जम्मा गराए र धामी ल्याउन गाउँलेको सही छाप गराएको उक्त कागजमा बोक्सी पत्ता लगाउने कुरा समेत लेखियो। सोमवार धामी आए। मंगलवार बिहान देखि धामीले काम सुरु गरे। महिलाहरुलाई प्रसादी खान दिए। धेरै महिलाहरुले प्रसाद खाए। त्यस मध्ये मरनी देवीले प्रसाद खाएर फर्किदा डायन भागी भनेर हल्ला गरे र पछि घरमा गएर कुटपीट गर्दै ल्याए।

सिमरदही-९ की स्वयंसेविका दुर्गादेवी फी र सरस्वती महिला समूहकी अध्यक्ष परित्रिदेवी का अनुसार धामीले १४ जना डाइन छन् भन्ने कुरा गरेको हो। यस अघि धामी ल्याउन ३/४ सय मानिसको हस्ताक्षर गराईएको थियो।

लक्ष्मण सहनीका अनुसार धामी ल्याउन १ देखि ६ नं. वडासम्मका मानिसहरुले सही गरेका थिए र जोगेन्द्र साहका मानिसहरुले सहीछाप गराएका थिए। घटना घटेको दिन गाविस र हुलाक तोडफोड गर्ने व्यक्तिहरुमा मुसलमान वस्तीको मान्छे पनि थियो। तर मुसलमानहरुको नाम अप्ठ्यारो भएको हुनाले मैले उसको नाम जानेको छैन।

मुसाफिर सहनीका अनुसार जोगेन्द्रले पहिले नै मरनीलाई डाईन (बोक्सी) हो भनेका थिए। प्रहरीले बोलाउँदा गाविस अध्यक्षलाई जनताले घेरेर जान नदिएको हो। उनका अनुसार मरनीदेवी घरमा छटपटाएको पुन्देव सहनी र जोगेन्द्र सहनीले देखेका हुन् तर मरनीदेवीको घरको झ्याल ढोका लगाइएको थियो। मरनीदेवीको झ्यालढोका फोरिएको हो।

अनमी **कामीनी चौधरी** का अनुसार छोरीहरु बाहेक सबै गाउँका महिलालाई पूजाको प्रसादी खान जानैपर्छ, नगएमा ५० हजार जरीवाना गरिने भनि माईकिङ गरिएको थियो । तर आफु डरले पूजा स्थलमा नगएको, घरका अरु आमा भाउजुहरु गएको र कमजोर महिलाहरु डराएर काँपेको कुरा पनि उनले बताईन।

मरनीदेवीको जेठो छोरा **विनोद साहका** अनुसार प्रसादी खाएर आमा घरमा आई सुतेको बेला राममिलन साह, पार्वतीदेवी साह, रामकिशोर साह, योगिन्दर साह, मोति साह, चलित्तर पासवान, गर्भा मंडलले ढोका जवरजस्ती खोली आमालाई कुटपीट गर्दै पूजा भएको ठाउँतर्फ लगेको कुरा बताए। उनका अनुसार राममिलनसंग पहिलेदेखि नै साँध, सिमाना र पानीको निकासको झगडा थियो। आमालाई कुटपीट गर्दै लैजाँदा गाउँका कसैले सहयोग नगरेको र आफूहरु पनि त्यो भीडमा प्रतिकार गर्न जाँदा मारिने डरले केही नबोली अर्काको घरमा लुक्न गएको बताउँछन्।

अध्यक्ष नवलकिशोरका काका **हिया सहनीका** अनुसार धामी विहार वैसाली जिल्ला बछवराको कुम्वार कानी पंडित भन्ने रामकृपाल पंडितलाई घटनाको एक दिन पहिला नै ल्याएको हो । उक्त प्रसादी ५० जना पुरुष र ४/५ सय महिलाले खाएका थिए। जोगेन्द्रको छोरा संजय विरामीको कारणले नै मरेको थियो।

मुश्लिम समुदायका ६०/७० वर्षका एक बृद्ध **कासीम अन्सारी र मोहमद हाफिफ** का अनुसार- हामी बोक्सी भन्ने कुरा मान्दैनौं। पहिले २/३ जना हस्ताक्षर गराउन आएका थिए तर हामीले गरेनौं। माईकिङ गरेर प्रसादी खान नआउनेलाई पचास हजार जरिवाना लाग्ने कुरा वताईएको थियो। जव कि हामी मुश्लिम समुदायले हिन्दुहरुको प्रसादी खानु हुँदैन। घटनाको दिन दिउँसो २ बजे पछि पनि ३/४ जना व्यक्तिहरु आएर नजानेलाई जरिवाना गरिने भनि धम्की दिए पछि मात्र हामीहरु प्रसादी खान गएका थियौं। सोमबार मिटिङ बसेको र रु.१० हजार भा.रु. धामीलाई दिने निर्णय भएको थियो। जोगेन्द्रले आफ्नो खेत बेचेर धामीलाई उक्त रकम दिएको कुरा पनि उनीहरुले बताएका छन्।

घाईते **मरनीदेवीका** अनुसार आफुलाई रिसइवीको कारण यसरी कुटपीट गरेको र बोक्सीको आरोप लगाएको हो। उनका अनुसार झाँक्रीले प्रसादी बाँड्दा आफुलाई अरुलाई भन्दा बढी खान दिइएको थियो। 'जसलाई मैले पटक पटक पानी खाँदै निल्नु परेको थियो। प्रसाद खाईसकेपछि मलाई धेरैले सितलमा बस्न भने। म सितलमा बस्न गएपछि मेरा साथीहरुले मलाई तिमी विमारी जस्तो छौ घर जाउ भने। त्यसै वेला देखि केही मान्छेहरुले मलाई डायन भागि भनेर गाली गर्न थाले। म घरमा पुगेर सुतेको मात्र थिएँ त्यतिकैमा स्थानीय व्यक्तिहरुको समूहले मलाई कुटपीट गर्दै बाहिर लगे, त्यसपछि मैले केही थाहा पाइन। पछि मलाई प्रहरीले बचाउनु भएछ। मलाई अहिले पनि घर जान डर लागिरहेको छ।

मरनीदेवीका पति **रामलखन साहले** राममिलनसंग एक वर्ष अगाडी पनि झगडा भएको र एक महिना जेल बस्नुपरेको कुरा बताउँदै यस पटकको घटना पनि त्यसै रिसइविको कारण घटन गएको बताए।

गाविस **अध्यक्ष नवलकिशोर सहनी** ले बोहर्वाको राजनन्दन चौधरीले अध्यक्षलाई निकाल भन्दै मारपीट गराएको, आफुले धामी ल्याउन हस्ताक्षर नगरेको र प्रहरीले बोलाउँदा जनताले घेरी आउन नदिएको कुरा बताए। मरनीदेवीलाई सहयोग गर्दा आफुले यस्तो स्थिति भोग्नु परेको बताए।

एस.पी. वीरशरण थापा का अनुसार जिल्लाबाट गएको प्रहरी टोलीलाई अध्यक्षले गाउँको पूजा पाठ हो, मेरो जिम्मा, केही हुँदैन भनी फर्काएका थिए। यस सम्बन्धमा गाविस अध्यक्षले आफुले प्रहरीलाई दश बजे आउन भनेको हो अरु कुरो भएको छैन भन्दै धामी ल्याउने बैठकमा आफू नभएको बताएका छन्। पूजामा उपस्थीत नहुनेलाई

जरिवाना गरिन्छ भनि सोमवार माइकिङ्ग भएको छैन बरु मंगलबार भने पूजा छ सबै जना आउनुस भनि विहानै देखि माइकिङ्ग भएको थियो। एस.पी. वीरशरण थापाका अनुसार घटना पहिले देखिको सुनियोजित कार्यक्रम भित्र पर्छ। घटनाको बारेमा थाहा पाएर प्रहरी निरीक्षकको नेतृत्वमा गएको टोलीले गाविस अध्यक्षलाई जिल्ला प्रहरी कार्यलयमा उपस्थित हुन अनुरोध गर्दा उक्त टोलीलाई गाविस अध्यक्षले यो पूजाको कार्यक्रम हो, हामी आफैं सबै काम गर्छौं तपाईहरु नभएपनि हुन्छ भनि फर्काएका थिए। पछि घटना घटेपछि स्थानीय चौकीका जवानहरुले खबर गरेपछि नै जिल्लाबाट प्रहरी पुनः गई घटनालाई शान्त पारेको कुरा बताउनु भयो। 'घटनाका दोषीहरुलाई खोजीगरी हदैसम्मको कारबाई गर्न म पछाडी पर्ने छैन। गाविस अध्यक्ष जस्तो मान्छेले प्रशासनलाई झुक्याउने काम गर्छ भने म कसरी उसलाई निर्दोष ठानौं। यो दुर्घटनाको सम्पूर्ण जिम्मेवार अध्यक्ष नै हुनुहुन्छ। थापाको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मी प्रसाद भट्टराई का अनुसार- घटना दुःखद हो। हामीले घटनाको सूचना पाउनासाथ सुरक्षाकर्मीहरुलाई घटना स्थलमा तुरुन्तै पठायौं, जसको कारण ठूलो घटना हुन पाएन। घटनाका दोषीहरुलाई पत्ता लगाई कारवाही गर्न म पछाडी पर्दिन। यो घटनाका दोषीहरुलाई कानुन अनुसार हदै सम्मको सजाय गर्न मलाई कुनै पनि दबाबले रोक्ने छैन।

नेकपा एमालेका सचिव सचिव महेश्वर रायका अनुसार- यो सबै घटना प्रशासनको कमजोरी र जनताको अशिक्षाका कारण घटन गएको छ। धामी आएको गएको बारेमा प्रशासनलाई कुनै जानकारी नहुनु दुख लाग्दो कुरा हो। केही समय पहिले त्यहाँ भएका रक्सी पसल बन्द गराउने क्रममा गाविस अध्यक्षले आफ्ना मान्छेहरुको बाहेक अरु अरुको पसल बन्द गराए यसैका कारण स्थानीय स्तरमा गाविस अध्यक्षको काम कारवाई संग जनता असन्तुष्ट थिए जसको परिणामस्वरुप अध्यक्ष माथि जनताले आक्रमण गरे। अध्यक्ष नवल किशोर सहनी हाम्रो पार्टीको टिकटबाट जितेको हुन् तर निजको गलत क्रियाकलाप, पार्टी विरोधी काम कारवाई पछि ०५४ सालमा नै हामीले उनलाई पार्टीबाट निष्काशन गरिसकेको छौं।

नेपाली काँग्रेस जिल्ला कार्य समितिका उप सभापति सुरेन्द्र प्रसाद सिं का अनुसार- घटना सुनियोजित होइन। घटना अन्धविश्वासको कारणले घटेको छ। यस्ता घटना नघटुन् भन्ने बारेमा हामी सचेत छौं। घटेको बारेमा थाहा पाउनासाथ हामीले प्रशासनलाई भन्यौं, उनीहरु तुरुन्तै घटना स्थलमा पुगे। प्रशासनको काम कारवाई प्रति हामी खुसी छौं। मरनी देवीको पतिलाई दोषीहरु विरुद्ध कारवाई गर्न मुद्धा दिने कार्यमा हामीले सहयोग पुऱ्याएका छौं।

निश्कर्षः

सामाजिक अन्धविश्वास र कुरितीले जकडेको हाम्रो समाजको विभिन्न भागमा सामाजिक कलंकको रुपमा यो प्रथा जिवित छ। बोक्सीको आरोपमा महिलाहरुलाई शारीरिक मानसिक यातना दिने जस्तो लज्जास्पद कामहरु बारम्बार भईरहेका छन्।

सिमरदही गाविसमा भएको सुनियोजित दुःखद एवं निन्दनीय यो घटनाले महिलाहरुको मानव अधिकारको व्यापक उल्लंघन भएको ठहर गर्दै सार्वजनिक रुपमा अति नै बेइज्जती भएको महसूस गरिएको छ।

समाजको नेतृत्व गर्ने गाउँका अध्यक्ष र जनप्रतिनिधि लगायत त्यहाँका अधिकांश बासिन्दाहरुको सक्रियतामा बोक्सी पत्ता लगाउने नाममा २०५८ श्रावण ३० गते मंगलवारका दिन सिमरदही गाविसको सामूहिक भेलामा स्थानीय बासिन्दाहरुलाई मानसिक यातना दिई सार्वजनिक बेइज्जती गरिएको र पीडित मरनी देवीलाई शारीरिक तथा मानसिक यातना दिंदै सांघातिक हमला भएको छ।

यस्ता घटनाहरु बारम्बार घट्दैगई महिला माथि शोषण, अन्याय अत्याचार भईरहने हो भने यसले समाजलाई कता डोऱ्याउला ? यस सम्बन्धमा नागरिक समाजले गम्भिरतापूर्वक सोच्नु पर्ने भएको छ।

एक्काइसौं शताब्दीको युगमा पनि डायन (बोक्सी) रहेको अन्धविश्वासको संस्कारलाई मान्यता दिई हाम्रो गाउँघर, नागरिक समाज, श्री ५ को सरकार र स्थानीय प्रशासन यस्ता कुराहरु प्रति संवेदनशील नहुनु दुःख लाग्दो कुरा हो।

यस दुःखद् र निन्दनीय घटनाका दोषीहरु उपर कडा कानुनी कारवाही गरी पीडित पक्षलाई क्षतिपूर्ति दिई समाजमा सम्मानपूर्वक रहने वातावरण सृजना गर्न श्री ५ को सरकारसंग माग गर्दछौं।

आगामी दिनमा यस्ता घटनाहरु घटन नदिनुका साथै सदाका लागि यस्ता कुराहरुलाई अन्त गर्न उपर्युक्त ऐन कानुनको निर्माण गर्न गराउन श्री ५ को सरकार, सांसद लगायत सम्पूर्ण राजनीतिक पार्टी समक्ष आग्रह गर्दछौं।

छाप्दा छाप्दै

माओवादीद्वारा सत्र प्रहरी मुक्त

सुर्खेत / राकम गाविस जामुनेबजारबाट ०५८ असोज १६ गते माओवादीहरुले १७ जना प्रहरी मुक्त गरे। मुक्त भएका सबै प्रहरीलाई ०५८ असार २८ गते रोल्पाको होलेरीबाट माओवादीले अपहरण गरेका थिए। ती प्रहरीलाई त्यसै दिन बिहान जामुनेबजारमा आयोजित एक कार्यक्रमबीच नेकपा (माओवादी) पश्चिमाञ्चल सैन्य हेडक्वार्टरका कम्पनी कमिसार सोनाम र कम्पनी कमाण्डर विविधले मानवअधिकार संस्थाका प्रतिनिधि, पत्रकारसमेत गरी १३ जना व्यक्तिको रोहवरमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) का प्रतिनिधिहरुलाई जिम्मा लगाएका थिए।

कार्यक्रमस्थल पुग्नुभएका हाम्रा मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महतले दिनुभएको जानकारीअनुसार मुक्त हुनेहरुमा प्रहरी सहायक निरीक्षक पुनाराम चौधरी तथा प्रहरी हवल्दारहरु कुलप्रसाद श्रेष्ठ, गंगादत्त जोशी, दुर्गाबहादुर कुँवर, प्रभातकुमार श्रेष्ठ, केशव थापा र टंकनाथ सुवेदी रहेका छन्। मुक्त हुने प्रहरी जवानहरुमा सुनिलकुमार थापा, गञ्जबहादुर घर्ती, खड्गबहादुर बस्नेत, अम्बरबहादुर घर्ती, कुलवीर भण्डारी, अमन बुढा, कर्णबहादुर गुरुङ्ग, हेमन्तप्रकाश बुढाथोकी, खुमबहादुर पुन र दुर्गाबिहादुर बस्नेत रहेका छन्।

हालसम्म अपहरित अवस्थामा रहेका अन्य प्रहरी र व्यक्तिहरुलाई समेत क्रमिक रुपमा मुक्त गर्दै जाने कुरा माओवादीका प्रतिनिधिहरुले सो अवसरमा बताए। नेकपा (माओवादी) द्वारा होलेरीबाट अपहरण गरिएकामध्ये प्रहरी निरीक्षक मदन गुरुङ्ग, प्रहरी नायव निरीक्षक पर्शुराम मल्ललगायत् ३१ जना अझैसम्म माओवादीको कब्जामा रहेका छन्।

दलित मुक्ति आजको आवश्यकता

- *लालबहादुर विश्वकर्मा*, सदस्य, राष्ट्रियसभा

नेपालमा दलितहरुको तथ्यांक यथार्थ रहेको देखिदैन। केन्द्रीय तथ्यांक विभागले ०४८ सालको जनगणनामा कूल दलितहरुको संख्या पुरुषको ११,३५,३८१ र महिलाको ११,७२,४१२ गरी जम्मा २३,०७,७९३ देखाएको छ। तथापि केही गैरसरकारी संघ-संस्थाहरुले दलित समुदायको जनसंख्या ४० देखि ५० लाखसम्म रहेको दावी गर्दै आएका छन्। यसबाट स्पष्ट हुन्छ कि दलितहरुको तथ्यांक श्री ५ को सरकारले यथार्थ रुपमा लिन सकेको छैन। दलितहरु विभिन्न शिप, कला, कौशलका भण्डार एवं उत्पादक भएको हुँदा दलित समुदाय राष्ट्रका नागरिक मात्र नभई, राष्ट्रको विकास गर्न टेवा दिने जनस्रोत हुन्, जुन आजको २१ औं शताब्दीमा पनि जातीय उत्पीडनको पीडा बोकेर विकासको मूल धारबाट बाहिर बस्न बाध्य छन्। उनीहरुको पेशामा प्रतिदिन अतिक्रमण हुँदै आइरहेको छ। राष्ट्रको गौरवमय शक्तिको स्रोतको रुपमा रहेका दलित समुदायलाई राष्ट्रले विकासको मूल धारको प्रवाहमा समावेश गर्न २१ औं शताब्दीको यो युगमा अत्यन्त आवश्यक छ। राष्ट्रले दलित समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन सर्वप्रथम निम्न तथ्यांक संकलन गर्नु आवश्यक छ :

(क) दलित समुदायको यथार्थ तथ्यांक लिंदा घरमुलिको नाम, एकाघरमा बसेको परिवार संख्या, नाम, जात, धर्म, ठेगाना, लिंग, उमेर, जात-थर परिवर्तन गरेको भए सो समेत, बसोबास गरेको जमिनको क्षेत्रफल र किसिम, पहाड, भीर, पाखा, हिमाल, तराई, शहर, बजार, गाउँ बस्ती, जग्गा ऐलनी, नम्बरी, पर्ती कित्ता नं. समेत र हलिया, कमैया, अधिया, बटैया गर्ने भए मालिकको नाम, कमैया, हलिया बसे बापत् लिएको ऋण, कूल रकम, मिति समेत उल्लेख गर्नुपर्ने र काम गरेको अवधि, अँधिया गरेको जग्गाको क्षेत्रफल, मोही दर्ता भए/नभएको, एक ठाउँबाट अर्को ठाउँमा बसाई-सराई गरेको भए स्थायी-अस्थायी ठेगाना र बसाई-सराई गर्नुपर्ने कारण समेत उल्लेख गराउनु पर्छ।

(ख) उपरोक्त तथ्यांकबाट पहिचान गर्दा उल्लेख हुन आएको जग्गामा नहर, कूलो, पम्पसेट् लाग्ने/नलाग्ने र घरको हकमा पक्की, कच्ची, झुपडी, निजी, भाडामा वा दान-दाताले दिएको सबै विवरण, पशुधनमा गाई, भैंसी, गोरु/ बाखा, निजी, अधिया आदिको संख्या, खेतबारीमा लगाएका फलफूल, बोट विरुवा, खानेपानी, धारा, कुवा, हेण्डपम्प, ओरटंकीबाट वितरित धाराका साथै सार्वजनिक, सरकारी, निजी, सो ठाउँमा गरिने छुवाछूत, भेदभाव जस्ता अमानवीय व्यवहारको विवरण उल्लेख हुनुपर्छ।

(ग) नागरिकता प्रमाणपत्र, मतदाता परिचयपत्र लागु गरिएको ठाउँको परिचयपत्र नं. र मतदाता नामावलीमा नाम भए घर संख्या नं., उपरोक्त नागरिकता, मतदाता नामावलीमा नाम र मतदाता परिचयपत्र पाउन नसकेको भए सोको संख्या, नाम, ठेगाना, उमेर समेतको विवरण स्पष्ट हुनुपर्छ। शिक्षामा निरक्षर, साक्षर, उच्चशिक्षा हासिल गरेको संख्या विभिन्न विषयको विशेषज्ञ भए नाम, ठेगाना समेत र उनीहरुमा भएको शीप, कला एवं दक्षताको किसिमका साथै यो काम गने श्रमिकहरुप्रति हुने भेदभावको प्रकृतिसहित यथार्थ तथ्यांक लिनुपर्छ। साथै, लामो समयदेखि समाजसेवा गर्दै आएका भए सो को अवधि, अनुभव, नाम, ठेगाना समेत हुनुपर्नेछ। दलित समुदायका अपाङ्ग, असहाय, विधवाको पनि तथ्यांक आउनुपर्छ। अन्तरजातीय विवाह भएको भए नाम, संख्या समेत हुनुपर्छ।

(घ) रोजगार, उद्योग व्यवसाय, निजी वा मजदुरको रुपमा काम गर्ने सरकारी, गैरसरकारी संघ-संस्था भए कार्यालयको नाम, पद र विदेशमा गएको वा व्यवसाय भएमा देशको नाम, ठाउँ साथै उद्योग व्यवसाय गर्दा वित्तीय संस्थाबाट ऋण लिई संचालन गरेको वा निजी पूँजीबाट संचालन गर्दा भएको घाटा-नाफाको यथार्थ विवरण हुनुपर्छ।

(ङ) कुनै पनि राजनीतिक पार्टी वा स्वतन्त्र रुपमा निर्वाचित भएको प्रतिनिधि भए नाम, ठेगाना, पद र पराजित भए पराजित हुनुका कारणहरु समेतको यथार्थ तथ्यांक लिनु राष्ट्रको पहिलो कर्तव्य हो। जबसम्म यथार्थ तथ्यांक आउँदैन, तबसम्म राष्ट्रले दलित जनतामा परिवर्तनको महसूस दिलाउन सक्दैन। आजसम्मको इतिहासले के प्रमाणित गर्छ भने देशको स्पष्ट तथ्यांक दस्तावेज प्रमाणको रुपमा नहुँदा राष्ट्रले दिन चाहेको सेवा, सुविधा र अवसर सर्वसाधारण जनताबीच नपुगी मन्त्रालय, विभाग र जिल्लामा गए पनि केही टाठावाठाहरुको वरिपरि मात्र सीमित रहने परम्परा छ। दलितले नै पाए पनि धनाढ्य दलितमा नै त्यो सीमित रहने गरेको छ।

यी माथिका तथ्यांकहरु यथार्थरुपमा संकलन भएपछि श्रम गर्ने र श्रमको शोषण गर्ने वर्ग स्पष्ट रुपमा छुट्टिन्छन् र यी दुई खाले वर्गको पहिचान गर्दा श्रम गर्ने दलित समुदायको समस्या

र समाधानको पहिचान हुन्छ। आधारभूत दलित समुदायको जीवनस्तर परिवर्तन गर्न तमाम पूर्वाधार बनाउन सकिन्छ। तथ्यांकहरु यथार्थरुपमा संकलन गरिएमा देशको दस्तावेजमा किटान गरिएका पूर्वाधार प्रत्यक्ष रुपमा दलित समुदायको माझ पुग्छ। यस्ता दस्तावेजहरु व्यक्तिमुखी हुनुहुँदैन, समाजमुखी बनाउनु राष्ट्रको मूल दायित्व हुन्छ। यस्ता दस्तावेजहरु प्रत्येक ६-६ वर्षमा निरन्तर रुपमा लिनु आवश्यक हुन्छ।

१.घर-जग्गा नभएका कमैया, मजदूर, निरक्षर, सँधै अर्काको आश्रयमा बाँच्न बाध्य भएर गरिबीको रेखामुनी परेको परिवार संख्या उल्लेख गर्ने।

२. सानो, झुपडी, घर, बसोबास, जग्गाको नाममा १ देखि ५ कठ्ठासम्म भए पनि पहाड, भीर, पाखा, ऐलानी, पर्ती जग्गा, आफ्नो खेतबारीबाट नभई सँधै ज्याला मजदुरीमा आश्रित भई बाँच्नु पर्ने र शिक्षामा साक्षर, निरक्षर, परिवार संख्या स्पष्ट किटान हुनुपर्छ।

३.घर कच्ची, झुपडी र जग्गा १० देखि १५ कठ्ठा भए पनि पहाड, पाखा, खोरिया, तराईमा भए उच्चा निच्चा, नदीको छेउछाउ तथा उत्पादन कम हुने, नहर-कुलो नलाग्ने खेतीमा श्रम गर्दा आधा वर्ष मात्र खान पुग्ने वा नपुग्ने, बाँकी ज्याला-मजदुरीमा भर पर्नुपर्ने परिवार संख्याको स्पष्ट विवरण उल्लेख गर्नुपर्छ। साक्षर, निरक्षर पनि उल्लेख गर्नुपर्छ। उल्लेखित तथ्यांकबाट सिर्जित समस्याको समाधान गर्न राष्ट्रले निम्न अनुसार कार्यक्रम लागू गर्नुपर्दछ :

- तराईमा डेढ विधा, पहाडमा २० रोपनी सरह, बजारमा ८ आना र तराईमा २ कठ्ठा जग्गा दिई बसोबास गराइनु पर्छ। प्रत्येक ५ जनाको एक परिवारको हिसाबले बस्नको निम्ति राज्यले घरको व्यवस्था गरिदिनुपर्छ। यसरी उपलब्ध गराइएको जग्गाको विक्री वितरण प्रणाली राष्ट्रमा निहित गर्नुपर्छ। किनभने हाल भइरहेको खुला विक्री प्रणालीले पुनः सुकुम्बासी समस्या निम्त्याउँछ।
- उच्च शिक्षासम्म दलित समुदायलाई निःशुल्क तथा अनिवार्य शिक्षा लागू गरिनुपर्छ। यो अनिवार्य शिक्षासम्म अध्ययन नगर्ने/नगराउने दलितहरुलाई राष्ट्रले दिएको सेवा-सुविधाबाट वञ्चित गरिनु। दलितहरुलाई हरेक विषयमा दक्ष जनशक्ति उत्पादन गर्न विशेष जोड दिनुपर्छ।
- खानेपानीमा धारा, कुवा, ह्याण्डपम्पको व्यवस्था प्रत्येक घरमा गरिनुपर्छ। उन्नत जातका गाई, गोरु, भैंसी, बाख्रा आदि पशुपालनका विशेष कार्यक्रम संचालन गर्नुपर्छ। अन्य आयमूलक खेती प्रणालीमा जोड दिनु आवश्यक हुन्छ। माटोको जाँच गरी माटो अनुरुपको कृषि प्रणालीलाई राष्ट्रको मूल आर्थिक उत्पादन शक्ति बनाउन अनिवार्य योजना र विशेष कार्यक्रम ल्याउनुपर्छ। उच्च प्रविधि, मल, विऊ, कृषि औजारको व्यवस्था गर्नुपर्छ। उत्पादन भएको वस्तुको विक्री-वितरणको व्यवस्था, उचित मूल्य निर्धारण गरी राष्ट्रले ग्यारेण्टी लिनुपर्छ।
- दलित समुदायमा भएको शीप, कला, कौशललाई आधुनिकीकरण गर्दै प्राविधिक शिक्षामा श्री ५ को सरकारले मान्यता दिई पाठ्यसामाग्रीमा समावेश गरी विशेष मान्यता दिएर अगाडि बढाउनु आवश्यक हुन्छ। प्राविधिक शिक्षाको प्रमाणपत्र सम्बन्धित विद्यालय वा विश्वविद्यालयले उपलब्ध गराउनु पर्ने छ। उनीहरुको शीपबाट प्रत्येक दलित परिवारमा रोजगारी उपलब्ध गराउन राष्ट्रले ग्यारेण्टीको जिम्मा लिनुपर्छ। उत्पादन गरेका सामान राष्ट्रले खरिद गर्ने अनिवार्य ग्यारेण्टीको व्यवस्था हुनुपर्छ। विक्री-वितरण प्रणालीमा समानुपातिक सिद्धान्त लागू गर्नुपर्छ। उपरोक्त शीप, कलाको काम गर्ने श्रमिकलाई उच्च नागरिकताको रुपमा मान-सम्मान दिनुपर्छ।
- वित्तीय संस्थाहरुबाट आवश्यकता अनुसारको ऋण विना धितो एक प्रतिशत व्याजमा दिने व्यवस्था हुनुपर्छ। ऋणबाट घाटा हुन नदिन राष्ट्रले प्राविधिक अध्ययन, अनुगमन गर्दै विशेष सहयोग पुऱ्याउनु पर्ने हुन्छ। औषधिउपचार, स्वास्थ्य तालिम र विशेष जनचेतनाको कार्यक्रम संचालन गर्दै एक घर, एक व्यक्तिको सिद्धान्त लागू गर्नुपर्छ। उनीहरुको क्षमता र दक्षता बढाउदै विभिन्न देशहरुमा अध्ययन अनिवार्य गराउनपर्छ। आर्थिक, राजनीतिक, सामाजिक रुपमा उत्साहित गराउन राष्ट्रले विशेष कार्यक्रम संचालन गर्नुपर्छ।

उपरोक्त कार्यक्रममा महिलालाई अनिवार्य रुपमा प्राथमिकता दिनुपर्छ। दलितको सुरक्षाको निम्ति कानुन निर्माण गर्ने, मानवअधिकारको पालन गर्ने/गराउने, राष्ट्रले निर्माण गरेका नियम-कानुन दलित जनताको घर-दैलोमा पुऱ्याई कानुनी जागरण अभियान संचालन गरी कार्यान्वयन गर्ने, एक जिल्लाबाट अर्को जिल्लामा शिक्षा अध्ययन गर्न जानु परेमा बस्ने होस्टेलको व्यवस्था राज्यले गर्नुपर्छ।

उल्लेखित १, २, ३ नम्बरका बुँदाहरुमा पर्ने दलित समुदाय बाहेक अन्य स्तरका दलित वर्गहरु पनि छन्, जसलाई निम्नानुसार ४ र ५ मा वर्गीकृत गरिएको छः

४. घर, जग्गा भएका, शहर बजारमा पनि घर भएका, आफ्नो उत्पादनबाट परिवारलाई खान-लाउन पुग्ने, शैक्षिक अध्ययन गर्न सक्ने, जग्गामा आफैं पनि काम गर्ने, केही ज्यालामजदूरी पनि लगाउन सक्ने, अन्य काम व्यवसाय भएको, जग्गाको हकमा ३ देखि ५ विघा भएको, परिवार संख्या ५ जनासम्मको भएमा राष्ट्रले नहर, कुलो, सिंचाईको व्यवस्था मिलाउने, शीप, कला अनुसारको उद्योग व्यवसायमा जोड दिने। प्राविधिकद्वारा अनुगमन, निरीक्षणमा विशेष सहयोग पुऱ्याउने, बजारको व्यवस्थाको ग्यारेण्टी दिने, विशेषज्ञ उत्पादन प्रणालीको विकास गराउने। पशुपालन र बजारमुखी उत्पादनहरुमा जोड दिने खालका कार्यक्रम संचालन गर्ने। उपरोक्त कार्यक्रमलाई प्रभावकारी बनाउन विभिन्न तालिम, प्रशिक्षणबाट दक्ष बनाउने, साथै उच्च शिक्षा अध्ययन गरेका, बसोबासको निम्ति जग्गा नभएका दलितहरुको सवालमा उनीहरुको इच्छा अनुसार जग्गा लिन नचाहेमा उनीहरुको रोजगारी स्थायी गर्ने र परिवारको समेत रोजगारीको ग्यारेण्टी राष्ट्रले लिने।

५. पक्की घर, ५ विघादेखि माथि जग्गा भएका, ५ जनाको परिवार, शहर बजारमा घडेरी भएका, सरकारी, गैरसरकारी संघसंस्थामा रोजगारी गरिरहेका (कर्मचारी), जग्गामा खेती अँधिया, नोकर-चाकरबाट गराउने, उद्योग-व्यवसाय संचालन गर्दै रहेका, विदेशमा पनि कारोबार भएका, उच्च शिक्षा हासिल गर्न सक्ने, गाडी, बस, ट्रक, ट्रेक्टर, जीप, कार भएका दलितहरुको संख्या किटान गरी उनीहरुसंग भएको जग्गाबाट बढी उत्पादन वृद्धि गराउन आवश्यक व्यवस्था गरिदिने र उत्पादनमा वैज्ञानिक प्रणाली अपनाउनु पर्ने। उनीहरुले आर्जन गरेको पूँजीको सुरक्षा दिन स्वदेशमै उद्योग कलकारखाना संचालन गर्नेतर्फ पूँजी प्रवाह गर्न उत्साहित गर्ने। विभिन्न प्राकृतिक (वनजंगल, खनिज, पानी) स्रोतहरुमा दलितहरुको अधिकार स्थापित गर्न राष्ट्रले ग्यारेण्टी गरी उत्पादनमूलक कार्यको मूलधारमा समावेश गरी, अनुभव अनुसारको कार्यको समानुपातिक तरिकाले उचित वितरण गर्ने र उत्पादित वस्तुको अन्तर्राष्ट्रिय स्तरमा पनि बजार व्यवस्थापन गरी उत्साहित गराउन राष्ट्रले ग्यारेण्टी गर्नुपर्दछ।

दलित समुदायको अधिकार

१.प्रतिनिधिसभा र राष्ट्रिय सभामा क्रमश: दलितहरुलाई २० प्रतिशत र स्थानीय तहमा २५ प्रतिशत अनिवार्य प्रतिनिधित्व गराउनुपर्दछ। जसमा महिलाहरुको अनिवार्य प्रतिनिधित्व हुनु पर्नेछ।

२. राजनीतिक नियुक्तिमा दलित पुरुषलाई १० प्रतिशत र महिलालाई ५ प्रतिशत अनिवार्य प्रतिनिधित्व गराउनु पर्दछ।

३.श्री ५ को सरकारको निजामतितर्फ राजपत्रांकित पदमा १५ प्रतिशत, राजपत्र अनंकित पदमा २५ प्रतिशत, सेनातर्फ राजपत्रांकित पदमा १० प्रतिशत र राजपत्र अनंकित पदमा २० प्रतिशत, प्रहरी सेवातर्फ राजपत्रांकित पदमा १० प्रतिशत र राजपत्र अनंकित पदमा २५ प्रतिशत, शैक्षिक निकायतर्फ ३० प्रतिशत नियुक्तिको अनिवार्य व्यवस्था गर्ने र यी व्यवस्थाहरुमा दलित महिलाहरुलाई विशेष प्राथमिकता दिनुपर्दछ।

४. दलित समुदायलाई राजनीतिक रुपमा आस्थावान बनाउदै देश निर्माणको मूल धारमा समावेश गराउन उत्साहित गर्न राजनीतिक पार्टीहरुको केन्द्र, अंचल, जिल्ला, क्षेत्र, इलाका, गाउँ, वार्ड, टोलसम्म क्रमश: १५ प्रतिशत, २० प्रतिशत, २५ प्रतिशत, ३० प्रतिशत, ३५ प्रतिशत को अनुपातमा हरेक जनसंगठन समेतमा संगठित गराउने र महिलालाई विशेष प्राथमिकता दिने, छुवाछूत, भेदभाव गर्नेलाई अनुशासनको कार्वाहीको विषय बनाउनु पर्दछ।

५. अन्तरजातीय विवाह गर्ने दम्पत्तीलाई राज्यले विभिन्न मान-पद्वीले सम्मानित गर्ने तथा योग्यता अनुसारको सरकारी नियुक्ति दिने। सुकुम्बासी भए उचित जग्गाको व्यवस्था मिलाउने, उद्योग व्यवसाय गर्ने इच्छा भएकोलाई विना धितो ५ प्रतिशत व्याजमा २ लाखसम्म ऋणको व्यवस्था गर्ने। विवाह पछाडि पारपाचुके गर्नेलाई उपरोक्त दिइएको सहयोग राज्यले नियन्त्रणमा लिनुपर्छ। र जबर्जस्ती करणीको महल अनुसार सजाय गरिनु पर्दछ।

६. हाल शिक्षा नियमावलीमा दलित विद्यार्थीलाई छात्रवृत्ति, नगद दिने परिपाटी अन्त्य गरी दलित विद्यार्थीलाई विद्यालयले उच्च शिक्षामा अध्ययन गराउन बस्ने, खाने लगायतका सम्पूर्ण व्यवस्था गरी नि:शुल्क अध्ययनका लागि राज्यले विधेयक बनाउनु पर्दछ।

७. पुरानो कुसंस्कृति, रुढिवादी परम्परालाई हटाउन सबै कार्यालयमा पियन पदमा दलितहरुलाई नियुक्ति दिंदै क्रान्तिकारी अभियान संचालन गर्नुपर्दछ।

८. छुवाछूत, भेदभाव कायम राख्नेलाई सरकारवादी मुद्दा चलाई कम्तिमा ५ वर्ष जेल सजाय गर्नुपर्छ। सरकारी कार्यालय, संघ संस्थाका कर्मचारीबाट भेदभाव, छुवाछूत भएको प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई पदबाट भविष्यमा नोकरीको लागि अयोग्य ठहरिने गरी अवकाश दिनुका साथै माथि उल्लेखित सजाय समेत गर्नु पर्दछ।

९. राजनीतिक पार्टीहरुले आफ्नो विधानमा माथि उल्लेखित बुँदाहरु कार्यान्वयन गर्न किटानीका साथ उल्लेख गर्नुपर्ने छ। कुनै राजनीतिक पार्टीले कार्यान्वयन नगरेको खण्डमा निर्वाचनमा पार्टीको मान्यता नदिइने व्यवस्था कानुनमा उल्लेख गर्नु पर्दछ।

१०. नेपाल अधिराज्यमा एक अधिकार सम्पन्न ७ सदस्यीय दलित आयोग गठन गर्नु पर्दछ। जसमा प्रमुख आयुक्त, एक सदस्य-सचिव र सदस्यहरु रहेन व्यवस्था हुनुपर्छ। आयोगको समयावधि ३ वर्षको हुनुपर्दछ। आयोगका पदाधिकारीको योग्यता कम्तिमा १० वर्ष श्री ५ को सरकारको राजपत्रांकित तहमा काम गरी विशेष अनुभव प्राप्त गरेको, कानुन विशेषज्ञ र दलित समुदायको विशेष अनुभव बटुलेको, आफूलाई दलित भनेर प्रस्तुत गर्न नहिचकिचाउने हुनुपर्दछ। आयोगलाई काम गर्दा चाहिने नियम, कानुन आयोगले नै निर्माण गरी संविधानसम्मत पारित गर्नुपर्ने हुन्छ। यस आयोगले सैनिक अदालतले जस्तै दलित अदालतको काम गर्न पाउनु पर्दछ। यो आयोगले माथि उल्लेखित काम, उद्देश्य लागू गर्न विभिन्न योजना बनाउने, कार्यान्वयन गर्ने र कार्यान्वयन नगर्नेलाई कार्वाही गर्नुपर्दछ। यस आयोगलाई काम गर्न सजिलो र प्रभावकारी सहयोगको निम्ति ५ विकास क्षेत्रमा क्षेत्रीय कार्यालय, जिल्लाहरुमा जिल्ला कार्यालय स्थापना गर्नुपर्दछ। यी कार्यालयहरुको काम, कर्तव्य र अधिकार केन्द्रीय अधिकार सम्पन्न दलित आयोगले तय गरे बमोजिम गरिनु पर्दछ।

११. उपरोक्त आर्थिक लाभको पदमा नियुक्ति पाएका व्यक्तिहरुको नियुक्ति पाउनु अगावै चल अचल सम्पत्तिको सम्पूर्ण विवरण लिने, निजहरुको हक दावी लाग्ने नाता-परिवारको फोटो र सम्पत्ति विवरण समेत लिने, प्रत्येक वर्षमा सम्पत्ति विवरण जाँच गर्ने गर्नुपर्दछ। त्यस्तो जाँच गर्दा भ्रष्टाचार गरी सम्पत्ति कमाएको ठहरिएमा त्यस्तो सम्पत्ति राष्ट्रियकरण गर्दै त्यस्तो व्यक्तिलाई राष्ट्र र जनताका लागि अहित सावित गरी निर्वाचित र नियुक्त पदबाट सदाका लागि वंचित गराई कार्वाही गर्नुपर्दछ। निजहरुलाई बचाउनेतर्फ सहयोग गर्ने व्यक्तिलाई समेत कार्वाही गर्नु पर्दछ।

दलित कस्ले बनायो ?

इ.पू. १५०० तिर भारतीय महाद्वीपमा वर्ण व्यवस्थाले जातिपातिको थालनी गरेको देखिन्छ। नेपालमा लिच्छविकालमा राजधानी मूलपानीमा थियो भनिन्छ। त्यहाँ भेटिएका लिच्छविकालका शिलालेखहरुमा ४ वर्ण १८ जातमा विभाजन गरेको पाइन्छ। राजा मानदेवको पालामा मौखिक हुकुमका साथ जातिपातिको परम्परा थालनी भएको इतिहासले बताउँछ।

१. वि.सं. १४३७ मा राजा जयस्थिति मल्लाको शासनकालमा समाज सुधार गर्ने नाममा कानुनी व्यवस्था गर्न मानबन्यायशास्त्र सम्बन्धी विधान बनाउन किर्तिनिधि उपाध्यायसहितको ५ जना ब्राम्हणहरु रहेको आयोग गठन गरी धर्मशास्त्रको आधारमा जातीय विभाजनलाई लिखित कानुनी मान्यता दिइयो। जसमा पेशा किटान गरी आ-आफ्नो जातको पेशा नगर्नेलाई अपराधी सरह दण्ड-सजाय दिने किटान गरियो। जातैपिच्छे चिन्ह राख्नुपर्ने, सानो जात बनाइएका मान्छेले छोएको खाए जात जाने, धर्म नाश हुने, राम्रो लुगा लगाउन नहुने, पढ्न लेख्न परै जाओस्- अरुले पढेको सुने पनि महापाप हुने कुरा किटान गरी राज्य व्यवस्थामा

वि.सं. १४३७ मा राजा जयस्थिति मल्लाको शासनकालमा समाज सुधार गर्ने नाममा कानुनी व्यवस्था गर्न मानवन्यायशास्त्र सम्बन्धी विधान बनाउन किर्तिनिधि उपाध्यायसहितको ५ जना ब्राम्हणहरु रहेको आयोग गठन गरी धर्मशास्त्रको आधारमा जातीय विभाजनलाई लिखित कानुनी मान्यता दिइयो। जसमा पेशा किटान गरी आ-आफ्नो जातको पेशा नगर्नेलाई अपराधी सरह दण्ड-सजाय दिने किटान गरियो। जातैपिच्छे चिन्ह राख्नुपर्ने, सानो जात बनाइएका मान्छेले छोएको खाए जात जाने, धर्म नाश हुने, राम्रो लुगा लगाउन नहुने, पढ्न लेख्न परै जाओस्- अरुले पढेको सुने पनि महापाप हुने कुरा किटान गरी राज्य व्यवस्थामा भाग लिन प्रतिबन्ध लगाइयो।

भाग लिन प्रतिबन्ध लगायो। एउटै अपराधमा ब्राम्हणलाई कम र अछुत बनाइएका दलितहरुलाई बढी सजाय र जरिवानाको व्यवस्था लादियो। अपराधको आधारभन्दा जातका आधारमा न्यायप्रणालीको सिद्धान्त कायम गरियो।

२. वि.सं. १८०१ मा राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको बेला नेपाल ४ वर्ण ३६ जातको साझा फुलबारी भन्ने नारा दिए पनि दलित समुदायलाई राज्यको ढोका बाहिरै राख्यो।

३.वि.सं. १९०९ मा जंगबहादुर राणाको पालामा गठित लेखपति र लोकपति झा आयोगद्वारा मनुस्मृतिको आधारमा मुलुकी ऐन तयार गरियो र घटिबढी जातमा वर्गीकरणको महल बनाई छोइछिटो हाल्नुपर्ने क्रुर कानुनको साङ्लोले बाँधियो।

४. वि.सं. १९१० मा जंगबहादुर राणाले हिन्दू धर्मको शास्त्रअनुसार मुलुकी ऐन सुधारको नाममा उनै पुराना बुँदाहरुलाई तलमाथि मात्र पारे, जसमा छोइछिटो हाल्ने र छिटो नहाल्ने २ जातको वर्गीकरणलाई यथावत नै राखियो। यस ऐनले पानी नचल्ने जात भन्ने महल ७ मा ठुला जातका मान्छेले तल्ला जातका मान्छेले छोएको खाएमा वा विवाह गरेमा तल्लै जातमा झरिने व्यवस्था अझ बलियो बनाइयो। दण्ड-सजायको प्रक्रिया पनि जातीय आधारमा हुने गरेको परम्परा कायमै रह्यो।

५. वि.सं. २०१५ मा निर्वाचित नेपाली कांग्रेसको सरकारले जातीय आधारको निरंकुश कानुनमा परिवर्तन ल्याउला, दलित समुदायको माझमा प्रजातन्त्र पुग्ला भन्ने आशा बोक्नु स्वाभाविक थियो। तर कुनै एकजना सांसदले जाति-विशेषको आधारमा लादिदै आएको कानुन खारेज गर्न सदनमा संकल्प-प्रस्ताव दर्ता गराउँदा समेत तत्कालीन सभामुख कृष्णप्रसाद भट्टराईले यो संकल्प प्रस्ताव असामयिक भएको भनी खारेजै गरेर दलित विरोधी सामन्तवादी चरित्र देखाउनु भएको थियो।

६. वि.सं. २०२० भाद्र १ गते सुधारिएको नयाँ मुलुकी ऐन राजा महेन्द्रबाट लागू हुँदा पनि छुवाछूत, भेदभाव प्रथा मेटिएन।

७. वि.सं. २०४७ को संविधानको भाग ३ धारा ११ को ४ मा "कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूत, भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बंचित गरिने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ" भनिए पनि व्यवहारमा लागू हुन बाँकी नै रहेको छ। यति लामो समयदेखि सामाजिक, आर्थिक, राजनीतिक रुपले दमनचक्रममा पिल्सिएका दलित समुदायलाई यस्तो झिनो आशा देखाएर मात्रै राज्यको दायित्व पूरा हुँदैन। संविधानमा आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक एवं राज्यमा समान सहभागी सेवा सुविधा उपलब्ध गराउन दलित समुदायलाई किटानीसाथ सहभागी गराउनु पर्छ।

सरकारले प्रत्येक संसदको अधिवेशनमा विभिन्न विषयमा विधेयक पास गर्छ तर दलित समुदायलाई अधिकार दिने विधेयक भने ल्याइँदैन। करीब तीन हजार वर्ष पुरानो कुसंस्कृतिका फलामे साङ्लोले बाँधेर बनाएको भेदभाव त्रिस्तारै मेटिदै जान्छ, एकैचोटी मेटाउन सकिदैन भन्ने मनस्थिति हुनु भनेको सामन्तवादी दृष्टिकोण हो।

यदि विभेद मेटाउन समय नै लाग्ने भए कति वर्ष, महिना र दिन पछि त्यो निर्मूल हुन्छ त ? जग्गाको लालपूर्जा प्रमाण-पत्र मालपोत कार्यालयबाट पाइन्छ। मान्छेको नागरिकता जिल्ला कार्यालयले उपलब्ध गराउँछ। कुनै कार्यालयको कर्मचारी हुनु परे विद्यालयबाट उपलब्ध भएको योग्यताको प्रमाणपत्र चाहिन्छ। निर्वाचनमा विजयी हुँदा निर्वाचित आयोगले प्रमाणपत्र दिन्छ। दलित भएको लिखित प्रमाणपत्र भने कसैले दिन सक्दैन। तर पनि कति दुःखलाग्दो कुरा हो- मान्छे मरी सक्दा पनि दलित शब्द भने कहिल्यै नमर्ने ।

भौतिकवादी सिद्धान्तमा निषेधको नियम (पुरानो चिजको अन्त्य, नयाँ चिजको विकास) हुन्छ। दलित समुदायमा यो नियम पनि कछुवा ताल नै भएको छ। यो वैज्ञानिक युगमा विना प्रमाण कुनै पनि मान्यता हुँदैन भने दलितको प्रमाणपत्र छैन। त्यसैले कानुनी राजमा विना प्रमाण दलित बनाउनेलाई कार्वाही किन गरिदैन ?

वर्तमान सरकारले तमामखाले विषयमा घटना घट्दा क्षतिपूर्तिको व्यवस्था गरेको छ भने लामो समयदेखि राज्यले दलित समुदायलाई उत्पीडन गरेको हुँदा त्यसको पनि क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ। यो लाखौं लाख दलित समुदायको अधिकारको लागि बुलन्द आवाज पनि हो।

दलितको निम्न स्थानमा पहुँच छैन

१.सैवैधानिक अंग, न्यायपालिका, मन्त्रालयको सचिव, विभिन्न विभागीय प्रमुख, जिल्लाका विभिन्न कार्यालय प्रमुख, प्रमुख जिल्ला अधिकारी, विभिन्न संस्थाका महाप्रबन्धक एवं संस्थान प्रमुख र विश्व विद्यालयका उपकुलपति जस्ता पदहरुमा दलित समुदायलाई स्थान दिइएको छैन। नेपालको सर्वोच्च धार्मिक संस्था पशुपति क्षेत्र विकास कोष र लुम्बिनी बौद्ध विकास कोष जस्ता पवित्र स्थानहरुमा दलितको नामै आउदैन। त्यति मात्र होइन, कार्यालयको सबैभन्दा सानो पद पियनमा समेत दलितले स्थान पाउदैनन्।

२. ०५६ सालमा निर्वाचित सरकारले पनि दलित समुदायलाई राजनीतिक नियुक्तिमा समावेश गर्न सकेन। ६४ जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग र १७० नगर विकास समिति, ७५ जिल्लामा गरीबसंग विश्वेश्वर कार्यक्रम, महिला जागृति आय आर्जन कार्यक्रम लागु भएको छ, युवा स्वरोजगार कार्यक्रम र गरिवी निवारण कार्यक्रम पनि सरकारले संचालन गर्दै आएको छ। तर, कुनै पनि दलितहरुलाई ती निकायका महत्वपूर्ण स्थानमा नियुक्ति दिइएको छैन।

यी आविष्कार गर्ने को थिए ? दलित नै थिए

१. फलाम, तामा, पित्तल, सुन, चाँदी लगायतका धातुको खोजतलास गर्ने,
२. शिवजीले लिएर हिंड्ने त्रिशुल,
३. अर्जुनले चलाउने वाण,
४. रामको धनु,
५. देवी-देवताका मूर्ति, मन्दिर
६. तलवार
७. राजाको श्रीपेच
८. ताम्रपत्रमा अक्षर लेख्ने
९. दरबारदेखि गाउँ, शहरका सडकसम्म सरसफाई गरी दुर्गन्ध हटाई सफा बनाउने
१०. आजको वैज्ञानिक संचार माध्यम नभएको बेला सारंगीको धुनबाट लेक, बेसी, तराई, पहाडमा समाचरा प्रशारण गर्ने संचार माध्यमको काम पनि दलिते थालनी गरेका थिए,
११. छाला र धातुको पैसा
१२. खुकुरी बनाएर विश्वमा नेपालीको शिर उच्च बनाउने
१३. राष्ट्रिय पोशाक
१४. खुट्टाको सुरक्षाका लागि जुत्ता जस्ता मानव समाजका लागि नभई नहुने चीजको आविष्कार गर्ने परिश्रमी जनतालाई नै दलितको घेराभित्र सामन्ती साङ्लोले बाँधेर राख्ने काम सरकारले नै गरिरहेको उपरोक्त तथ्यले प्रमाणित गर्छ।

हालसम्म देशमा बनेका नियम, कानुन दलित अधिकारको विषयमा पर्याप्त छैनन्। माथि उल्लेखित असंगत कुराहरुलाई संविधनमा संशोधन गरेर दलितको हकहित र अधिकारको रक्षा गर्नु र उत्थान गर्नु आजको समयको आवश्यकता र माग हो।

अन्तर्राष्ट्रिय फौजदारी अदालत

– प्रकाश ज्ञवाली

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसीसी) अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनका दोषीहरुमाथि अनुसन्धान गर्न, मुद्दा चलाउन तथा दण्डको व्यवस्था गर्न स्थापना गरिने एउटा स्थायी अन्तर्राष्ट्रिय अदालत हो। यस अदालतले मुख्यतया युद्ध अपराध (War Crimes), मानवता विरोधी अपराध (Crime against Humanity), आमहत्या (Genocide) र अतिक्रमण (Aggression) का दोषीहरुमाथि मुद्दा चलाउन र दण्ड गर्न सक्नेछ। यद्यपि अतिक्रमणको विस्तृत र स्पष्ट व्याख्या हुन बाँकी नै छ। खासगरी दोस्रो विश्वयुद्ध र त्यसपछि विभिन्न मुलुकमा जातीय वा अन्य कारणले भएका आमहत्या र मानवताविरोधी क्रियाकलापहरुको छानबिन गर्ने र दोषीहरुलाई सजाय गर्ने एउटा छुट्टै, स्थायी र अधिकारसम्पन्न अन्तर्राष्ट्रिय अदालत स्थापना गर्ने सोचको विकास भएको हो। अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना र संचालन गर्ने आधार रोम विधान (Rome Statute) हो।

रोम विधान के हो ?

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना सम्बन्धमा, सन् १९९८ जुलाई १५-१७ सम्म इटालीको रोममा संयुक्त राष्ट्रसंघीय कुटनीतिक सम्मेलन सम्पन्न भएको थियो। सो सम्मेलनमा १ सय २० राष्ट्रले विधानको अन्तिम प्रारुपमाथि समर्थन जनाउँदै त्यसको पक्षमा मतदान गरेका थिए भने अमेरिका, चीन, इजरायललगायत् ७ राष्ट्रले विपक्षमा मत जाहेर गरेका थिए। त्यसैगरी २१ राष्ट्र तटस्थ बसेका थिए, जसमध्ये नेपाल पनि एक थियो। यो विधान अनुमोदन गर्दा अन्य कतिपय सन्धि/विधानहरुझैं कतिपय सवालमा मौन (reserve) रहन पाइने व्यवस्था छैन। अनुमोदन गरिसकेपछि यसमा उल्लेख भएका व्यवस्थाहरुलाई पूर्ण रुपले मान्नुपर्ने हुन्छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी अवधारणाको विकास क्रम

आइसीसी स्थापनासम्बन्धी अवधारणाको विकास दोस्रो विश्वयुद्धपश्चात् सन् १९४६ देखि विशेष रुपमा शुरु भएको हो, यद्यपि यसअघि उन्नाइसौं शताब्दीमा रेडक्रसको स्थापना भएपछि एउटा स्थायी फौजदारी अदालत स्थापना गर्नुपर्ने सोच उत्पन्न भएको थियो। दोस्रो विश्वयुद्धपछि विश्वयुद्धका वेला भएका युद्ध अपराधहरुको छानविन गर्न स्थापना भएका न्युरेम्बर्ग र टोकियो अदालतलाई आधार मान्दै सन् १९४८ मा संयुक्त राष्ट्रसंघको साधारण सभाले आमहत्या अपराधको निरुपण र सजायसम्बन्धी महासन्धि अनुमोदन गऱ्यो। र, अन्तर्राष्ट्रिय कानून आयोग (आइएलसी) लाई आइसीसी स्थापनाको सम्भाव्यता अध्ययन गर्ने जिम्मेवारी प्रदान गरियो। आइएलसीले आइसीसीका लागि प्रारम्भिक मस्यौदा तयार गरे पनि शीतयुद्ध कालमा दुवै पक्षको असहमतिका कारण उक्त प्रयास अगाडि बढ्न सकेन। शितयुद्धको समाप्तीसँगै राष्ट्र संघीय शान्ति स्थापना कार्यमा उल्लेख्य वृद्धि भयो र आइसीसी स्थापनाको अवधारणा पुनः उठ्न थाल्यो।

सन् १९९१-१९९२ मा बोस्निया हर्जगोभिना र क्रोएशियाका युद्धमा भएका आमहत्या र जेनेभा महासन्धिको उल्लंघन तथा १९९३ मा युद्धपछि पूर्व युगोस्लाभियामा स्थापना गरिएको तदर्थ अदालत (ad hoc tribunal) ले एउटा स्थायी अदालतको स्थापना गर्ने विषयलाई बलियो बनायो। सन् १९९४ मा आइएलसीले राष्ट्र संघीय साधारण सभासमक्ष विधानको मस्यौदा पेश गऱ्यो। त्यतिवेला रुवाण्डामा हुटु बहुसंख्यकद्वारा लगभग ३ महिनामा अल्पसंख्यक टुट्सी समूह तथा हुटु समूह विरोधी ५ लाखभन्दा बढी मानिसहरु मारिए। त्यसपछि राष्ट्रसंघीय सुरक्षा परिषदले रुवाण्डामा दोस्रो तदर्थ अदालत स्थापना गऱ्यो। सोही अवधिमा आइएलसीले राष्ट्रसंघीय साधारण सभामा विधानको अन्तिम मस्यौदा पेश गऱ्यो र साधारण सभाले उक्त मस्यौदाको समीक्षाका लागि एक तदर्थ समिति गठन गऱ्यो।

सन् १९९५ मा तदर्थ समितिले एक वैठकको आयोजना गऱ्यो। सोही वर्षको डिसेम्बरमा राष्ट्र संघीय साधारण सभाले विधानलाई अन्तिम रुप प्रदान गर्न मार्च १९९६ देखि शुरु हुनेगरी एउटा तयारी समिति गठन गऱ्यो। र, अन्ततोगत्वा १९९८ को जुलाई १७ मा रोम विधानको पक्षमा अत्यधिक मत जाहेर भयो। सेनेगल यो विधानको अनुमोदन गर्ने पहिलो राष्ट्र वन्न सफल भयो। त्यसैगरी सन् १९९९ मा आइसीसीका लागि कोलिसनले नेदरल्याण्ड्सको हेगवाट रोम विधानको अनुमोदनका लागि विश्वव्यापी अभियानको थालनी गऱ्यो। यसै सन्दर्भमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले सदस्य राष्ट्रहरुलाई जतिसक्दो छिटो रोम विधानको अनुमोदनका लागि आव्हान गर्नुभयो। अहिले आइसीसीको स्थापनार्थ रोम विधान अनुमोदन गर्ने ६० वटा राष्ट्र पुऱ्याउनका

केही तथ्यहरु

- ५६०० वर्ष पुरानो मानव इतिहासमा १४,५०० वटा घातक युद्धहरु भए।
- ३४०० वर्ष पुरानो सामाजिक इतिहासमा २८६ वर्ष मात्र शान्तिपूर्ण बिते।
- विगत ५६ वर्षमा १७५ वटा युद्धहरु भए।
- १९९४ मा मात्र संसारका विभिन्न २७ स्थानमा ३४ वटा युद्धहरु भए।
- १९४५ देखि १९८९ बीचमा मात्र २ करोड १८ लाख मान्छेहरु यस्ता युद्धका कारण मारिए।

स्रोत : मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरुका लागि तयार पारिएको अध्ययन सामग्री तथा निर्देशिका, २००१, इन्सेक

लागि अन्तर्राष्ट्रिय अभियान जारी छ।

रोम विधानको वर्तमान अवस्था र एसिया

रोम विधानको ३ वर्षे अवधिमा यसलाई हालसम्म १ सय ३९ वटा राष्ट्रले हस्ताक्षर तथा ३९ वटा राष्ट्रहरुले अनुमोदन गरिसकेका छन्। नाइजेरिया यही सेप्टेम्वर २७ मा विधान अनुमोदन गर्ने अहिलेसम्मको पहिलो राष्ट्र हो। यसलाई आगामी वर्षसम्म कार्यान्वयनको लागि आवश्यक पर्ने ६० वटा देशहरुले अनुमोदन गरिसक्ने आशा लिइएको छ। तर, दुःख लाग्दो कुरा- एसियाका एकदमै कम राष्ट्रहरुले यस विधानको अनुमोदन र हस्ताक्षर गरेका छन्। एसिया प्रशान्त क्षेत्रका चारवटा मात्र राष्ट्र- फिजी, न्युजीलयाण्ड, मार्सल आइल्याण्ड र ताजिकिस्तानले यसलाई अनुमोदन गरेका छन् भने सोह्रवटा राष्ट्रले हस्ताक्षर गरेका छन्। दक्षिण एसियाली मुलुकहरुमध्ये वंगलादेशले मात्र यसमा हस्ताक्षर गरेको छ।

रोम विधानको विषयगत वनावट कस्तो छ ?

रोम विधानको भाग एकमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाको सम्वन्धमा स्पष्ट पारिएको छ। भाग दुईमा अदालतको क्षेत्राधिकार र ग्राह्यता, तीनमा फौजदारी कानूनको सिद्धान्त र भाग चारमा अदालतको वनावट र पशासनिक व्यवस्थासम्वन्धमा उल्लेख गरिएको छ। त्यसैगरी भाग पाँचमा अनुसन्धान र मुद्दा चलाउने कार्य, भाग छमा मुद्दा लड्ने कार्य, परीक्षण र भाग सातमा दण्डसम्वन्धी व्यवस्था गरिएको छ। भाग आठले निवेदन र पुनरावलोकनका सम्वन्धमा तथा भाग नौले अन्तर्राष्ट्रिय सहयोग र न्यायिक सहायता सम्वन्धी व्यवस्था गरेका छन्। यसको कार्यान्वयनको सवाल भाग दशमा र विधानका पक्ष राष्ट्रहरुको सभासम्वन्धी व्यवस्था भाग एघारमा गरिएको छ। भाग वाह्रमा अदालतलाई आवश्यक पर्ने आर्थिक पक्षको सम्वन्धमा व्यवस्था गरिएको छ भने अन्त्यमा विवादको समाधान, विधानको संशोधन, मौनता (reservation) को व्यवस्था, विधानको पुनरावलोकन जस्ता कुराहरुसम्वन्धी व्यवस्था उल्लेख गरिएको छ।

आइसीसीको क्षेत्राधिकार

अन्तर्राष्ट्रिय फौजदारी अदालतले व्यक्तिको हकमा समेत अनुसन्धान गर्न, मुद्दा चलाउन तथा दण्ड गर्न सक्दछ। तसर्थ आइसीसीले सत्ता वा शक्तिको भरमा अपराध गर्नेहरुलाई समेत आफ्नो क्षेत्राधिकारभित्र राखेको छ र उनीहरुलाई अभियोग लगाउन र दण्ड दिन सक्ने क्षमता राख्दछ। त्यसैगरी आइसीसी युगोस्लाभिया र रुवाण्डामा स्थापना गरिएका तदर्थ अदालत (ad hoc tribunal) जस्तो अस्थायी नभई नेदरल्याण्ड्सको हेगमा स्थापना गरिने स्थायी अन्तर्राष्ट्रिय अदालत हो। यसवाट विश्वमा हुने युद्ध अपराध, मानवताविरोधी अपराध र आमहत्याका घटनाहरुको तत्काल प्रभावकारी ढंगले छानविन गर्न, दोषीहरुमाथि अभियोग लगाउन, भविष्यमा त्यस्ता कार्य नदोहोरिउन् भन्ने उद्देश्यले सामञ्जस्यता कायम गर्न सजिलो हुनेछ। आइसीसी राष्ट्रिय अदालतहरुको कार्यक्षेत्रभन्दा पृथक अन्तर्राष्ट्रिय क्षेत्राधिकार भएको अदालत हो, जसद्वारा राष्ट्रिय अदालतवाट उम्किएका युद्ध अपराध, मानवताविरोधी अपराध र आमहत्याका दोषी तानाशाह र अन्य अपराधीहरुलाई न्यायको कठघरामा उभ्याउन सकिनेछ। आइसीसीसमक्ष व्यक्ति तथा गैरसरकारी संस्थाहरुले समेत उजुरी दिन सक्नेछन्। आइसीसीको स्थापना भई त्यसले निष्पक्ष र प्रभावकारी ढंगले कार्य संचालन गर्न सक्षम भएमा हाल विश्वव्यापी रुपमा विद्यमान दण्डहीनताको स्थितिलाई अन्त्य गरी दोषीहरुमाथि कानूनी कारवाही गर्न सकिनेछ। हाम्रो देशकै सन्दर्भमा कुरा गर्ने हो भने पंचायती व्यवस्थामा गरिएका मानव अधिकारविरोधी जघन्य अपराधहरु तथा ०४६ साल र त्यसपछि भएका हत्या, वेपत्ता जस्ता घटनाहरु एवं यस क्रममा मल्लिक आयोग तथा अन्य आयोगहरुले तोकेका दोषीहरुलाई राष्ट्रिय न्यायिक निकायहरुले कुनै दण्ड दिन नसकेको अवस्थामा आइसीसीसमक्ष खडा गर्न पहल गर्नु पर्दछ।

एसिया क्षेत्रीय वैठक

आइसीसीको स्थापना गर्ने विश्वव्यापी अभियानकै सन्दर्भमा यही सेप्टेम्वर ११-१२ सम्म थाइल्याण्डको वैंककमा आइसीसीका सम्वन्धमा एसियाका विशेषज्ञहरुको वैठक सम्पन्न भयो। १४ देशका ३० भन्दा वढीको उपस्थिति रहेको उक्त वैठकमा आइसीसीका लागि कोलिसनका कन्भेनर विलियम पेसले आइसीसी प्रकृयाको विकासक्रम र विश्वव्यापी अभियानका चुनौतीहरुको वारेमा मन्तव्य व्यक्त गर्नुभएको थियो। उहाँले आइसीसीको गठनका लागि अहिले यसलाई अनुमोदन गर्ने राष्ट्रहरुको संख्या कम्तिमा पनि ६० पुऱ्याउनु पर्ने कुरामा जोड दिनुभएको थियो। उहाँले एसियामा यति धेरै राष्ट्रहरु भए पनि यसको हस्ताक्षर र अनुमोदनमा एकदमै कम राष्ट्रहरु मात्र संलग्न हुनु दुःख लाग्दो कुरा भएको वताउनुभएको थियो। त्यसैगरी न्युरेम्वर्ग र टोकियोदेखि रुवाण्डा र युगोस्लाभियामा खडा गरिएका अदालतहरुवाट प्राप्त शिक्षा र चुनौतीहरुको वारेमा वैंककस्थित चुलालोंकन विश्वविद्यालयका प्राध्यापक विभित मन्तार्भोर्नले प्रकाश पार्नु भएको थियो। हङकङ विश्वविद्यालय कानून स्नातकोत्तर कार्यक्रमका निर्देशक डा. ल्याल संगाले रोम विधान र आइसीसी संचालनका मुख्य सिद्धान्तहरुको वारेमा चर्चा गर्नुभएको थियो।

वैठकमा एसिया क्षेत्रमा दण्डहीनताको स्थिति र यसको अन्त्यका लागि भैरहेका प्रयासहरुको वारेमा उपक्षेत्रीय समूहगत प्रस्तुति तथा छलफल गरिएको थियो। यसका लागि यस क्षेत्रमा आइसीसी स्थापनाको अभियानका लागि भैरहेका प्रयासहरु, चुनौतीहरु र आगामी दिनमा गर्नुपर्ने कार्यहरुका सम्वन्धमा व्यापक छलफल भएको थियो।

चुनौतीहरु

आइसीसी स्थापना गर्नका लागि रोम विधानलाई अनुमोदन गर्ने कार्यमा अहिले विश्वका ठूला र शक्तिशाली राष्ट्रहरुले अस्वीकार गरिरहेका छन्। अमेरिका, चीन जस्ता राष्ट्रहरु यसको विपक्षमा देखिएका छन्। यद्यपि अमेरिकाले संस्थापक दर्जा लिन आइसीसीमा हस्ताक्षर गर्ने अन्तिम समय अर्थात् २००० को डिसेम्वर अन्त्यमा हस्ताक्षर गर्न पुगेको थियो। आइसीसी स्थापनाका लागि देखिएका चुनौतीहरुको समग्रमा विश्लेषण गर्ने हो भने राजनीतिक इच्छाशक्तिको कमी, राष्ट्रिय न्याय प्रशासनमा विद्यमान समस्याहरु, आइसीसीको वारेमा सरकार र जनता दुवै तहमा रहेको अज्ञानता, आइसीसी स्थापनाको अभियानमा आवश्यक प्रयासहरुको कमी र सामाजिक, राजनीतिक तथा साँस्कृतिक अवस्था नै अहिलेका प्रमुख चुनौतीहरु हुन्।

हामीले के गर्ने ?

आइसीसीको स्थापनाका लागि अहिले विश्वव्यापी अभियान तीव्र पार्नु जरुरी छ। विश्वव्यापी रुपमा देखिएको दण्डहीनताको स्थिति अन्त्य गर्नका लागि र दोषीहरुलाई उचित दण्ड दिनका लागि आ-आफ्ना सरकारलाई रोम विधानको अनुमोदनका लागि दवाव दिनु आवश्यक छ। मानवअधिकार र सामाजिक संघ, संस्थाहरुले यस कार्यका लागि ठोस र प्रभावकारी कदम चाल्न सक्छन् र त्यसो गर्नु अपरिहार्य छ। यी सवै कार्यका लागि सर्वप्रथम निम्न उद्देश्य किटान गरी तदनुरुपका गतिविधि संचालन गर्नुपर्नेतर्फ एसिया क्षेत्रीय वैठकले दिशा निर्देश गरेको छ। राजनीतिक इच्छाशक्तिको सिर्जना, न्यायिक र पारदर्शी संयन्त्रको विकास, सरकार र आम जनताको तहमा सचेतनताको सिर्जना र आइसीसी स्थापनाको अभियान संचालनका लागि नागरिक समाजको राष्ट्रिय नेटवर्क स्थापना जस्ता कार्यलाई प्राथमिक उद्देश्यका रुपमा लिई तदनुरुपका कार्यहरु गर्नुपर्ने आवश्यकता वैठकले औंल्याएको छ। यी उद्देश्य पूरा गर्नका लागि सरकार र विशेष गरी विधायकहरुको तहमा लविङ गर्ने, यस सम्वन्धी सचेतनता अभियान संचालन गर्ने, आन्तरिक कानूनी प्रशासनको मूल्यांकन गर्दै आइसीसी स्थापनाको अवस्थामा पर्ने सवैखाले असरहरुको विश्लेषण गर्ने, नागरिक समाज र सरकारवीच समन्वय कायम गरी रोम विधान र आइसीसीको वारेमा क्षमता अभिवृद्धि हुने खालका कार्यक्रमहरु संचालन गर्ने जस्ता क्रियाकलापहरु गर्नु आवश्यक छ।

सन्दर्भ सामग्रीहरु :

१. *रोम स्ट्याच्युट अफ द इन्टरनेशनल क्रिमिनल कोर्ट*, फोरम-एशीया, २०००
२. *प्राइमर अन द इन्टरनेशनल क्रिमिनल कोर्ट*, फोरम-एशीया, २०००
३. कोलिसन फर एन इन्टरनेशनल क्रिमिनल कोर्ट (सीआइसीसी), एमनेष्टी इन्टरनेशनल तथा ह्युमन राइट्स वाचका वुलेटिनहरु
४. *आइसीसी : एन इनिसिएटिभ फर द प्रोटेक्सन अफ ह्युमन राइट्स*, इन्टर्नसीप पेपर, २०००, एलएलवी, नेपाल ल क्याम्पस, काठमाण्डौ
५. *मानवअधिकार वर्ष पुस्तक २००१*, इन्सेक

का. जि. का. द. नं. २१/४९/५०

समानताका लागि राज्यसत्ताका सम्पूर्ण अंगको प्रजातान्त्रिकरण

सामाजिक न्यायका लागि पिछडिएका वर्गलाई आरक्षण

नेपाल अधिराज्यको संविधान र मानवअधिकारको प्रवर्द्धनका लागि आगामी स्थानीय निकायको निर्वाचनमा पाँच विकास क्षेत्रका कमसेकम पाँच नगरपालिका र पच्चीस गाविसका सम्पूर्ण पदमा महिला उम्मेदवारको चयन गर्न सम्पूर्ण राजनीतिक दल समक्ष हार्दिक अनुरोध गर्दछौं ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

इन्सेक insec

स्युचाटार, कलंकी, काठमाडौं

पोष्ट बक्स २७२६

फोन : २७८७७०

इमेल : insec@wlink.com.np